# सहकारी सुशासन
## बुलेटिन
वर्ष–१, अङ्क–१

नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
समस्याग्रस्त सहकारी व्यवस्थापन समितिको कार्यालय
अनामनगर, काठमाडौं

मानननीय शशी श्रेष्ठ
मन्त्री
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
सिंहदरबार, काठमाडौं ।

नेपाल सरकार
Government of Nepal

Hon. Shashi Shrestha
Minister
Ministry of Land Management, Cooperatives and Poverty Alleviation,
Singhadurbar, Kathmandu

प.सं.:-
च.नं.:-



# शुभकामना

समस्याग्रस्त सहकारी व्यवस्थापन समितिबाट 'सहकारी सुशासन' प्रकाशन गर्न लागेकोमा खुसी व्यक्त गर्न चाहान्छु ।

आर्थिक समृद्धिको एउटा प्रमुख आधार स्तम्भको रुपमा रहेको सहकारी क्षेत्रको समुचित विकासबाट नेपालको संविधानले परिकल्पना गरेको समतामुलक समाजको निर्माण हुन सक्दछ भन्ने कुरामा म विस्वस्त छु । पन्धौं योजना, नेपाल सरकारको नीति तथा कार्यक्रम र वजेटमा समेत उच्च प्राथमिकता दिइएको सहकारी क्षेत्रमा सुशासन कायम गर्न सकिएमा मात्र सहकारी संस्कृतिको विकास भई संविधानले परिकल्पना गरे बमोजिम आर्थिक असमानताको अन्त्य गर्दै शोषण रहित समाजको निर्माण गर्न, अर्थतन्त्रलाई स्वाधिन, आत्मनिर्भर तथा उन्नतिशील बनाउदै समाजवाद उन्मुख स्वतन्त्र र समृद्ध अर्थतन्त्रको विकास गर्ने कार्यले सार्थकता पाउन सक्छ । सहकारी क्षेत्रको विकासवाट आत्मनिर्भर राष्ट्रिय अर्थतन्त्रको निर्माण गरि गरिवी निवारणमा समेत सहयोग पुग्न सक्छ भन्ने मलाई लागेको छ। सहकारी संस्थाहरुमा सुशासन प्रवर्द्धन गर्न, सहकारी संस्थाहरु समुदाय केन्दित बन्ने र सहकारी संस्थाहरू समस्याग्रस्त नहुन सहयोग पुग्ने किसिमका सामग्रीहरु समावेश गरी बुलेटिन प्रकाशन गरेकोमा प्रकाशनमा संलग्न सम्बन्धीत सवैमा हार्दिक धन्यवाद दिन चाहन्छु । सहकारी क्षेत्रका सरोकारवालाहरु सबैका लागि "सहकारी सुशासन वुलेटिन" उपयोगी हुने अपेक्षा राखेको छु । यस बुलेटीनमा प्रकाशित सामाग्रीले सहकारीको सिद्धान्त, मूल्य र मान्यताप्रति अझ बढी प्रतिबद्ध बनाउन र नेपालमा सहकारी आन्दोलनको अझ धेरै प्रवर्द्धन र विकास हुन सकोस भन्ने कामनाका साथ प्रकाशनको निरन्तरताका लागि शुभकामना व्यक्त गर्दछु ।

धन्यवाद !

कार्तिक, २०७९

शशी श्रेष्ठ
मन्त्री
भूमि व्यवस्था सहकारी तथा गरिवी निवारण मन्त्रालय

नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालय

# समस्याग्रस्त सहकारी व्यवस्थापन समितिको कार्यालय

अनामनगर, काठमाण्डौ

पत्र संख्या:-
चलानी नं.:-

## मन्तव्य

नेपालको संविधानले सहकारी क्षेत्रको सहभागिता तथा विकास मार्फत राष्ट्रिय अर्थतन्त्रलाई आत्मनिर्भर वनाउने उद्देश्य राखेको छ । यस उद्देश्य पुरा गर्न सहकारी क्षेत्रको विकासका निम्ति सोही अनुरूपको वलियो कानूनी व्यवस्था, अनुगमन र नियमनको प्रभावकारी व्यवस्था, तहगत समन्वय, चेतनामा विस्तार, सहकारी संस्थाहरूमा लोकतान्त्रिक नियन्त्रण र सुशासनको प्रवर्धन आवश्यक छ । यसैगरी सहकारी संस्थाहरू समस्याग्रस्त हुने अवस्था आउन नदिन सहकारीको मूल्य मान्यता र सिद्धान्तको अक्षरश पालना गर्ने गराउने संस्कृतिको विकास जरूरी छ ।

'एकका लागि सबै र सबैका लागि एक' भन्ने नाराकासाथ समाजमा छरिएर रहेका सानो सानो पुँजी एकीकृत गरी सदस्यहरूको साझा हितको लागि स्थापित सहकारी संस्थाहरूको विकासबाट राष्ट्रिय अर्थतन्त्र सुदृढ गर्ने संवैधानिक आकांक्षा पुरा गर्नको लागि सहकारी संस्थाहरूमा सुशासन आवश्यक छ । वि.सं.२०१३ सालमा बखान बहुउद्देश्यीय सहकारी संस्थाको स्थापनाबाट सुरु भई हाल साना ठूला गरी करिब तीस हजार सहकारी संस्थाहरू संचालनमा रहेकामा प्रचलित कानूनको पालना नगर्ने तथा सहकारीको मूल्य मान्यता र सिद्धान्तको विपरितका काम कारवाही गरेको कारणबाट समस्याग्रस्त हुने गरेको छ ।

नेपालको संविधान र सहकारी ऐनमा भएको व्यवस्था अनुरूप ३ वटै तहगत सरकारका निकायहरूबाट प्रभावकारी रूपमा सहकारी संस्थाहरूको नियमन र अनुगमन गर्नुको साथै ती संस्थाहरूले कानून बमोजिम साधारणसभा, संचालक समितिको बैठक, लेखा सुपरिवेक्षण समितिका कार्यहरू विधिसम्मत र पारदर्शीरूपबाट संचालन गरी आन्तरिक नियन्त्रण प्रणालीको विकासद्वारा सहकारीलाई सहकारीकै रूपमा संचालन गर्न सकिएमा सहकारी संस्थाहरूमा सुशासन कायम भई सर्वसाधारण जनताको विश्वास कायम गर्न सकिन्छ ।

अन्तमा, सहकारी ऐन, २०७४ को दफा १०४ बमोजिम समस्याग्रस्त घोषणा गरिएका सहकारी संस्थाहरूको सम्पत्ति तथा दायित्व भुक्तानी सम्बन्धी कार्य गर्न गठित यस समितिबाट सहकारी संस्थाहरू समस्याग्रस्त हुन नदिन सम्बन्धीत सबैमा सजगताका निम्ति यस 'सहकारी सुशासन वुलेटिन' मा समावेश भएका सामाग्रिहरूले केही सहयोग पुर्याउने अपेक्षा गरिएको छ । यस प्रकाशनमा संलग्न यस समितिका सदस्यहरू तथा सदस्य सचिव सहितका कर्मचारीहरूमा धन्यवाद दिन चाहन्छु। धन्यवाद ।

कार्तिक, २०७९

(काशीराज दाहाल)
अध्यक्ष

# समितिका पदाधिकारीहरू



काशीराज दाहाल
अध्यक्ष



केशवराज आचार्य
सदस्य



डि. बि. बस्नेत
सदस्य



सुशीला थापा थपलिया
सदस्य



ललिता कुमारी महर्जन
सदस्य



तीर्थराज सिल्वाल
सदस्य



केशव प्रसाद पौडेल
सदस्य-सचिव

# विषसूची

## भाग–एक (पृ. १-११४)

**आ.व. २०७८/०७९ को वार्षिक प्रतिवेदन** **३**
पृष्ठभूमि ३
उद्देश्य ३
कार्यक्षेत्र ३
विषय प्रवेश ३
समस्याग्रस्त घोषित सहकारी संस्थाहरुको विवरण ३
समस्याग्रस्त सहकारी संस्थाहरुको प्रगति विवरण ९
सुझाव/सिफारिस ११

## भाग–दुई (पृ. १५-१०१)

**राष्ट्रिय कार्यशाला गोष्ठीको प्रतिवेदन निष्कर्ष, सुझाव र कार्यपत्रहरू** **१५**
क. संविधान, संघीयता र सहकारी
- काशीराज दाहाल २८
ख. सहकारी प्रवर्द्धनमा संघीय मन्त्रालयको भूमिका
- रामप्रसाद थपलिया ३६
ग. सहकारी क्षेत्रको प्रवर्द्धनमा महासंघको भूमिका
- मिनराज कंडेल ३९
घ. संघीयतामा सहकारी नियमन र व्यवस्थापन
- रुद्रप्रसाद पण्डित ४७
ङ समस्याग्रस्त सहकारी र सहकारी क्षेत्रमा सुशासन
- निराजन घिमिरे ५९
च. सहकारी संस्था दर्ता, अभिलेख व्यवस्था र अनुगमन सम्बन्धी व्यवस्थाको कार्यान्वयनमा देखिएका समस्याहरु र समाधान
- नारायण प्रसाद ज्ञवाली ७०
छ. सहकारी क्षेत्रको चुनौती र सम्भावना
- परितोष पौड्याल ७४
ज. सहकारी दर्ता, अभिलेख व्यवस्थापन तथा अनुगमन सम्वन्धी व्यवस्थालाई सदृढ गर्नुपर्ने कार्यहरु
विमला कोइराला ८०

झ. सहभागिहरूको सामुहिक छलफल र निष्कर्ष ८६

ञ. सहकारी संस्थामा सुशासन प्रवर्द्धन र व्यवस्थापन कार्यशाला गोष्ठीको निष्कर्ष
- रघुनाथ महत ९३

**भाग-तीन (पृ. १०२-११७)**

**ऋण असुली तथा भुक्तानी सम्बन्धी प्रशिक्षण कार्यक्रमको प्रतिवेदन १०२**

कार्यक्रममा प्रस्तुत भएका कार्यपत्रहरू १०५

क. सहकारी व्यवस्थापन/नियमनमा मन्त्रालयको भूमिका
- विष्णु पौडेल १०५

ख. सहकारी समस्याग्रस्त हुनुपूर्वको अवस्था तथा समस्याग्रस्त हुने स्थिति
- रुद्रप्रसाद पण्डित १०८

ग. समस्याग्रस्त सहकारीहरुको व्यवस्थापनमा संघ संस्थाहरुको भूमिका
- डी बी बस्नेत, १११

घ. समस्याग्रस्त सहकारी संस्थाको लेना असुली तथा दायित्व भुक्तानी प्रकृया
- शेरजङ्ग रानामगर ११५

**भाग–चार (पृ. ११८-१३९)**

**"संघीयतामा सुशासन प्रवर्द्धन र व्यवस्थापन" विषयक मधेश प्रदेशस्तरीय अन्तरक्रिया कार्यक्रमको प्रतिवेदन ११८**

कार्यक्रममा प्रस्तुत भएका कार्यपत्रहरू १२३

क. मधेश प्रदेशमा वित्तीय सहकारीहरूको अवस्था र प्रदेश सरकारबाट प्रवर्द्धन भएका कार्यहरू
- डा. नम्रता सिंह १२३

ख. सहकारी दर्ता, अभिलेख व्यवस्थापन, अनुगमन तथा समस्याग्रस्त सहकारी संस्था
- रामदयाल प्रसाद यादव, १२६

ग. नेपालमा सहकारी र सहकारी संस्थाहरुलाई समस्याग्रस्त हुन नदिन गर्नुपर्ने उपायहरु
- केशबराज आचार्य १३३

घ. सहकारी संस्थामा सुशासन प्रवर्द्धन सम्बन्धी प्रतिवद्धता पत्र–२०७९ १३८

**भाग–पाँच (पृ.१४०-१४६)**

**विविध १४०**

क. सहकारी संस्था समस्याग्रस्त हुन नदिन पालना गर्नुपर्ने कुराहरु १४०

ख. ऋणिको नाममा प्रकाशित सूचनाहरु १४२

ग. समितिको कार्यालयमा कार्यरत कर्मचारीहरु १४५

घ. अन्तरक्रिया कार्यक्रमका केही झलकहरु १४६

# भाग–१

नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालय
## समस्याग्रस्त सहकारी व्यवस्थापन समितिको कार्यालय
अनामनगर, काठमाण्डौ

पत्र संख्या:-
चलानी नं.:-

माननीय मन्त्रीज्यू,
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय,
सिंहदरबार, काठमाडौं ।

### विषयः आ.व. २०७८/०७९ को वार्षिक प्रतिवेदन ।

सहकारी ऐन, २०७४ को दफा १०४ बमोजिम समस्याग्रस्त घोषणा गरिएका सहकारी संस्थाहरूको सम्पत्ति व्यवस्थापन तथा दायित्व भुक्तानी सम्बन्धी कार्य गर्न गठित सहकारी व्यवस्थापन समितिको आ.व. २०७८/०७९ को वार्षिक प्रतिवेदन माननीय मन्त्रीज्यू समक्ष पेश गर्दछु । यस प्रतिवेदनमा समस्याग्रस्त घोषित सहकारी संस्थाहरूको स्थिति, सम्पत्ति व्यवस्थापन, दायित्व निर्धारण र भूक्तानी प्रगति विवरण, सहकारी संस्थाहरूमा सुशासन प्रवर्द्धनका निम्ति आवश्यक सुझाव/सिफारिसहरू समेत समावेश गरिएको छ ।

यस समितिको तर्फबाट मिति २०७९/०१/२१ मा पेश गरिएको प्रतिवेदन र मिति २०७९/०२/१२-१३ को राष्ट्रिय कार्यशाला गोष्ठीको प्रतिवेदनबाट समेत सहकारी संस्थाहरू समस्याग्रस्त हुनुका कारणहरू माननीय मन्त्रीज्यूमा विदितै छ । सहकारीलाई सहकारीकै रूपमा संचालन नगर्दा र सहकारी सम्बन्धी ऐन कानूनको पालना नहुँदा सहकारी संस्थाहरू समस्याग्रस्त हुन पुगेको अवस्था छ । सुशासनयुक्त सहकारी समाजको विकास बिना समाजवाद उन्मुख राज्य व्यवस्था निर्माण गर्ने संवैधानिक संकल्प पूरा गर्न सकिन्न । यसका निम्ति सहकारी संस्थाहरूमा सहकारी संस्कृतिको विकास आवश्यक छ ।

सहकारी क्षेत्रको विकास मार्फत राष्ट्रिय अर्थतन्त्रलाई आत्मनिर्भर बनाउने संवैधानिक आकांक्षालाई साकार तुल्याउन सहकारीलाई उत्पादन, रोजगारी र गरिबी निवारणमा केन्द्रित गराउनु पर्ने आवश्यकता छ । सहकारी संस्थाहरू बढी विश्वासिलो, भरपर्दो, जनताको आस्था र भरोसाको केन्द्रको रूपमा स्थापित हुन सकेमा नै सहकारी क्षेत्रबाट संविधानले गरेको अपेक्षा पुरा हुन सक्तछ । केही सहकारी संस्थाहरूमा देखिएको गम्भीर प्रकृतिका विकृति र विचलनले सहकारीको मूल्य, मान्यता र सिद्धान्तमा गहिरो प्रहार गरेका कारण यसबाट अन्य सहकारी संस्थाहरू प्रतिको विश्वास डगमगाउन नदिने तर्फ सम्बन्धित सरोकारवालाहरू समयमै सचेत र सजग हुनुपर्ने अवस्था छ ।

नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालय
# समस्याग्रस्त सहकारी व्यवस्थापन समितिको कार्यालय
अनामनगर, काठमाण्डौ

पत्र संख्या:-
चलानी नं.:-

सहकारी संस्थाहरूलाई समस्याग्रस्त हुनबाट जोगाउन सहकारी ऐन/नियमको प्रभावकारी कार्यान्वयनका साथै सहकारी संस्थाहरूमा सुशासन प्रवर्द्धन आवश्यक छ । सहकारी संस्थाहरूमा सुशासन प्रवर्द्धन गर्न कानून बमोजिम साधारणसभा, संचालक समितिको बैठक, लेखा सुपरिवेक्षक समितिको व्यवस्थापन विधिसम्मत, नियमित र पारदर्शी ढंगले संचालन गरी आन्तरिक नियन्त्रण र सन्तुलन प्रणालीको विकास आवश्यक छ । सहकारी संस्थाहरूमा विकृति र विसंगतिको रोकथाम र नियन्त्रणका निम्ति सहकारी संस्था दर्ता प्रक्रियामा नै विशेष ध्यान दिनुपर्ने, समान प्रकृतिका कार्य गर्ने सहकारी संस्थाहरूबीच एकीकरण (मर्जर) गर्ने प्रक्रियालाई प्रोत्साहन गर्ने, सहकारी संस्था संचालन प्रक्रियामा सहकारीलाई सहकारीकै रूपमा संचालन गर्ने, विपन्न वर्गसम्म पुग्ने रणनीतिका साथ संचालन गर्ने, सुशासनको पूर्ण प्रत्याभूति हुने गरी संचालन गर्ने जस्ता आधारभूत सिद्धान्तहरूको पालना गर्न सकेमा नै सहकारी क्षेत्रप्रतिको जनताको विश्वास अभिवृद्धि हुन सक्तछ ।

सहकारी संस्थाहरूलाई समस्याग्रस्त हुनबाट रोक्न मुलुकभर रहेका सहकारी संस्थाहरू मध्ये ८० प्रतिशत स्थानीय तह मातहत, १९ प्रतिशत प्रदेश सरकार मातहत र १ प्रतिशत भन्दा कम संघीय सरकारको मातहतमा रहेको देखिँदा तहगत रूपमा समन्वय गरी सहकारी संस्थाहरूको अनुगमन र निगरानी गर्नका लागि विषयविज्ञ सहितको विशेष संयन्त्र निर्माण गरी नियमित अनुगमन र निगरानी आवश्यक छ । यसरी सहकारी संस्थाहरूको अनुगमन गर्दा जोखिममा संचालन भइरहेका सहकारी संस्थाहरूलाई प्राथमिकतामा राखी अनुगमनको कार्यलाई प्रारम्भ गरी अनुगमन र नियमनको कार्यलाई प्रभावकारी बनाउनु आवश्यक छ । यस सम्बन्धमा यस मन्त्रालय र सहकारी विभागबाट आवश्यक पहल हुनेछ भन्ने विश्वास लिएको छु ।

अन्तमा, यस प्रतिवेदनमा उल्लिखित विभिन्न सुझाव र सिफारिसहरू कार्यान्वयन गर्न मन्त्रालय र सम्बन्धित सरोकारवालाहरूको विशेष सक्रियता रहने छ भन्ने अपेक्षा सहित प्रस्तुत प्रतिवेदन माननीय मन्त्रीज्यू समक्ष पेश गर्दछु ।

.......................
(काशीराज दाहाल)
अध्यक्ष
२०७९ श्रावण ५

# आ.व. २०७८/०७९ को वार्षिक प्रतिवेदन

## पृष्ठभूमि

सहकारीको मूल्य, मान्यता र सिद्धान्त अनुकुल काम गरी गरिबी निवारणमा सहयोग पुऱ्याउँदै राष्ट्रिय अर्थतन्त्रलाई संवृद्ध बनाउने उद्देश्यले सहकारीको विकास भएको हो ।

## उद्देश्य

सहकारी ऐन, २०७४ को दफा १०४ बमोजिमको अवस्थामा नेपाल सरकारले समस्याग्रस्त घोषणा गरी सोही ऐनको दफा १०५ बमोजिम समस्याग्रस्त सहकारी संघ तथा संस्थाहरूको सम्पत्ति व्यवस्थापन तथा दायित्व भुक्तानी सम्बन्धी कार्य गर्ने व्यवस्था गरेको छ ।

## कार्यक्षेत्र

सहकारी ऐन, २०७४ को दफा १०४ बमोजिम नेपाल सरकारले समस्याग्रस्त घोषणा गरी सहकारी व्यवस्थापन समिति समक्ष आएका सहकारी संस्थाहरूको समस्या समाधान गर्ने कार्य क्षेत्र यस समितिमा रहेको छ ।

## विषय प्रवेश

सहकारी ऐन, २०७४ को दफा १०४ बमोजिम सहकारी संस्था वा संघले ऐन, नियम बमोजिम गर्नु पर्ने कार्य नगरी समस्याग्रस्त भएको निरीक्षण र हिसाब जाँचबाट देखिएको अवस्थामा त्यस्तो सहकारी संस्था वा संघलाई समस्याग्रस्त घोषणा गरी सम्पत्ति व्यवस्थापन तथा दायित्व भुक्तानी सम्बन्धी कार्य गर्न ऐनको दफा १०५ अनुसार व्यवस्थापन समिति गठन गर्ने कानूनी व्यवस्था भए बमोजिम नेपाल सरकारबाट गठन भएको यस व्यवस्थापन समिति समक्ष रहेका समस्याग्रस्त सहकारी संस्थाहरू र त्यस सम्बन्धी काम कारवाहीको स्थिति सहित आ.व. २०७८/७९ को वार्षिक विवरण देहाय बमोजिम प्रस्तुत गरिएको छ ।

## समस्याग्रस्त घोषित सहकारी संस्थाहरुको विवरण

### (१) ओरेण्टल को-अपरेटिभ लिमिटेड

मिति २०७४/०७/२० मा भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयबाट समस्याग्रस्त घोषणा गरिएको ओरेण्टल को-अपरेटिभ लिमिटेडको सम्पत्ति व्यवस्थापन तथा दायित्व भुक्तानी सम्बन्धी आवश्यक काम कारवाही यस व्यवस्थापन समितिबाट भइरहेकोमा सर्वोच्च अदालतको मिति २०७६/११/११ को फैसला (०७४-WO-०३४१, सुधीर बस्नेतविरूद्ध सहकारी विभाग समेत) ले मिति २०७४/७/२० मा यस सहकारी संस्थालाई समस्याग्रस्त घोषणा गरेको निर्णय सुनुवाईको मनासिव मौका नदिई सहकारी ऐन, २०७४ अनुसार पश्चातदर्शी असर दिने गरी मन्त्रालयबाट भएको निर्णय उत्प्रेषणको

आदेशद्वारा बदर हुने र यस व्यवस्थापन समितिले निजको हकमा कुनै काम कारवाही अगाडि नबढाउनु भन्ने आदेश भएकाले यस समितिबाट ओरेण्टल को-अपरेटिभ लिमिटेडको हकमा आवश्यक कारवाही भइरहेको अवस्थामा सर्वोच्च अदालतको आदेशले रोकिएको कारण यस समितिमा रहेका त्यस सम्बन्धी कागजात सहितका प्रतिवेदन मिति २०७७/१०/२९ मा मन्त्रालयमा बुझाएको र ओरेण्टल को-अपरेटिभ लिमिटेडका विरूद्ध यस समिति समक्ष निक्षेपकर्ता व्यक्ति र निकायहरू समेत गरी ७६४६ ले ओरेण्टल को-अपरेटिभ लिमिटेडबाट आफुहरू ठगिएको र दुःखले आर्जन गरेको रकम यस सहकारी संस्थाबाट हिनामिना गरी घर परिवार समेत विचल्लीमा परेको भनी पीडित पक्षहरूले यस समिति समक्ष निवेदन दिएको सन्दर्भमा प्रस्तुत समस्या न्यायोचित रूपमा समाधान गर्नु आवश्यक देखी यस समितिले मिति २०७९/०१/२१ मा सहकारी विभागबाट प्रचलित कानून बमोजिम आवश्यक कारवाही हुन मन्त्रालयमा प्रतिवेदन गरे अनुरूप हाल सहकारी विभागबाट कारवाही भइरहेको अवस्था छ ।

### (२) स्टयाण्डर्ड सेभिङ एण्ड क्रेडिट को-अपरेटिभ लिमिटेड

मिति २०७५/०३/१८ मा भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयबाट समस्याग्रस्त घोषणा भै यस समितिमा सम्पत्ति व्यवस्थापन तथा दायित्व भुक्तानीको लागि प्राप्त हुन आएको ।

- जम्मा ऋणी संख्या-१०१८ रहेको र केही ऋणीले ऋण बुझाई सकेको ।
- ऋणीहरूबाट हालसम्म जम्मा रकम रू.३,३९,४८४/- असूल उपर भएको ।
- यस समितिबाट केही ऋणीको जग्गा रोक्का राखिएको र अन्य ऋणीहरूको सम्पत्ति खोजी गर्ने कार्य भइरहेको ।
- ऋणीहरूलाई ऋण तिर्न आउने पत्राचार भै राष्ट्रियस्तरको पत्रिकामा सार्वजनिक सूचना समेत प्रकाशित गरिएको ।
- संस्थाको दायित्व व्यवस्थापन गर्न संचालक र ऋणीहरूबाट ऋण र वचत रकम असूली गर्न आवश्यक कारवाही भइरहेको ।

### (३) प्यासिफिक सेभिङ एण्ड इन्भेष्टमेण्ट को-अपरेटिभ लिमिटेड

- मिति २०७५/०३/१८ मा भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयबाट समस्याग्रस्त घोषणा भै यस समितिमा सम्पत्ति व्यवस्थापन तथा दायित्व भुक्तानीको लागि प्राप्त हुन आएको ।
- जम्मा ऋणी संख्या-२२६ रहेको र जसमध्ये ७ जना ऋणीले ऋण बुझाई सकेको र बाँकी ऋणी २१९ जना रहेको ।
- ऋणीहरूबाट हालसम्म जम्मा रकम रू. ५,६९,२३०/४७ असूल उपर भएको ।
- अन्य ऋणीहरू, निजहरूको सम्पत्ति खोजी गर्ने र रोक्का राख्ने कार्य भइरहेको ।
- ऋणीहरूलाई ऋण तिर्न आउन राष्ट्रियस्तरको पत्रपत्रिकामा सार्वजनिक सूचना प्रकाशन गरिएको ।

- संस्थाको दायित्व व्यवस्थापन गर्न ऋणीहरू र संचालकबाट असूली गर्न आवश्यक कारवाही भइरहेको ।

## (४) प्रभु वचत तथा ऋण सहकारी संस्था लिमिटेड

- मिति २०७५/०३/१८ मा भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयबाट समस्याग्रस्त घोषणा भै यस समितिमा सम्पत्ति व्यवस्थापन तथा दायित्व भुक्तानीको लागि प्राप्त हुन आएको ।
- ऋणी संख्या जम्मा -८१ रहेको, जसमध्ये २ जना ऋणीले ऋण बुझाई सकेको र बाँकी ऋणी ७९ जना रहेको ।
- ऋणीबाट हालसम्म जम्मा रू. ५,२२,९७२/- रकम असूल उपर भएको ।
- अन्य ऋणीहरूको सम्पत्ति खोजी गरी रोक्का राख्ने कार्य भइरहेको ।
- ऋणीहरूलाई ऋण तिर्न आउन राष्ट्रियस्तरको पत्रपत्रिकामा सार्वजनिक सूचना प्रकाशन गरिएको ।
- संस्थाको दायित्व व्यवस्थापन गर्न ऋणीहरूबाट असूली गर्न आवश्यक कारवाही भइरहेको ।

## (५) कोहिनुर हिल वचत तथा ऋण सहकारी संस्था लिमिटेड

- मिति २०७५/०३/१८ मा मन्त्रालयबाट समस्याग्रस्त घोषणा भै यस समितिमा सम्पत्ति व्यवस्थापन तथा दायित्व भुक्तानीको लागि प्राप्त हुन आएको ।
- यो संस्था ओरेण्टल को-अपरेटिभ लि.सँग सम्बन्धित रहेकोले संस्थाका अध्यक्षलाई समिति समक्ष उपस्थित गराई आवश्यक कारवाही भइरहेको ।

## (६) कन्जुमर वचत तथा ऋण सहकारी संस्था लिमिटेड

- मिति २०७५/०३/१८ मा भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयबाट समस्याग्रस्त घोषणा भै यस समितिमा सम्पत्ति व्यवस्थापन तथा दायित्व भुक्तानीको लागि प्राप्त हुन आएको ।
- यो संस्था ओरेण्टल को-अपरेटिभ लि.सँग सम्बन्धित रहेकोले संस्थाका अध्यक्षलाई समिति समक्ष उपस्थित गराई आवश्यक कारवाही भइरहेको ।

## (७) कुवेर वचत तथा ऋण सहकारी संस्था लिमिटेड

- मिति २०७५/०३/१८ मा भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयबाट समस्याग्रस्त घोषणा भै यस समितिमा सम्पत्ति व्यवस्थापन तथा दायित्व भुक्तानीको लागि प्राप्त हुन आएको ।
- ऋणी संख्या जम्मा -२८२ रहेको जसमध्ये ३ जना ऋणीले ऋण बुझाई सकेको र बाँकी ऋणी २७९ रहेको ।
- ऋणीहरूबाट हालसम्म जम्मा रकम रू.२,१८,८०४/- असूल उपर भएको ।
- यस समितिबाट ९ जना ऋणीको जग्गा रोक्का राखिएको, अन्य ऋणीहरूको सम्पत्ति खोजी गरी रोक्का राख्ने कार्य भइरहेको ।

- ऋणीहरूलाई ऋण तिर्न आउन राष्ट्रियस्तरको पत्रपत्रिकामा सार्वजनिक सूचना प्रकाशन गरिएको ।
- संस्थाको दायित्व व्यवस्थापन गर्न ऋणीहरू र संचालकबाट असूली गर्न आवश्यक कारवाही भइरहेको ।

### (८) चार्टर सेभिङ एण्ड क्रेडिट को-अपरेटिभ लिमिटेड

- मिति २०७५/०३/१८ मा भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयबाट समस्याग्रस्त घोषणा भै यस समितिमा सम्पत्ति व्यवस्थापन तथा दायित्व भुक्तानीको लागि प्राप्त हुन आएको ।
- संचालक तथा ऋणीहरूको चल अचल सम्पत्ति खोजतलास तथा कारवाही प्रकृयामा रहेको ।

### (९) भेगास वचत तथा ऋण सहकारी संस्था लिमिटेड

- मिति २०७५/०३/१८ मा भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयबाट समस्याग्रस्त घोषणा भै यस समितिमा सम्पत्ति व्यवस्थापन तथा दायित्व भुक्तानीको लागि प्राप्त हुन आएको ।
- यो संस्था ओरेण्टल को-अपरेटिभ लि.सँग सम्बन्धित रहेकोले संस्थाका अध्यक्षलाई समिति समक्ष उपस्थित गराई आवश्यक कारवाही भइरहेको ।

### (१०) स्टयाण्डर्ड मल्टिपर्पोज को-अपरेटिभ लिमिटेड

- मिति २०७५/०३/१८ मा भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयबाट समस्याग्रस्त घोषणा भै यस समितिमा सम्पत्ति व्यवस्थापन तथा दायित्व भुक्तानीको लागि प्राप्त हुन आएको ।
- ऋणी संख्याजम्मा -६४ रहेको, जसमध्ये २ जना ऋणीले ऋण बुझाई सकेको, बाँकी ऋणी ६२ जना रहेको ।
- ऋणीहरूबाट हालसम्म असूल भई जम्मा भएको रकम रू. १२,६७,०८४/- साना वचतकर्तालाई भूक्तानीमा प्राथमिकता दिई अन्यलाई दामासाहीले रकम वितरण गरिएको ।
- यस समितिबाट २० जना ऋणीको जग्गा रोक्का राखिएको, अन्य ऋणीहरूको सम्पत्ति खोजी गरी रोक्का राख्ने कार्य भइरहेको ।
- ऋणीहरूलाई ऋण तिर्न आउन राष्ट्रियस्तरको पत्रपत्रिकामा सार्वजनिक सूचना प्रकाशन गरिएको ।
- संस्थाको दायित्व व्यवस्थापन गर्न ऋणीहरू र संचालकबाट असूली गर्न आवश्यक कारवाही भइरहेको ।

### (११) सोसाईटल वचत तथा ऋण सहकारी संस्था

- मिति २०७५/११/१९ मा भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयबाट समस्याग्रस्त घोषणा भै यस समितिमा सम्पत्ति व्यवस्थापन तथा दायित्व भुक्तानीको लागि प्राप्त हुन आएको ।

- ऋणी संख्या-२१, रकम असूली भै आएका ऋणीको संख्या-७, बाँकी ऋणी संख्या-१४, ती मध्ये ४ जनाको जग्गा रोक्का राखिएको, अन्य ऋणीहरूको सम्पत्ती खोजी गरी रोक्का राख्ने कार्य भइरहेको ।
- ऋणीहरूबाट हालसम्म असूल भएको रकम रू.७२,८०,५५५/- मध्ये ५८,२४,६३२।४० रूपैयाँ सम्वन्धित वचत कर्ताहरूलाई फिर्ता गरी रू. १४,५५,९००/- बैंकमा मौज्दात रहेको ।
- यस समितिमा मागदावी कर्ता २४० मध्ये पचास हजार भन्दा कम मागदावी भएका ५४ जना वचत कर्ताहरूको सम्पूर्ण साँवा रकम चुक्ता भएको ।
- पचास हजार भन्दा माथिका मागदावी कर्ता ८४ जनालाई रकम ११% ले रू. ५२,९४,४९१।११ फिर्ता गरिएको ।
- ऋण असूलीलाई तदारूकता दिन तत्कालीन संचालक र कर्मचारीहरूसँग समन्वय गरिएको ।
- भक्तपुर जिल्ला साविक बालकोट हाल सूर्यविनायक नगरपालिकामा रहेको कि.नं. ८५९ को
- ०-३-०-० जग्गाको छानविन भइरहेको ।
- संस्थाको नाउँमा चितवन जिल्ला साविक भण्डारा गा.वि.स. मा रहेको ०-१३-०-० कठ्ठा जग्गा लिलाम गर्न निकालेको सूचना उपर उच्च अदालत पाटनमा मुद्दा विचाराधीन रहेको र सो मुद्दा फैसला भएपछि लिलामीको कारवाही अगाडि बढाइने ।
- वचत मागदावी कर्तामध्ये ३० जनाले मागदावी फिर्ता लिएकोले रू.४,३५८२७६५।२५ हिसाब मिलान गरिएको ।
- वचतकर्ता मागदावी संख्या २४० मध्ये २०७९ आषाढ मसान्तसम्म वचत दावी फिर्ता, वचत दावी रकम चुक्ता समेत गरी फरफारक गर्न बाँकी साँवा रकम दावी कर्ता १०८ जना कायम हुन आएको ।

### (१२) लुःनिभा बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड

- मिति २०७६/४/१२ मा भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयबाट समस्याग्रस्त घोषणा भै यस समितिमा सम्पत्ति व्यवस्थापन तथा दायित्व भुक्तानीको लागि प्राप्त हुन आएको ।
- ऋणी संख्या जम्मा २०६ रहेका, जसमध्ये १५ ऋणीले ऋण बुझाइ सकेको, बाँकी ऋणी १९१ जना रहेको ।
- ऋणीहरूबाट हालसम्म जम्मा रकम रू.१,१५,८९,३४६/७२ असूल उपर भएको ।
- यस समितिबाट संचालक, ऋणी तथा नातेदारहरूको बैंक खाता, जग्गा रोक्का राखिएको, अन्य अचल सम्पत्तिको खोजी कार्य जारी रहेको ।
- यस समितिमा मागदावी पेश गरेका पचास हजार भन्दा कम मागदावी कर्ताहरू ३१ जनाको सम्पूर्ण साँवा वचत रकम रू. ४,७५,२२४।३३ चुक्ता गरिएको ।

- वचतकर्तालाई वचत रकमको १२% का दरले वचत रकम फिर्ता गरिएको ।
- वचतकर्ता मागदावी संख्या २१४ मध्ये २०७९ आषाढ मसान्तसम्म वचत दावी फिर्ता, दावी रकम चुक्ता समेत गरी फरफारक गर्न बाँकी साँवा रकम दावी कर्ता १३८ जना कायम हुन आएको ।
- समस्याग्रस्त घोषित सहकारी संस्थाहरूको २०७९ बैशाख २० गतेसम्मको स्थिति विवरण सहितको प्रतिवेदन तयार गरी मिति २०७९/१/२१ मा भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयका माननीय मन्त्रीज्यू एवं श्रीमान् सचिवज्यू समक्ष पेश गरिएको ।
- यस समितिको तर्फबाट मिति २०७९/०१/२७ र २८ मा भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय, सहकारी विभाग, स्थानीय तहका प्रतिनिधि, सहकारी महासंघ लगायत सहकारीमा आवद्ध अभियानका प्रतिनिधि समेतको सहभागितामा आयोजित ऋण असुली तथा दायित्व भुक्तानी सम्बन्धी दुई दिवसीय तालिम सम्पन्न गरिएको र यस तालिमको माध्यमबाट ऋण असूली तथा दायित्व भुक्तानीमा सहजता आई सहकारी संस्थाहरूमा सुशासन प्रवर्द्धन हुने अपेक्षा गरिएको ।
- समस्याग्रस्त सहकारी व्यवस्थापन समितिको कार्यालय र सहकारी विभागको संयुक्त आयोजनामा सहकारीमा सुशासन प्रवर्द्धन सम्बन्धी दुई दिवसीय राष्ट्रिय कार्यशाला गोष्ठी मिति २०७९/२/१२ र १३ मा सम्पन्न गरी प्राप्त हुन आएका सुझाव तथा निचोड र सहकारी संस्थामा सुशासन प्रवर्द्धन गर्ने सम्बन्धमा सरोकारवालाहरूको सामुहिक प्रतिवद्धतासहितको प्रतिवेदन माननीय मन्त्री शशी श्रेष्ठज्यू एवं श्रीमान् सचिवज्यू समक्ष पेश गरिएको, राष्ट्रिय कार्यशाला गोष्ठीमा प्राप्त भएका सुझाव र निचोडलाई सरोकारवाला निकायहरूले कार्यान्यवन गर्न सकेमा सहकारी संस्थाहरूमा देखिएका विद्यमान समस्यामा सुधार भई सहकारी संस्थाहरूमा समस्याग्रस्तताको स्थिति सृजना नहुने अपेक्षा गरिएको ।
- "सहकारी संस्थाहरूमा सुशासन प्रवर्द्धन" विषयक एक दिवसीय कार्यक्रम मधेश प्रदेशको राजधानी जनकपुरधाममा मिति २०७९/३/२ मा प्रदेश मन्त्रालय, प्रदेश सहकारी विभाग, स्थानीय तहका प्रतिनिधिहरू सहकारी संस्था सम्बद्ध सरोकारवालाहरू समेतको उपस्थितिमा अन्तक्रिया कार्यक्रम सम्पन्न गरिएको,सहकारी संस्थाहरूमा सुशासन प्रवर्द्धन गर्न सहभागीहरूबाट सामूहिक प्रतिवद्धता व्यक्त गरेको प्रतिवद्धतापत्रबाट सहकारी संस्थाहरूमा रहेको विसंगतिहरूमा सुधार हुने अपेक्षा गरिएको ।
- मिति २०७५/३/१८ मा भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयबाट समस्याग्रस्त घोषित भएका विभिन्न सहकारी संस्थाहरूको सहकारी ऐन, २०७४ को दफा ११३ बमोजिम लेखापरीक्षण सम्पन्न गर्न सार्वजनिक सूचना जारी गरी प्रकृया अगाडि बढेको ।
- समस्याग्रस्त सहकारी संस्थाहरूको बरामद गरी ल्याईएका फर्निचर लगायतका जिन्सी समानहरू लिलाम बिक्री गरी प्राप्त रकम बैंक दाखिला गर्ने कार्य सम्पन्न भएको ।

# समस्याग्रस्त सहकारी संस्थाहरुको प्रगति विवरण

| क.सं | सहकारी संस्थाको नाम | घोषित मिति | मागदाबी संख्या | जम्मा दायित्व रकम रु. करोडमा | दायित्त्व मिलान रकम रु. लाखमा | ऋण असुली लगायतबाट जम्मा भएको रकम रु. लाखमा | ऋणीको फाईल संख्या | राफसाफ भएका ऋणीको फाईल संख्या | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| १. | ओरेण्टल को-अपरेटिभ लि. | सहकारी विभागबाट काम कारवाही भइरहेको । | | | | | | | |
| २. | स्टयाण्डर्ड सेभिङ्ग एण्ड क्रेडिट को-अपरेटिभ लि. | २०७५/०३/१८ | १७५ | २१.८४ | - | ३.३९ | १०१८ | २ | |
| ३. | प्यासिफिक सेभिङ्ग एण्ड इन्भेष्टमेण्ट को-अपरेटिभ लि. | २०७५/०३/१८ | ३५८ | ९६.६४ | - | ५.६९ | २२६ | ७ | |
| ४. | प्रभु वचत तथा ऋण सहकारी संस्था लि. | २०७५/०३/१८ | १३८ | २६.७१ | - | ५.२२ | ८१ | - | |
| ५. | कोहिनुर हिल सेभिङ्ग एण्ड क्रेडिट को-अपरेटिभ लि. | २०७५/०३/१८ | ५१ | ४.८२ | - | - | - | - | चल अचल सम्पत्ति खोज तलास कार्य भइरहेको |
| ६. | कञ्जुमर वचत तथा ऋण सहकारी संस्था लि. | २०७५/०३/१८ | ५९ | ८.६७ | - | - | - | - | चल अचल सम्पत्ति खोज तलास कार्य भइरहेको |
| ७. | कुवेर वचत तथा ऋण सहकारी संस्था लि. | २०७५/०३/१८ | १० | १.१३ | - | २.१८ | २८२ | ३ | |
| ८. | चार्टर सेभिङ्ग एण्ड क्रेडिट को-अपरेटिभ लि. | २०७५/०३/१८ | १४ | १.६६ | - | - | - | - | चल अचल सम्पत्ति खोज तलास कार्य भइरहेको |
| ९. | भेगास वचत तथा ऋण सहकारी संस्था लि. | २०७५/०३/१८ | १९ | ३.५४ | - | - | - | - | चल अचल सम्पत्ति खोज तलास कार्य भइरहेको |
| १०. | स्टयाण्डर्ड मल्टिपर्पोज को-अपरेटिभ लि. | २०७५/०३/१८ | १६ | १.४८ | - | १२.६७ | ६४ | २ | |

| क्र.सं | सहकारी संस्थाको नाम | घोषित मिति | मागदाबी संख्या | जम्मा दायित्व रकम रु. करोडमा | दायित्व मिलान रकम रु. लाखमा | ऋण असुली लगायतबाट जम्मा भएको रकम रु. लाखमा | ऋणीको फाईल संख्या | राफसाफ भएका ऋणीको फाईल संख्या | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| ११. | सोसाईटल वचत तथा ऋण सहकारी संस्था लि. | २०७५/११/१९ | (२४०) १०८ | १३.९५ | ४९४.०७ | ७२.८० | २१ | ७ | |
| १२. | लुःनिभा बहुउद्देश्यीय सहकारी संस्था लि. | २०७६/०४/१२ | (२१४) १३८ | ११.७५ | २२०.१९ | ११५.८९ | २०६ | १५ | |
| जम्मा | | | | १९२.१९ | ७१४.२६ | २१७.६९ | | | |

## २०७९ आषाढ मसान्तसम्मको प्रगति विवरण

"रकम रु. करोडमा"

| क्र.सं. | सहकारी संस्थाको नाम | वचत रकम मागदाबी कर्ताको संख्या | वचत मागदाबी रकम | असुली रकम | वचत मागदाबी फिर्ता रकम | वचत मागदाबी मिलान भएका संख्या | बाँकी मागदाबी कर्ताहरुको संख्या | बाँकी मागदाबी रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | सोसाइटल वचत तथा ऋण सहकारी संस्था लि. | २४० | १३.९५ | ०.७२ | २.६४ | १३२ | १०८ | १०.५९ | |
| २ | लुःनिभा बहुउद्देश्यीय सहकारी संस्था लि. | २१४ | ११.७५ | १.१५ | १.०४ | ७६ | १३८ | ९.५६ | |
| ३ | स्ट्याण्डर्ड मल्टिप्रपोज को-अपरेटिभ लि. | १६ | १.४८ | ०.१२ | ० | ५ | ११ | १.३६ | |

नोटः वचत मागदाबी रकममा सावाँ रकम उल्लेख गरिएको ।

- ऋणीहरूलाई ऋण तिर्न आउन पटक-पटक पत्राचार र ताकेता पत्र समेत पठाउँदा उपस्थित नहुनेहरूको सम्बन्धमा राष्ट्रियस्तरका पत्रपत्रिकामा सार्वजनिक सूचना समेत प्रकाशन गरिएको ।
- समितिले आ.व. ०७८/७९ को आषाढ मसान्तसम्म ६५ वटा बैठक सम्पन्न गरेको ।

## रणनीति

- सहकारी ऐन, २०७४ को दफा १०४ बमोजिम सहकारी संस्थाहरू समस्याग्रस्त घोषित भै सोही ऐनको दफा १०५ बमोजिम यस समिति समक्ष प्राप्त हुन आएका सहकारी संस्थाहरूको साना मागदावी कर्ताको माग बमोजिम निजहरूलाई प्राथमिकता दिई भुक्तानी गर्ने रणनीति लिएको ।
- सहकारी संस्थाहरूमा वचत तथा ऋण दुवै रहेका ऋण र वचत हिसाब गरी ऋण असूली तथा दावी फिर्ता मिलानको रणनीति अबलम्बन गरिएको ।
- सहकारी संस्थामा ऋणीहरू र संचालकहरूबीच छलफल गरी दायित्व निर्धारणको कार्यनीति अगाडि बढाइएको ।
- समितिलाई प्राप्त भएका कागजातहरूका आधारमा ऋण शून्य भएको अवस्था देखिन आएमा त्यस्ता ऋणीका फाइललाई राफसाफ गरी दायित्व घटाउने रणनीति अवलम्बन गरिएको ।

## सुझाव/सिफारिस

### (१) सहकारी ऐन, २०७४ को प्रभावकारी कार्यान्वयन

- सहकारी ऐन, २०७४ र सहकारी नियमावली, २०७५ को प्रभावकारी कार्यान्वयन गर्ने गराउने, सहकारी ऐन, २०७४ को व्यवस्थामा कर्जा सूचना केन्द्र, कर्जा सुरक्षण केन्द्र, कर्जा असुली न्यायधीकरण, सहकारी प्रवर्द्धन कोष सम्बन्धी व्यवस्थाहरू लागू गर्ने,
- सहकारी ऐन, २०७४ मा सहकारी व्यवस्थापन समितिको भुमिकालाई अझ प्रभावकारी बनाउन देहाय बमोजिम संशोधन गर्नेः-

**(क) ऐनको दफा १८ मा संशोधन**

ऐनको दफा १८ को उपदफा (१३) पछि देहायको उपदफा (१४) थप गर्नेः-

(१४) यस दफामा जुनसुकै कुरा लेखेको भएतापनि नेपाल सरकारले भौगोलिक क्षेत्र, सम्बन्धित सहकारी संस्था वा संघको पूँजी, कारोवार रकम, सदस्य संख्या जस्ता आधारमा निश्चित मापदण्ड बनाई सहकारी संस्था वा संघको कार्यक्षेत्र तोक्न सक्नेछ ।

**(ख) ऐनको दफा ७५ मा संशोधन**

ऐनको दफा ७५ को उपदफा (२) पछि देहायको २ क थप गर्नेः-

२ क. लेखा परीक्षकले लेखा परीक्षण गर्दा प्रचलित कानून वमोजिम गर्नुपर्ने छ ।

**(ग) ऐनको दफा १०४ मा संशोधन**

- ऐनको दफा १०४ को उपदफा (घ) मा रहेको "औचित्य समेतको आधारमा" भन्ने शब्द पछि "वा संस्था वा संघको बहुमत सदस्यले समस्याग्रस्त घोषित गर्न मन्त्रालयमा माग गरेमा मन्त्रालयले आवश्यक जाँचबुझ गरी" भन्ने वाक्यांश थप्ने ।

**(घ) ऐनको दफा १०५ मा संशोधन**

ऐनको दफा १०५ मा देहायका कुरा संशोधन गर्नेः-

- ऐनको दफा १०५ को उपदफा (२) को खण्ड (घ) को सट्टा देहायको खण्ड (घ) राख्नेः-
- (घ) मान्यता प्राप्त विश्वविद्यालयबाट स्नातक उत्तीर्ण भई सहकारी क्षेत्रमा अध्ययन, अनुसन्धान, संचालन र व्यवस्थापनमा पन्ध्र वर्षको अनुभव प्राप्त गरेको विज्ञहरूमध्ये नेपाल सरकारले मनोनीत गरेका दुई जना
- ऐनको दफा १०५ को उपदफा (७) मा रहेको "बैठक सम्बन्धी कार्यविधि" भन्ने शब्द पछि "र आवश्यकतानुसार अन्य कार्यविधि" भन्ने शब्द थप्ने

**(ङ) ऐनको दफा १०६ मा संशोधन**

- ऐनको दफा १०६ को खण्ड (ड) मा रहेको "संघको तर्फबाट" भन्ने शब्द पछि "मुद्दा वा कानूनी कारवाही र" भन्ने शब्दहरू थप्ने,

**(च) ऐनको दफा ११५ मा संशोधन**

- ऐनको दफा ११५ को उपदफा (१) को खण्ड (क) मा रहेको "समितिको" भन्ने शब्दको पछि "ऋणी" भन्ने शब्द थप्ने

**(छ) ऐनको दफा १५० को सट्टा देहायको १५० राख्ने**

- दफा १५०: **नियमन सम्बन्धी व्यवस्था:-** (१) नेपाल सरकार वा नेपाल सरकारले तोकेको निकाय वा अधिकार प्राप्त अधिकारीले सहकारी संस्था वा संघको नियमन, अनुगमन र सुपरिवेक्षण गर्नेछ ।

  (२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि प्रदेश र स्थानीय कानून वमोजिम दर्ता भई संचालन भएका सहकारी संस्थाको अनुगमन र नियमन नेपाल सरकारले तोकेको शर्त र मापदण्डको अधिनमा प्रदेश र स्थानीय तहले आ-आफ्नो कानून अनुसार गर्ने छ ।

**(ज) ऐनको दफा १४७ पछि देहायको १४७क थप गर्ने**

- १४७ क. **नेपाल सरकारले निर्देशन दिन सक्नेः** (१) नेपाल सरकारले सहकारी संस्था, संघ वा निकायलाई सहकारी क्षेत्रमा सुशासन प्रवर्द्धन गर्न गराउन आवश्यक निर्देशन दिन सक्नेछ ।

  (२) उपदफा (१) वमोजिम नेपाल सरकारले दिएको निर्देशन सम्बन्धित संस्था, संघ वा निकायले पालना गर्नुपर्ने छ ।

## (२) प्रभावकारी नियमन र अनुगमन

- सहकारी संस्थाहरूको मूल्य, मान्यता र सिद्धान्तले स्व-उत्तरदायी, इमान्दारी, पारस्परिक सहयोग जस्ता अवधारणालाई आत्मसात गरी सहकारीमा सुशासन प्रवर्द्धन गर्ने कानूनी जिम्मेवारी हुँदा हुदै पनि सहकारी संस्थाहरूले सहकारीको मूल्य मान्यता र सिद्धान्त विपरीत हुने गरी काम कारवाही गरेको कारण सहकारी संस्थाहरू समस्याग्रस्त हुन गएको र यस सम्बन्धमा अधिकार प्राप्त निकाय र पदाधिकारीबाट नियमित नियमन, अनुगमन, सुपरिवेक्षण र आवश्यक कानूनी कारवाही गरी सहकारी संस्थाहरूलाई कानून बमोजिम संचालन र व्यवस्थापन गर्ने गरी स्वस्थ अभ्यास विकास गर्न मन्त्रालयबाट समेत निर्देशन जारी हुनुपर्ने ।
- सहकारी ऐन, २०७४ को व्यवस्था अनुसार तहगत सरकारका नियकायहरूकाबीच समन्वय र सहकार्य गरी प्रभावकारी रूपमा नियमन र अनुगमन गर्ने, मन्त्रालयबाट ३ वटै तहको सहकारी सम्बन्धी कानूनको अध्ययन गरी आवश्यक्तानुसार कानूनमा संशोधन र परिमार्जन गरी कानूनको प्रभावकारी कार्यान्वयन गर्ने ।

## (घ) सहकारी संस्थाहरुको एकीकरण (मर्जर) प्रक्रियालाई प्रोत्साहन

(क) वित्तीय कारोवार गर्ने सहकारी संघ संस्थाहरूको संख्या एकातर्फ ऐन नियमले परिलक्षित गरेको भन्दा अधिक रहेको कारण अनुगमन र नियमनमा समेत कठिनाई भइरहेको अवस्था छ । स्थानीय तह र प्रदेश तहमा वित्तीय कारोवार गर्ने सहकारी संस्था दर्ता प्रकृया निरन्तर जारी छ । वित्तीय कारोवार गर्ने सहकारी संघसंस्थाको दर्ता प्रकृयालाई दर्ता गर्ने निकायले कठोरता पूर्वक ऐन र नियमावलीको पालना गरी दर्ता प्रकृयालाई नियमन गर्ने ।

(ख) सहकारी संघ संस्थाहरूको अस्वभाविक र अत्याधिक दर्ताका कारण कमजोर व्यवस्थापन, संचालन क्षमताको अभाव तथा कोभिडको मारका कारण धेरै संघ संस्थाहरू धराशायी हुने अवस्था देखिएकोले वित्तीय कारोबार गर्ने संस्थाहरू एक आपसमा एकीकरण गर्ने, यसका निम्ति एकीकरण गर्ने प्रकृयालाई प्रोत्साहन गर्ने ।

(ग) वित्तीय कारोवार गर्ने सहकारी संघ संस्थाहरू तीन तहको सरकारको कार्यक्षेत्र भित्र परेका र सो मध्ये ८० प्रतिशत स्थानीय तहको कार्य क्षेत्रभित्र रहेको कारण स्थानीय तहमा सहकारी हेर्ने जनशक्तिको अभाव, दक्षताको कमी तथा व्यवस्थापकीय निगरानी हुन नसक्दा अनुगमन प्रणाली कमजोर अवस्थामा रहेको देखिन्छ । तसर्थ तत्कालै बढी आर्थिक कारोवार हुने महानगरपालिका, उपमहानगरपालिका र नगरपालिकाहरूमा अनुगमन प्रणालीलाई नियामक निकायहरूको संलग्नतामा संघीय सरकारको सहकारी विभागको अग्रसरतामा जोखिम पहिचान गरी नियमनको व्यवस्था हुनुपर्ने ।

## (४) समस्याग्रस्त घोषणा गर्नु पूर्व सम्पत्ती रोक्का राख्ने

कुनै पनि सहकारी संस्थालाई समस्याग्रस्त घोषणा गर्दा अपनाउनु पर्ने लामो कार्यविधिका कारण समस्याग्रस्त घोषणा पूर्व नै संचालकहरूले आफ्नो र आफ्नतको नामका सम्पत्ति जायजेथा अर्कोको

नाममा नामसारी गर्ने, लुकाई सक्ने जस्ता स्थितिले समस्याग्रस्त घोषणा गर्नु भन्दा पहिलेकै चरणमा नियमनकारी निकायले त्यस्ता सहकारी संस्थाका संचालक र आफन्त र ऋणीहरूको चल अचल सम्पत्ति र खाता रोक्का गर्ने व्यवस्था हुनुपर्ने ।

## (५) भौतिक पूर्वाधारमा सुधार

- सहकारी व्यवस्थापन समिति विगत केही समय देखि अनामनगर काठमाडौँमा भाडाको घरमा रही संचालनमा आएको, समितिको कार्यालय साँघुरो भई कामकाज समेत संचालन गर्न असहज समेत भएको र समितिको कार्यालय संचालनका निमित्त कार्यको चापलाई समेत मध्यनजर गरी उपयुक्त स्थानमा भवन सहितको आवश्यक पूर्वाधारको व्यवस्था हुनुपर्ने,
- समितिको कार्यालयमा प्राप्त भएका सवारी साधन पुराना भई मर्मत गर्दा समेत चालु अवस्थामा राख्न कठिन भएकाले समस्याग्रस्त सहकारी सम्बद्ध फिल्ड, मूल्यांकन, सामग्री बरामद गरी ल्याउने सन्दर्भमा कठिनाई भई आएको अवस्थालाई दृष्टिगत गरी उपयुक्त सवारी साधन र अन्य आवश्यक ल्यापटप र कम्प्यूटरको व्यवस्थापन हुनुपर्ने ।

## (६) जनशक्ति व्यवस्थापन

सहकारी व्यवस्थापन समितिमा हाल सदस्य-सचिव बाहेक अरू अधिकृत कर्मचारी नहुँदा कार्यालय संचालनमा समस्या रहेकोले शाखा अधिकृतको व्यवस्था गरिनु पर्ने र आगामी समयमा यसको कार्य बोझको आधारमा सोही अनुसार समितिको सचिवालयमा थप जनशक्तिको व्यवस्थापन हुनुपर्ने ।

## (७) विविध

- समस्याग्रस्त घोषणा भई समिति समक्ष आएका सहकारी संस्थाहरूको चल अचल सम्पत्ति संचालकहरूले नामसारी गरी लुकाउने, ऋणीहरूले समयमै ऋण नतिरी सहकारीलाई संकटग्रस्तमा पुऱ्याउने स्थिति देखिएकोले वचत तथा ऋण रकमको अनिवार्य बिमाको व्यवस्था गरी वचत तथा ऋणको सुरक्षाको प्रत्याभूति गरिनु पर्ने ।
- सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहभागितामा राष्ट्रिय अर्थतन्त्रलाई सुदृढ तुल्याउन सहकारीका मूल्य, मान्यता र सिद्धान्त अनुरूप सहकारी संघ संस्थाको काम कारवाहीलाई जिम्मेवार, अनुशासित र पारदर्शी एवं विधिसम्मत् तरिकाले संचालन एवं व्यवस्थापन गरी सहकारी संघ संस्थामा सुशासन प्रवर्द्धनको लागि सहकारी विभागबाट जारी भएको २०७९ को ३५ बुँदे एकीकृत निर्देशनलाई कार्यान्वयन गर्न सकेमा सहकारी संस्थाहरू समस्याग्रस्त हुनबाट जोगिने र सहकारीमा सुशासन प्रवर्द्धन हुने भएकोले एकीकृत निर्देशनको प्रभावकारी कार्यान्वयन गर्ने गराउने ।
- २०७९ जेष्ठ १२/१३ मा यस समिति र सहकारी विभागद्बारा आयोजित राष्ट्रिय गोष्ठीको निष्कर्ष प्रतिवेदन यसै प्रतिवेदनसाथ संलग्न छ, कार्यान्वयन गर्न सकेमा सहकारी संस्थाहरूमा सुशासन कायम गर्न सहयोग पुग्ने अपेक्षा गरिएकोले सो प्रतिवेदनका निष्कर्ष र सुझावहरू कार्यान्वयन गर्ने गराउने

श्रावण ५, २०७९

भाग–२

# राष्ट्रिय कार्यशाला गोष्ठीको प्रतिवेदन र कार्यपत्रहरू

"सहकारीमा सुशासन प्रवर्द्धन र व्यवस्थापन" विषयक राष्ट्रिय कार्यशाला गोष्ठी

## पृष्ठभूमि

सदस्यहरूको समान अस्तित्व हुने, स्वेच्छिक रूपमा समाजसेवा गर्ने मान्यतामा आधारित खुला सदस्यता, सदस्यहरूमा लोकतान्त्रिक नियन्त्रण, सदस्यहरूको आर्थिक हित, स्वायत्तता, स्वतन्त्रता लगायतका अन्तर्राष्ट्रिय मान्यता र सिद्धान्तहरू रहेको स्वावलम्बन, उत्तरदायित्व, लोकतन्त्र, समानता, समता, एकवद्धता लगायतका अन्तर्राष्ट्रिय मूल्य र मान्यतामा आधारित अभियानकै रूपमा विश्वव्यापी विस्तार भएको उच्च नैतिक मूल्य, मान्यता र इमान्दारितामा संचालित "एकका लागि सबै र सबैका लागि एक" भन्ने मूल नाराका साथ समाजमा रहेका तल्लो तहको न्यून आयस्तर भएका व्यक्तिहरूको आपसी साझा हितका लागि सहयोगी भावनाले स्थापना गरिएका संस्थाहरू नै सहकारी संस्था हुन् ।

समाजमा छरिएर रहेको सानो पुँजी एकीकृत गरी उक्त पुँजीबाट समाजकै उद्देश्य र आवश्यकतामा सहजता होस् भन्ने मनसायले आपसी सहकार्यद्वारा स्वतस्फुर्त रूपमा स्थापना गरिएका संस्थाहरूलाई सहकारी संस्थाको रुपमा लिइन्छ । सहकारी संस्थामा साझा हितको लागि सँगै काम गर्ने उद्देश्यले स्थापना गरिएको स्वेच्छिक संगठनलाई सहकारी भनिन्छ । जसमा प्राय न्यून आयस्तर भएका व्यक्तिहरू संलग्न हुन्छन् । प्रत्येक सदस्यहरू आपसी हितका लागि लोकतान्त्रिक ढंगबाट काम गर्छन् । नाफा तथा जोखिमहरू पनि परस्परमा बाँड्ने गर्छन् ।

## नेपालमा सहकारी

नेपालमा सहकारी आन्दोलनको सुरूवात वि.स. २०१३ अर्थात सन् १९५७ मा चितवनमा स्थापना भएको बखान बहुउद्देश्यीय सहकारी संस्थाको स्थापनालाई पहिलो सहकारी संस्थाको रूपमा लिइन्छ । नेपालमा सबैभन्दा पहिले सहकारी संस्था ऐन, २०१६ जारी भएपछि नेपालमा सहकारीहरूले संस्थागत रूपमा सहकारी संस्थाहरूको स्थापना भएको पाइन्छ । सुरूका वर्षहरूमा खासै विस्तार हुन नसके पनि नेपालमा विश्वव्यापी रूपमा खुला बजार र आर्थिक उदारीकरणको नीति अवलम्बन पश्चात् सन् १९८० को दशकपछि सहकारीहरूको अत्यधिक स्थापना, संचालन र व्यवस्थापन भएको पाइन्छ ।

हाल नेपालमा कारोबारको आधारमा साना ठूला गरी करिब ३०,००० विभिन्न सहकारी संस्थाहरू संचालनमा रहेको देखिन्छ । यसैगरी करिब ७३,००,०००- (त्रिहत्तर लाख) व्यक्तिहरू प्रत्यक्ष रूपमा सहकारीमा संलग्न रहेको अवस्था छ । सन् २०१९/०२० को तथ्याङ्कलाई आधार मान्दा कुल उत्पादन मूल्य (GDP) को करिव ३ प्रतिशत योगदान सहकारी संस्थाहरूको रहेको छ ।

## सहकारी सम्बन्धी संवैधानिक र कानुनी व्यवस्था

नेपालको संविधानको धारा ५० को उपधारा (३) मा "सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहभागिता तथा विकास मार्फत् उपलब्ध साधन स्रोतको अधिकतम परिचालन द्वारा तीव्र आर्थिक वृद्धि हासिल गर्दै दिगो आर्थिक विकास गर्न तथा प्राप्त उपलब्धिहरूको न्यायोचित वितरण गरी आर्थिक असमानताको अन्त्य गर्दै शोषणरहित समाजको निर्माण गर्न, राष्ट्रिय अर्थतन्त्रलाई आत्मनिर्भर, स्वतन्त्र तथा उन्नतशील बनाउँदै समाजवाद उन्मुख स्वतन्त्र समृद्ध अर्थतन्त्रको विकास गर्नु राज्यको आर्थिक उद्देश्य हुनेछ" भन्ने व्यवस्था रहेको छ ।

नेपालको संविधानको धारा ५१ को खण्ड घ (१) मा"सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहभागिता र विकास मार्फत राष्ट्रिय अर्थतन्त्र सुदृढ गर्ने" उद्देश्य रहेको छ । सहकारीलाई संघ, प्रदेश र स्थानीय तहहरूको एकल अधिकार एवं संघ-प्रदेश तथा संघ, प्रदेश र स्थानीय तहको साझा अधिकारको सूचीमा समेत समावेश गरी सहकारी क्षेत्रलाई प्राथमिकतामा राखिएको छ ।

पन्ध्रौ योजना २०७६/०७७-०८०/०८१ समेतले सार्वजनिक, निजी र सहकारी गरी तीन खम्बे नीतिको रूपमा सहकारीलाई आर्थिक तथा समाजिक रूपान्तरणको बलियो खम्बाको रूपमा परिभाषित गरेको हुँदा नेपालमा सहकारीको राष्ट्रिय विकासमा महत्वपूर्ण स्थान रहेको छ ।

सहकारी संस्थाहरूको मूल्य, मान्यता र सिद्धान्त अनुरूप देशका कृषक, कालिगढ, श्रमिक, न्यून आय भएका समूह सिमान्तकृत समुदाय एवं सर्वसाधारणको उपभोक्ता माँझ छरिएर रहेको पूँजी प्रविधि तथा प्रतिभालाई स्वावलम्बन र पारस्परिकताका आधारमा एकीकृत गर्दै सदस्यहरूलाई आर्थिक सामाजिक तथा सांस्कृतिक उन्नयन गर्न, समुदायमा आधारित सदस्य केन्द्रित, लोकतान्त्रिक, स्वायत्त र स्वशासित संगठनको रूपमा सहकारी संस्थाहरूको प्रवर्द्धन नियमन गर्न, सहकारी खेती, उद्योग, वस्तु तथा सेवा व्यवसायका माध्यमबाट आत्मनिर्भर, दिगो एवं समाजवाद उन्मुख राष्ट्रिय अर्थतन्त्रको विकास गर्न सहकारी सम्बन्धी प्रचलित कानूनलाई संशोधन र एकीकरण गर्न सहकारी ऐन, २०७४ जारी भएको र सहकारी संस्थाहरूको संचालन र व्यवस्थापनलाई सहजीकरणको लागि सहकारी नियमावली, २०७५ समेत जारी भै कार्वान्वयनको अवस्थामा छ ।

सहकारी सम्बन्धी कानूनहरूलाई कार्यान्वयन गर्ने भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय मातहतको महत्वपूर्ण निकाय सहकारी विभाग हो । सहकारी सरकारका तीनै तह सघं, प्रदेश र स्थानीय बीचको साझा सूचीको विषय भएकाले सङ्घीय निकायको रूपमा सहकारी विभागले प्रादेशिक र स्थानीय सरकारका सहकारी निकायहरूलाई आवश्यक नियामक, प्रवर्द्धनात्मक, क्षमता विकास र सशक्तीकरण गर्ने क्रममा अग्रणी नेतृत्व दिनुपर्ने भूमिकामा रहेको छ ।

## समस्याग्रस्त सहकारी व्यवस्थापन समिति

सहकारी ऐन, २०७४ को दफा १०४ बमोजिम गरिएको सहकारी संस्थाको निरीक्षण वा हिसाब जाँचबाट कुनै सहकारी संस्था वा संघमा सदस्यहरूको हित विपरीत हुने गरी कुनै कार्य गरेमा, संस्था

वा संघले पुरा गर्नुपर्ने वित्तीय दायित्व पुरा नगरेको वा भुक्तानी गर्नुपर्ने दायित्व भुक्तानी गर्न नसकेको वा भुक्तानी गर्न नसक्ने अवस्था भएको, सदस्यहरूको वचत निर्धारित शर्त बमोजिम फिर्ता गर्न नसकेको, यो ऐन र ऐन अन्तर्गत बनेको नियम तथा विनियम विपरीत हुने गरी संघ वा संस्था सञ्चालन भएको संस्था वा संघ दामासाहीमा पर्नसक्ने अवस्थामा भएको वा उल्लेखनीय रूपमा आर्थिक कठिनाई भोगिरहेको अवस्था देखिएमा रजिष्ट्रारले त्यस्तो संस्था वा संघलाई समस्याग्रस्त संघ वा संस्थाको रूपमा घोषणा गर्न मन्त्रालय समक्ष सिफारिस गर्न सक्ने भन्ने व्यवस्था भएको र त्यस्तो अवस्थामा मन्त्रालयले समस्याग्रस्त घोषणा गर्न सक्ने कानुनी व्यवस्था छ ।

सहकारी ऐन, २०७४ बमोजिम स्थापना, संचालन र व्यवस्थापन भई कारोबार गरिरहेका संस्थाहरूले संचालनका क्रममा विभिन्न असामान्य कारण वा ऋणीहरूले आफ्नो ऋण दायित्व समयमा बहन गर्न नसकेको वा संचालकहरूले सहकारीको सर्वमान्य सिद्धान्तको पालना नगरी संस्थाका सदस्यहरूको हित प्रवर्द्धन गर्नुपर्नेमा संचालकहरूको व्यक्तिगत स्वार्थ एवं अन्य कारणहरूले गर्दा कतिपय सहकारी संस्थाहरू समस्यामा परिरहेका छन् । यसरी सहकारीको मूल्य मान्यता विपरीत संचालन हुन नसकी संस्थाहरूले ऋणिबाट ऋण उठाउन नसक्ने तथा निक्षेपकर्ताहरूबाट संकलन गरिएको रकम समयमा फिर्ता गर्न नसक्ने अवस्थामा कतिपय सहकारीका संचालकहरूले योजनाबद्ध रूपमा नै सहकारी संस्थाहरूलाई समस्याग्रस्त बनाइरहेको हुँदा त्यसरी उत्पन्न भएका परिस्थितिका सम्बन्धमा मन्त्रालयबाट समस्याग्रस्त भनी घोषित गरिएका संस्थाहरूको व्यवस्थापन गर्ने कार्यको लागि सहकारी ऐन, २०७४ को दफा १०५ अनुसार समस्याग्रस्त सहकारी व्यवस्थापन समिति स्थापना गरिएको छ । यस समितिले समस्या समाधान गर्न सोही अनुरूप काम गरिरहेको छ ।

## राष्ट्रिय कार्यशाला गोष्ठी

समस्याग्रस्त भएका सहकारीहरूको ब्यवस्थापन तथा आगामी दिनहरुमा सहकारी संस्थाहरूलाई समस्याग्रस्त हुन नदिन अपनाउनुपर्ने निरोधात्मक तथा उपचारात्मक कार्यक्रम संचालन गर्ने सन्दर्भमा यस समस्याग्रस्त सहकारी व्यवस्थापन समिति र सहकारी विभागको सयुक्त आयोजनामा मिति २०७९/०२/१२ र १३ गते "सहकारी संस्थामा सुशासन, प्रवर्द्धन र ब्यवस्थापन" विषयक दुई दिने राष्ट्रिय कार्यशाला गोष्ठी सम्पन्न भयो ।

## गोष्ठीको उद्देश्य

- नेपालको संविधानमा संघ, प्रदेश र स्थानीय तह गरी तीनै तहको एकल तथा साझा अधिकारको सूचीमा रहेको सहकारी र प्रचलित कानुनद्वारा स्थापित सहकारी संस्थाहरूलाई आगामी दिनमा समस्याग्रस्त हुनबाट जोगाउने ।
- विशेषगरी स्थानीय तहहरूबाट सहकारी संस्थाहरुको अनुगमन मूल्यांकनमा भइरहेका कार्य एवं प्रगतिको जानकारी लिई अनुगमन र मुल्यांकनमा भएका/आएका समस्याहरूको सम्बन्धमा मार्गदर्शन गर्ने ।

## उद्घाटन सत्र

कार्यक्रमको अध्यक्षता समस्याग्रस्त सहकारी व्यवस्थापन समितिका अध्यक्ष श्री काशीराज दाहालले गर्नुभएको थियो भने संघीय सरकारका भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्री माननीय शशी श्रेष्ठज्यूले प्रमुख आतिथ्यता ग्रहण गर्नुभएको थियो ।

कार्यक्रममा भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालयका सचिव, राष्ट्रिय सहकारी महासंघका अध्यक्ष, सहकारी विकास वोर्डका सदस्य-सचिव, एवं सहकारी विभागका रजिष्ट्रारले शुभकामना मन्तब्य राख्नुभएको थियो ।

मन्त्रालयका सहसचिवहरू, भूमि व्यवस्थापन तथा अभिलेख विभागका महानिर्देशक, जिल्ला प्रशासन कार्यालय काभ्रेका प्रमुख जिल्ला अधिकारी, व्यवस्थापन समितिका सदस्यहरू, मन्त्रालय तथा विभागका उच्च अधिकृतहरू माननीय मन्त्रीको निजी एवं स्वकीय सचिवालयका पदाधिकारीहरू, सहकारी विभागका उप-रजिष्ट्रारहरू, प्रदेश मन्त्रालयका सहकारी महाशाखा प्रमुख एवं रजिष्ट्रारहरु एवं विभिन्न स्थानीय तहका सहकारी शाखा हेर्ने शाखा प्रमुखहरू, सहकारी महासंघका तर्फबाट विभिन्न विषयगत महासंघका प्रतिनिधिहरू, नेफ्सकूनका अध्यक्ष एवं प्रमुख कार्यकारी अधिकृत, राष्ट्रिय सहकारी बैकका प्रतिनिधिहरू लगायत भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय, सहकारी विभाग एवं समस्याग्रस्त सहकारी व्यवस्थापन समितिका कर्मचारीहरू समेत गरी करीब १०० जनाको उपस्थिति रहेको थियो ।

प्रमुख अतिथि, भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्री माननीय शशी श्रेष्ठज्यूले कार्यक्रममा मन्तव्य राख्नुहुँदै "सबैको लागि एक र एकको लागि सबै भन्ने दर्शन" मा आधारित सहकारीको माध्यमबाट उत्पादन वृद्धि, रोजगारी सिर्जना र गरिवी निवारण मार्फत् आत्मनिर्भर र स्वाधीन अर्थतन्त्र निर्माणको राष्ट्रिय लक्ष्य हासिल गर्नमा सहकारी अभियानलाई अग्रसर गराउनुपर्ने कुरामा जोड दिनुभयो । सहकारीका मूल्य, मान्यता र सिद्धान्त विपरीत चल्दा ठूला र वचत ऋण सहकारी संस्थामा बढी समस्या देखिएको वर्तमान अवस्थामा सहकारीको प्रभावकारी नियमन र संस्थागत सुशासन अभिवृद्धिमा नियामक निकायहरू र सहकारी अभियानको समेत ध्यानाकर्षण गराउनुभयो । संघीय सहकारी विभागबाट जारी भएको ३५ बुँदे एकीकृत निर्देशनको पालना हुने विश्वास व्यक्त गर्दै सहकारी संस्थालाई समस्याग्रस्त हुनै नदिने गरी काम गर्न र सहकारी अभियानमा अहिले देखिएको मूल समस्याको पहिचान गरी निराकरणका लागि उचित सुझाव तथा मार्गदर्शन गर्न गोष्ठी सफल हुने विश्वास व्यक्त गर्दै कार्यक्रमको सफलताको शुभकामना दिनुभयो ।

यसैगरी कार्यक्रममा माननीय मन्त्रीज्यूले सहकारी क्षेत्रले विश्वको अर्थतन्त्रमा पु-याएको योगदानको चर्चा गर्दै सहकारीसँग सरोकार राख्ने सबै सक्रिय भएर सुशासन प्रवर्द्धन गर्न सदैव प्रयत्नशील रहनुपर्ने कुरामा जोड दिनुभयो । उहाँले पछिल्लो समयमा केही सहकारी संस्थाहरूमा सहकारीको सिद्धान्त, मूल्य मान्यतामा आएको विचलनको कारणले सहकारीहरू समस्याग्रस्त हुँदै जाँदा जनतामा अविश्वास बढदै गएको बारे चिन्ता समेत व्यक्त गर्नुभयो । संस्थागत सुशासनमा समयमै

सबैजनाले आ-आफ्नो स्थानबाट महत्वपूर्ण योगदान गर्नुपर्ने भन्दै समयमै विचार नगर्ने हो भने अर्थतन्त्र राज्यको नियन्त्रण बाहिर जाने हो कि भन्ने शंका गर्नु पर्ने अवस्था रहेको प्रति आफु सचेत रहेको बताउनुभयो । यसैगरी सरकारले सहकारीलाई उच्च प्राथमिकतामा राखेको र वार्षिक नीति तथा कार्यक्रम एवं वार्षिक बजेटमा समेत सहकारीलाई उच्च प्रथमिकता दिएको विषय समेत उल्लेख गर्नुभयो । संवैधानिक, नीतिगत एवं कानूनी रूपमा प्राथमिकतामा रहँदा रहँदै पनि समस्याहरू उत्पन्न हुने अवस्था रहेकोले सहकारी अभियानलाई आगामी दिनमा अरू दरिलो बनाउँदै यसलाई धरासायी बनाउन नहुने तर्फ सबैको ध्यानाकर्षण गराउनुभयो ।

कार्यक्रममा समितिका सदस्य केशवराज आचार्यले उपस्थित सहभागीहरूलाई स्वागत गर्नुहुदै कार्यक्रमको उद्देश्य र कार्यक्रम गर्नुपर्नाको कारण, समस्याग्रस्त सहकारीहरूको स्थिति, समस्या र चुनौतीहरूको बारेमा सहभागीहरूलाई जानकारी गराउनुभयो ।

कार्यक्रममा मन्त्रालयका सचिव श्री रामप्रसाद थपलियाले मन्तव्य राख्नुहुँदै सहकारी सम्बन्धी संवैधानिक व्यवस्था, सहकारी संघ संस्था दर्ता, सहकारी प्रवर्द्धनमा मन्त्रालयको भूमिका लगायत कानूनी र नीतिगत व्यवस्थाका साथै मन्त्रालयबाट भइरहेका काम कारबाहीबारे प्रकाश पार्नुभयो ।

राष्ट्रिय सहकारी महासंघका अध्यक्ष मीनराज कँडेलले मन्तव्यका क्रममा विश्व सहकारी महासंघ एवं नेपालको सहकारी आन्दोलनको बारेमा चर्चा गर्दै सहकारी क्षेत्रको प्रवर्द्धनमा राष्ट्रिय सहकारी महासंघको भूमिकाका बारेमा विचार व्यक्त गर्नुभयो । सो क्रममा उहाँले विश्वका विभिन्न देशहरूले सहकारीको माध्यमबाट गरेको विकास एवं नेपालको सहकारीको आन्दोलन र विश्व सहकारी अभियानको अन्तरसम्बन्धका बारेमा समेत धारणा राख्नुभयो ।

कार्यक्रममा राष्ट्रिय सहकारी विकास बोर्डका सदस्य-सचिब चक्रबहादुर पराजुलीले बोर्डबाट भइरहेका कामबारे जानकारी गराउँदै सहकारीको सुशासन प्रवर्द्धनमा बोर्ड सहकार्य गर्न तत्पर रहेको समेत स्पष्ट पार्नुभयो ।

सहकारी विभागका रजिष्ट्रार रूद्रप्रसाद पण्डितले संघीयतामा सहकारीको नियमन र व्यवस्थापनमा सहकारी विभागबाट भइरहेका काम कारवाहीको बारेमा चर्चा गर्दै सहकारी विभागद्वारा जारी **सहकारी संघ संस्थामा सुशासन प्रवर्द्धनका लागि एकीकृत निर्देशन-२०७९** सोही कार्यक्रममा माननीय मन्त्रीज्यूको उपस्थितिमा सार्वजनिक गर्नुभयो ।

कार्यक्रममा प्रदेश १ भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालयका रजिष्ट्रार हरिबहादुर खत्रीले सहकारी क्षेत्रको अनुभव सुनाउँदै आगामी दिनमा सहकारी संस्थाको सुशासन प्रवर्द्धन र ब्यवस्थापनका सम्बन्धमा चालिनुपर्ने कदमको चर्चा गर्दै सहकारी संस्थाको विषयगत संघमा रहने पदाधिकारी संघमा रहँदा एउटा र संघ बाहिर अर्को बोल्ने प्रवृति रहेको र कतिपय संघ संस्थाले संघीय सरकारको निर्देशन एवं परिपत्रको समेत उल्लंघन गर्ने चरित्र पाइएकोले विषयगत संघमा रहने पदाधिकारीले आगामी दिनमा सो व्यवहारलाई सच्याउनुपर्ने तर्फ ध्यनाकर्षण गराउनुभयो ।

उद्घाटन सत्रको अन्त्यमा अध्यक्षको आसनबाट व्यवस्थापन समितिका अध्यक्ष श्री काशीराज दाहालले सहकारी संस्थालाई समस्याग्रस्त हुनै नदिनेतर्फ चाल्नुपर्ने कदमका सन्दर्भमा यो कार्यक्रम आयोजना गरिएको बताउनुभयो । उहाँले विश्वमा सहकारीको मूल्य मान्यताको अनसरण गरेका सहकारी संस्थाहरू सफल भएका र मूल्य, मान्यता बाहिर गएका सहकारीमा समस्या देखिएको बताउनुभयो । अन्य संघीय प्रणाली अपनाएका देशमा नियमनको अधिकार संघीय सरकारमा राखिएको देखिएकोले सहकारी विभागको नियमन गर्ने क्षमतामा अभिवृद्धि र स्तर उन्नति गरी **"कमिस्सनर प्रणाली"** लागू गनुपर्ने विचार व्यक्त गर्नुभयो । स्वार्थ बाझिनेगरी संचालक नराख्ने, संचालकको निहित स्वार्थमा ऋण नदिनेजस्ता असल अभ्यासलाई विस्तार गर्नुपर्ने बताउनुहुँदै सहकारी सम्वन्धी नीति, कानून र व्यवस्थापनमा सुधार आवश्यक भएको उल्लेख गर्नुभयो । न्यायपूर्ण समाज निर्माणका लागि कानूनमा न्याय, राजनीतिमा नैतिकता तथा व्यक्ति र समाजमा अध्यात्म तत्व हुनुपर्ने र मस्तिष्कमा समझदारी, काँधमा जिम्मेवारी र काममा इमान्दारी भएमा सहकारीमा सुशासन कायम हुने बताउनुभयो । सहकारीलाई नेपालको संविधानले प्राथमिकतामा राखेको, विश्वका अन्य विभिन्न मूलुकहरूमा सहकारीले खेलेको भूमिका एवं सहकारीले राष्ट्र निर्माणमा पु-याएको योगदानको समेत चर्चा गर्नुभयो ।

## कार्यपत्र प्रस्तुती सत्र

१. कार्यक्रमको सुरूवातमा व्यवस्थापन समितिका अध्यक्ष श्री काशीराज दाहालले आफ्नो कार्यपत्र प्रस्तुत गर्दै राज्यको शासकीय व्यवस्था एकात्मक शासन पद्धतिबाट संघात्मक शासन प्रणालीमा गइसकेपछि जनताका इच्छा आकांक्षा र चाहना बदलिएको हुँदा सीमित साधन र स्रोतबाट वढी भन्दा वढी आकांक्षा पूर्ति गर्नु पर्ने हुँदा सरकारी क्षेत्र र अभियानसँग सम्बन्धित सबैले थप जिम्मेवार भएर काम गर्नुपर्ने बेला आएको कुरा व्यक्त गर्नुभयो । सहकारीलाई राज्यले प्राथमिकतामा राखेकोले सहकारीसँग प्रत्यक्ष र अप्रत्यक्ष सम्बन्ध राख्ने सबै पक्षले थप मेहनतका साथ काम गर्नुपर्ने बेला आएको कुरा बताउनुहँदै प्रस्तुतीकै क्रममा संविधान र संघीयता, राज्य शक्तिको बाँडफाँड, संघ, प्रदेश र स्थानीय तहले कानुन बनाउने र कार्यान्वयन गर्ने सन्दर्भमा विचार पुऱ्याउनुपर्ने, संघीयताका सिद्धान्त, साझा आधिकार प्रयोग गर्दा पालना गर्नुपर्ने सिद्धान्त, विभिन्न तहबीच समन्वय र परामर्श गर्नुपर्ने विषय, तहगत समन्वय गर्ने सयन्त्र, संविधान र सहकारी, सहकारीका मूल्य मान्यता र सिद्धान्त तथा समस्याग्रस्त हुनुका मुख्य-मुख्य कारण र सुधारका पक्ष लगायतका विषयमा संवैधानिक र कानूनी रूपमा भएका व्यवस्था स्पष्ट पार्नुभयो ।

२. कार्यक्रममा आफ्नो कार्यपत्र पेश गर्नुहुँदै भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालयका सचिव श्री रामप्रसाद थपलियाले मन्त्रालयको कार्यक्षेत्र, सहकारी सम्बन्धी संवैधानिक व्यवस्था कानूनमा भएका मुख्य-मुख्य विशेषता, सहकारी प्रवर्द्धनमा मन्त्रालयको भूमिका र आगामी दिनमा सहकारी संस्थाको संचालन र व्यवस्थापन तथा अभियानलाई थप उचाइमा पुऱ्याउन गर्नुपर्ने कामका साथै दिगो विकासका लक्ष्य प्राप्त गर्ने सन्दर्भमा एवं आवधिक योजना, वार्षिक नीति

तथा कार्यक्रम एवं आर्थिक नीतिले लिएका उद्देश्य प्राप्त गर्नका लागि मन्त्रालयबाट भएका काम कारवाहीका सम्बन्धमा भएका व्यवस्था र आगामी दिनमा मन्त्रालयले लिने कदमबारे प्रष्ट पार्नुभयो ।

३. राष्ट्रिय सहकारी महासंघको तर्फबाट आफ्नो कार्यपत्र पेश गर्नुहुँदै महासंघका अध्यक्ष श्री मीनराज कंडेलले सहकारी क्षेत्रको प्रवर्द्धनमा महासंघको भूमिका, सहकारीको प्रवर्द्धनमा नीतिगत वातावरण, नेपालमा सहकारी अभियानको संरचना, नेपालमा सहकारी क्षेत्रको योगदान, सहकारी अभियानको प्रवर्द्धनमा राष्ट्रिय सहकारी महासंघ र यसको संचालनका आधार, महासंघको अगुवाइमा भएका उपलब्धि सहकारी अभियानसँग सम्बन्धित मुद्दा तथा आगामी दिनमा सामना गर्नुपर्ने चुनौतीका साथै सहकारी अभियानको अग्रगामी विकासका लागि सरकार र निजी क्षेत्रसँग गर्न सकिने सहकार्यका साझा क्षेत्र एवं नेपालमा सहकारी र यसको अन्तर्राष्ट्रिय सहकारी अभियानसँगको अन्तरसम्बन्धका बारेमा समेत चर्चा गर्नुभयो ।

४. सहकारी विभागका रजिष्ट्रार रूद्रप्रसाद पण्डितले संघीयतामा सहकारी नियमन र व्यवस्थापन विषयक कार्यपत्र प्रस्तुत गर्नुहुँदै संघीयतामा सरकारका तहहरूको अधिकार, सहकारी संस्थाको तथ्यांङ्कगत अवस्था, कोपोमिस प्रणालीको तथ्यगत अवस्था, नियमनका सम्बन्धमा सहकारी विभागको अवस्था र क्षमता, नियमनका लागि देखिएका केही कानूनी जटिलता, प्रदेश/स्थानीय तहबाट हुने नियमन, अनुगमनको स्थलगत अवस्था, प्रदेश र स्थानीय तहबाट कोपोमिस अभिलेखमा देखिएका समस्या, प्रदेश अन्तर्गत ऐन कानुन एवं संस्थागत संरचनाको अवस्था, नगरपालिका अन्तर्गत ऐन कानुनको अवस्था, विभागबाट हुने आगामी कार्यक्रमको बारेमा सहभागीलाई स्पष्ट गर्दै सहकारी विभाग एक्लैले देशभरका सहकारी संस्थाको नियमन गर्ने सम्बन्धमा हालको श्रोत, साधन र क्षमता यथेष्ठ नभएकोले सबैको सहकार्य र सहयोगबाट मात्र उद्देश्य प्राप्त गर्न सकिने हुँदा सरोकारवाला सबैले आ-आफ्नो क्षेत्रबाट सक्रिय योगदान पुऱ्याउनुपर्ने विषय स्पष्ट पार्नुभयो । सो क्रममा उहाँले सहकारी संघ संस्थाले कोपोमिसको प्रभावकारी कार्यान्वयन गर्नुपर्नेमा जोड दिँदै सहकारी संस्थाको दर्ता परिमाणात्मक भन्दा गुणस्तरमा वृद्धि गर्नुपर्ने, पूँजीगत दायित्वका आधारमा नियमनको व्यवस्था गर्ने र समय-समयमा प्रदेश रजिष्ट्रारसँग समन्वय बैठकको सुरुवात समेत गरिएको बताउनुभयो ।

५. कार्यक्रममा भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयका प्रशासन, सहकारी तथा गरिबी निवारण महाशाखा प्रमुख निराजन घिमिरेले सहकारीको नियमन र अनुगमन भिन्न अवधारणा रहेको, सहकारीको मूल्य, मान्यता, सिद्धान्त र कानूनको परिपालनामा जोड दिँदै सहकारी नीतिको पुनरावलोकन गर्ने, सहकारीलाई उत्पादन, रोजगारी र गरिबी निवारणसंग प्रत्यक्ष आबद्ध गराउन मन्त्रालय केन्द्रित रहेको, सहकारी संघ-संस्थाहरू समस्याग्रस्त हुन नदिन प्रभावकारी अनुगमन गर्न र अनुगमनका सूचक स्पष्ट रूपमा तोकिन लागिएको समेत जानकारी दिनुभयो ।

६. कार्यक्रममा नेफ्स्कूनका अध्यक्ष परितोष पौडेलले कार्यपत्रमा वित्तीय सुशासनमा नेफ्स्कूनको भूमिकाको चर्चा गर्दै नेपालको सहकारी क्षेत्रमा रहेका चुनौती र यसको सम्भावनाबारे प्रकाश पार्नुभयो ।

७. कार्यक्रममा वाग्मती प्रदेश, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयका महाशाखा प्रमुख एवं प्रदेश रजिष्ट्रार नारायणप्रसाद ज्ञवालीले प्रदेश मन्त्रालयबाट सहकारी संस्था दर्ता, अभिलेख व्यवस्था, अनुगमन र नियमनका सम्बन्धमा देखिएका समस्याको चर्चा गर्दै सोको समाधानका उपायको सम्बन्धमा सहकारीलाई समुदायमा आधारित बनाउने विशेष रणनीति तयार गर्नुपर्ने, साझा बन्धनको अभाव रहेको र सोको लागि सबै पक्षबाट समन्वय गरिनुपर्ने, नियामक निकायमा दश जनशक्तिको विकास गरिनुपर्ने, संस्था दर्ताका बखतमा नै कार्यक्षेत्रका बारेमा स्पष्ट पारिनुपर्ने र सबै भन्दा सुरूमा वडा वा स्थानीय तहबाट नै पहल गरिनुपर्ने, सूचना प्रविधि मैत्री बनाउनुपर्ने र अनुगमन गर्ने सम्बन्धमा साझा न्यूनतम सूचक समेत निर्धारण गरी नेपाल राष्ट्र बैंक समेतको संयुक्त टोलीबाट अनुगमनको लागि कानूनद्वारा नै मार्गप्रशस्त गर्नुपर्ने र स्थलगत अनुगमन समेत गरिनुपर्ने कुरामा विशेष जोड दिनुभयो ।

८. काठमाडौं महानगरपालिका, सहकारी विभागका उप-निर्देशक बिमला कोइरालाले सहकारी संस्थाको दर्ता, अभिलेख व्यवस्थापन तथा अनुगमन सम्बन्धी व्यवस्थालाई सुदृढ गर्नुपर्ने कार्य सम्बन्धी कार्यपत्र प्रस्तुत गर्दै कानूनी एवं नीतिगत व्यवधानका सम्बन्धमा आइपरेका समस्याको जानकारी गराउँदै व्यावहारिक समस्या समेत केलाउनुभएको थियो ।

कार्यपत्र प्रस्तुति र छलफल चरणको अन्त्यमा कार्यपत्रहरूको निष्कर्ष सहितको सुझाव भूमि व्यवस्था मन्त्रालयका उपसचिव श्री रघुनाथ महतले देहाय बमोजिमको निष्कर्ष प्रस्तुत गर्नु भएको थियो ।

- तीनै तहको सहकारी कानूनको तुलनात्मक अध्ययन गर्न आवश्यक दखिएको ।
- सहकारी ऐनमा समसामयिक संशोधन र राष्ट्रिय सहकारी नीति पुनरावलोकन र परिमार्जन गर्ने ।
- ऐनले व्यवस्था गरेका कोष, संरचना तथा व्यवस्थाको स्थापना र सञ्चालन गर्ने ।
- साझा अधिकार र नियमनको भाव अनुसार तहगत कानूनमा सुधार गर्नुपर्ने ।
- नियमनका लागि कारोवारको सिमा निर्धारण गर्नुपर्ने ।
- सहकारी शिक्षा र प्रवर्द्धनमा सहकारी अभियानले नेतृत्व लिनुपर्ने ।
- नियामक निकायको आवश्यक पुनर्संरचना गर्नुपर्ने ।
- तहगत निकायवीच समन्वय र प्रतिवेदन प्रणालीको विकास गर्नुपर्ने ।
- कोपोमिस प्रणालीलाई सुद्बृढ गरी कार्यान्वयन गर्नुपर्ने ।
- सहकारीलाई उत्पादन, रोजगारी र गरिवी निवारणसँग जोड्नुपर्ने ।
- संघ-संस्थामा लोकतान्त्रिकीकरण र नियमित साधारणसभा, बैठक, लेखापरीक्षण गर्नुपर्ने ।
- सहकारीका मुल्य, मान्यता र सिद्धान्तको प्रवर्द्धन गर्नुपर्ने ।

## समुहगत छलफल र छलफलबाट प्राप्त निष्कर्ष एवं सुझाव

उक्त कार्यक्रममा कार्यसूचीमा उल्लेख भएबमोजिम छलफल र छलफलबाट प्राप्त निष्कर्ष सहितको सुझाव पेश गर्ने कार्यक्रम रहेको थियो । जसअनुरूप सहभागीलाई विभिन्न तीन समूहमा विभाजन गरी समुहगत छलफल पश्चात् निष्कर्ष सहितको सुझाव पेश गर्न लगाइएको थियो ।

छलफलका क्रममा **समूह 'क' लाई "सहकारी संस्थाको व्यवस्थापन र नियमन"** विषयक शीर्षकमा देहायबमोजिमका उपशीर्षक समेतलाई समेट्ने गरी निष्कर्ष र सुझाव पेश गर्न मन्त्रालयका सहसचिव निराजन घिमिरेलाई संयोजक तोकिएको थियो ।

- सहकारी संचालन/व्यवस्थापन र नियमनका कानूनी, प्रकृयागत र व्यावहारिक समस्या,
- सहकारी ऐन, २०७४ को कार्यान्वयनको सारभूत, प्रकृयागत र व्यावहारिक समस्या,
- सहकारी नियमनलाई प्रभावकारी बनाउन अवलम्बन गर्नुपर्ने उपाय,
- सहकारीको विद्यमान समस्या र समाधानका उपाय,
- सहकारीको व्यवस्थापन र नियमनमा गर्नुपर्ने सुधार,

उक्त छलफलमा समूह सदस्यसँगको छलफल, सल्लाह र रायसहित प्राप्त निष्कर्ष र सुझावसहितको प्रस्तुति समूह (क) बाट समूहका सदस्य श्री बद्रीप्रसाद गुरागाईंले गर्नुभएको थियो । उक्त समूहबाट प्राप्त निष्कर्ष र मुख्य-मुख्य सुझावहरू देहायबमोजिम छन् ।

### दर्ता प्रक्रिया व्यवस्थापन सम्बन्धमा

- न्यूनतम पूँजीसम्बन्धी व्यवस्था अनिवार्य गर्ने ।
- पूँजीको स्रोत खुलाउनुपर्ने,
- सहकारी आवश्यकताको मापदण्ड तोक्नपर्नु ।
- संचालक एवं व्यवस्थापकको लागि योग्यता र निश्चित परीक्षा लिनुपर्ने,
- पूर्व सहकारी शिक्षा अनिवार्य लिनुपर्ने,

### नियमन गर्ने निकायको कानूनी एवं अनुगमन संरचना निर्माण गर्ने सम्बन्धमा

- सहकारी विभागलाई स्वायत्त बनाई अनुगमन गर्ने ।
- स्वार्थ बाझिने कार्य विभागबाट अलग गर्ने,
- कर्मचारी विभाग र मातहत मात्र सरूवा गर्ने,
- अनुगमन र नियमनका विषयमा प्रष्ट हुनुपर्ने,
- केन्द्रीय बैंकले वचत तथा ऋण कारोवार गर्ने सहकारीको ऐनमा भएको व्यवस्था अनुसार नियमन गर्ने ।

### अनुगमन निर्देशिका बनाउँदा निम्न बुँदामा ध्यान दिनुपर्ने सुझाव प्राप्त भयो।

- कर्जा प्रवाह, वर्गीकरण तथा कर्जा नोक्सानी सम्बन्धी व्यवस्था गर्ने ।

- **कर्जा वर्गीकरणमा** PEARLS System **मा परिमार्जन आवश्यक रहेको ।**
- एकल ग्राहक तथा क्षेत्रगत कर्जा सापट सुविधा निर्धारण सम्बन्धी व्यवस्था ।
- सहकारी एकीकरण लगायतका विभिन्न २४ वटा सुझाव प्राप्त भएको ।

समूह 'ख' मा "सहकारी क्षेत्रमा सुशासनको प्रवर्द्धन" विषयक शीर्षकमा निम्न बमोजिमका उपशीर्षक समेतलाई समेट्ने गरी निष्कर्ष र सुझाव पेशगर्न मन्त्रालयका सहसचिव पद्मनिधि सोतीलाई जिम्मेवारी दिइएको थियो ।

- सहकारीको स्व-व्यवस्थापन/संचालनको कार्यदिशा, अभ्यास, सिकाई र चाल्नु पर्ने उपाय ।
- सहकारी संघ/संस्थाको दर्ता प्रकृया, संरचनात्मक समन्वयका विधि र प्रकृया ।
- अभिलेख व्यवस्थापनमा अभ्यास, अनुभव, प्रविधिमैत्री सुधार, जवाफदेहिता र जिम्मेवारी ।
- अनुगमन र सुपरिवेक्षणमा हाम्रो अनुभव र अन्तर्राष्ट्रिय अभ्यास ।
- सहकारी सुशासन प्रवर्द्धनमा गर्नुपर्ने सुधार,

समूह 'ख' बाट समूहका सदस्य श्री रमेशप्रसाद पोखरेलबाट छलफलको निष्कर्ष र प्राप्त सुझावहरूमा

- प्रचलित कानूनको प्रभावकारी कार्यान्वयन गर्ने ।
- प्रचलित कानूनमा समसामयिक संशोधन गर्ने ।
- स्वनियमन र अनुगमनलाई प्रभावकारी बनाउने ।
- तीनै तहका सरकारबीचको समन्वयमा नियमन र अनुगमन गर्ने ।
- COPOMIS मा अनिवार्य आवद्धता, रिपोर्टिङ्ग र क्षमता अभिवृद्धि,
- सहकारी संस्था दर्ता एकीकरण मापदण्ड बनाउने,
- कर्जा सूचना केन्द्र, ऋण असुली न्यायाधिकरणको स्थापना र सहकारी विभागको क्षमता अभिवृद्धि गर्ने ।

समूह **"ग" मा "समस्याग्रस्त सहकारीको व्यवस्थापन"** विषयक शीर्षकमा तपशिल बमोजिमका उपशीर्षक समेतलाई समेट्ने गरी निष्कर्ष र सुझाव पेश गर्न समितिका निवर्तमान सदस्य शेरजंग रानामगरलाई संयोजकको जिम्मेवारी दिइएको थियो ।

- सहकारी संचालन व्यवस्थापन स्व-नियमन, क्षमता अभिवृद्धिका लागि अवलम्वन गर्नुपर्ने विधि र प्रक्रिया
- सहकारी संघ/संस्था समस्याग्रस्त हुन नदिन अवलम्बन गर्नुपर्ने उपाय ।
- समस्याग्रस्त सहकारीको व्यवस्थापनमा रहेका कानूनी तथा नीतिगत समस्या र समाधान ।
- समस्याग्रस्त सहकारीको व्यवस्थापनमा गर्नुपर्ने सुधार ।

- सहकारी समस्याग्रस्त हुनबाट जोगाउन नियमित अनुगमनका उपाय ।

समुह (ग) को तर्फबाट समूहका संयोजक शेरजंग रानामगरले देहायबमोजिमको निष्कर्ष र सुझाव पेश गर्नुभयो

- ऋणीको सम्पत्ति रोक्का गर्ने कानूनी व्यवस्था गर्ने ।
- व्यवस्थापन समितिको योग्यता र अनुभवलाई अझ बृहत गर्नुपर्ने ।
- समितिमा विषयगत जानकारी र सीपयुक्त कर्मचारीको व्यवस्थापन गर्नुपर्ने ।
- कार्यालयलाई स्रोत र साधनयुक्त बनाउनुपर्ने ।

### समापन सत्र

सहकारी क्षेत्रको सुशासन प्रवर्द्धन गर्नका लागि प्रविधिमा आधारित नियमन कार्यलाई प्रभावकारी तुल्याउन सहकारी विभागमा रहेको सहकारी र गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (COPOMIS) मा आ-आफ्नो कार्यक्षेत्रमा दर्ता भएका सहकारी संस्थालाई प्रविष्टि गराउने कार्यमा उत्प्रेरकको भूमिका निर्वाह गर्नेछौं भन्ने लगायत ११ बुँदे प्रतिबद्धता पत्र मन्त्रालयका सहसचिव प्रदीपराज अधिकारीले सहभागीमाझ पढेर सुनाउनु भएको थियो । सो प्रतिवद्धता पत्रमा समेत सबै सहभागीले ऐक्यबद्धता जनाउनु भएको थियो ।

कार्यपत्र प्रस्तुति र समूहगत छलफलको चरणपछि २०७९।०२।१३ गते उक्त कार्यक्रमको समापन मन्तव्यका क्रममा समस्याग्रस्त सहकारी व्यवस्थापन समितिका सदस्य-सचिव श्री केशवप्रसाद पौडेलले विभिन्न कार्यक्षेत्रमा रही सहकारी अभियानसँग सम्बन्धित सबैले सक्रियपूर्वक सहभागी भई कार्यक्रमलाई सफल बनाउनु भएकोमा धन्यवाद ज्ञापन गर्नुभयो ।

समापन सत्र समारोहमा समारोहका अध्यक्ष श्री काशीराज दाहालले विभिन्न संघ-संस्था वा निकायमा विभिन्न जिम्मेवारीमा रही सहकारी संस्था वा सहकारी अभियानप्रति प्रत्यक्ष अप्रत्यक्ष रूपमा संलग्न सबै सहभागीको उपस्थितिले नै गोष्ठी सफलतापूर्वक सम्पन्न भएको र आगामी दिनमा समेत सबै जनाले प्रचलित ऐन, कानून, नियम, सिद्धान्त, मूल्य मान्यता अनुसार काम गर्ने विश्वास व्यक्त गर्नुभयो । आ-आफ्नो क्षेत्रबाट पुऱ्याउने योगदानले पूर्णता पाउनुको साथै थप सहकारी समेत समस्याग्रस्त हुन नदिन उच्च मनोबलका साथ काममा अग्रसरता तर्फ प्रेरित गर्दै सबैप्रति हार्दिक धन्यवाद सहित कार्यशाला गोष्ठीबाट प्राप्त निष्कर्ष र सुझाव लागू हुने विश्वासका साथ कार्यक्रमको समापन गर्नुभयो ।

## कार्यशालाको निष्कर्ष एवं सुझाव

### निष्कर्ष एवं सुझाव

सन् १९८० को दशकमा आएको आर्थिक उदारीकरण र निजीकरणको प्रभाव स्वरूप नेपालले पनि खुला बजार नीति प्रवर्द्धन गरेपछि तीव्र रूपमा सहकारीको विकास र विस्तार भएको एवं सरकारको समेत उच्च प्राथमिकता एवं पन्ध्रौ योजनाले सार्वजनिक, निजी र सहकारीको माध्यमबाट

राष्ट्रिय अर्थतन्त्रलाई आत्मनिर्भर बनाउन सहकारीको महत्वपूर्ण निष्कर्ष रही मूलूकमा करीब ३०,००० संख्यामा सहकारी संस्थामध्ये केहीमा समस्या देखिए पनि समयमै सुधार गर्नेतर्फ विभिन्न कदम चाल्नुपर्ने लगायतका सुझाव देहाय बमोजिम रहेका छन् ।

- केही सहकारी संस्थामा देखिएको विकृति जस्तै ऐन, कानून अनुसार काम नभएको समयमै साधारणसभा, लेखा सुपरीवेक्षण समितिले नियमित काम गर्न नसकेकोमा सो व्यवस्थालाई नियमित गराउने ।
- अनुमगन तथा नियामक निकायले सहकारीको वास्तविक अवस्था झल्कने अभिलेख दुरूस्त राख्नुपर्ने, सहकारी संस्थाको दर्ता गर्ने सन्दर्भमा आवश्यकता र औचित्यका आधारमा मात्र दर्ता गर्ने एवं समान प्रकृतिका कार्य गर्ने संस्थाबीच एक अर्कामा गाभ्ने कुरालाई प्रोत्साहन गर्ने ।
- मन्त्रालयको पहलमा तीनै तहका सहकारी कानूनको तुलनात्मक अध्ययन गर्नुपर्ने ।
- सहकारी ऐनको समसामयिक संशोधन र राष्ट्रिय सहकारी नीति पुनरावलोकन र परिमार्जन गर्नुपर्ने ।
- ऐनले गरेका कोष संरचना तथा व्यवस्थाको स्थापना र सञ्चालन प्रभावकारी रूपमा हुनुपर्ने ।
- साझा अधिकार र नियमन सम्बन्धमा संविधानको व्यवस्था तहगत कानूनमा सुधार हुनुपर्ने ।
- नियमनको लागि कारोवारको सीमा निर्धारण हुनुपर्ने ।
- सहकारी शिक्षा र प्रवर्द्धनमा सहकारी अभियानले सक्रिय भूमिका निर्वाह गर्नुपर्ने ।
- नियामक निकायको आवश्यक पुनर्संरचना गर्नुपर्ने ।
- तहगत निकायबीच समन्वय र प्रतिवेदन प्रणालीको विकास गर्नुपर्ने ।
- कोपोमिस प्रणालीलाई सुदृढ गरी कार्यान्वयन गर्ने ।
- सहकारीलाई उत्पादन, रोजगारी र गरिवी निवारण सँग जोड्ने ।
- सहकारी अभियान र नियामक निकायबीच समन्वय र सहकार्य गर्ने ।
- संघ संस्थाहरूमा लोकतान्त्रिकीकरण र नियमित साधारण सभा, बैठक, लेखापरीक्षण नियमित गर्ने, गराउने ।
- सहकारी मूल्य, मान्यता र सिद्धान्तको पालना गरी सहकारीमा सुशासन प्रवर्द्धन गर्ने ।
- संघीयतामा तीनै तहका सरकारबीच सहकार्य र समन्वय हुनुपर्ने ।
- सुशासनका लागि आन्तरिक, बाह्य र व्यक्तिगत तहमा सुशासन कायम गर्नुपर्ने ।
- अभियान र सरकारबीच समन्वय कायम हुनुपर्ने ।
- ब्याजदरको कार्यान्वयनमा कडाई गर्नुपर्ने ।
- सुशासन कायम गर्न राज्यको प्रमुख भूमिका हुने भएकोले नियमनको कार्यलाई प्रभावकारी बनाउने ।

- सहकारी संस्था दर्ताको बखतनै कार्यक्षेत्रमा स्पष्टता र दर्ता प्रक्रियामा बिशेष ध्यान दिनुपर्ने ।
- नियामक निकायमा सुचना प्रविधि र दक्ष जनशक्तिको व्यवस्थापन गर्नुपर्ने ।
- सबै सहकारीले वचत तथा ऋणको कारोवार गर्ने कार्यमा सीमा निर्धारण गर्नुपर्ने ।
- अनुगमनका साझा न्यूनतम सूचक निर्धारण गर्नुपर्ने ।
- सहकारीलाई उत्पादन, रोजगारी र गरिवी निवारणमा केन्द्रित गराउनुपर्ने
- सहकारीलाई Not for Profit, Not for Charity But for Service सिद्धान्तमा लैजाने ।
- नियमनका सम्बन्धमा मापदण्ड, निर्देशिका र कार्यविधि तर्जुमा गरी नियमनलाई प्रभावकारी बनाउने ।
- संघ, प्रदेश र स्थानीय तहका बीच तहगत कार्यक्षेत्रको अस्पष्टता हटाउने ।
- कमजोर धितो मूल्यांकन प्रणालीको अन्त्य गर्ने ।
- अनुत्पादक क्षेत्रमा लगानी नगर्ने र संचालककलाई अधिक लगानी गर्नबाट रोक्ने ।
- सहकारी संस्था दर्ता संख्यामा भन्दा गुणस्तरमा जोड दिनुपर्ने ।
- पूँजीगत दायित्वको आधारमा संघ, प्रदेश र स्थानीय तहको अधिकारलाई स्पष्ट गर्ने ।
- सहकारीमा समस्याग्रस्त हुनै नदिने किसिमबाट सुशासन प्रवर्द्धन गर्न साधारणसभा, संचालक समितिको बैठक, लेखा सुपरिवेक्षण समितिको व्यवस्थापनलाई नियमित र प्रभावकारी बनाउने ।
- सहकारी संस्थामा प्रयोग हुने सफ्टवेयर (Software) को स्तर निर्धारण गर्ने ।
- कुल गार्हस्थ उत्पादनमा सहकारीको योगदानको सूचक विकास गर्ने ।
- सहकारी ऐन, २०७४ र सहकारी नियमावली, २०७५ मा ब्यवस्था गरिएका कर्जा सुचना केन्द्र र ऋण असुली न्यायधिकरणको स्थापना र सञ्चालन गर्नुपर्ने ।
- सहकारी क्षेत्रको रणनीतिक सोचपत्र जारी गर्नुपर्ने ।
- सहकारी प्रवर्द्धन कोषमा जम्मा भएको कोषको रकम बाडँफाँड र वितरण गर्नुपर्ने ।
- पुँजीगत निर्माणका लागि पुँजीगत अनुदान दिने र कार्यसञ्चालनका लागि बीउपूँजी अनुदानको कार्यक्रमलाई निरन्तरता दिने ।
- आयात प्रतिस्थापन गर्ने निर्यातजन्य उत्पादनमा संलग्न सहकारीलाई आवश्यक सेवा र टेवाको निरन्तरता प्रदान गर्ने ।
- सहकारी प्रशिक्षणका कार्यलाई प्रदेशस्तरीय प्रशिक्षालयहरूमा सम्बन्धन स्थापित गरी सामग्री र प्रशिक्षणमा अनुभव आदान प्रदान गर्ने, आदि ।

# कार्यक्रममा प्रस्तुत कार्यपत्रहरू

## क. संविधान, संघीयता र सहकारी

- काशीराज दाहाल
अध्यक्ष, समस्याग्रस्त सहकारी व्यवस्थापन समिति

### १. पृष्ठभूमि

- संविधान राज्यको संरचना र कार्य प्रणालीलाई व्यवस्थित र नियमित गर्ने मूल कानून हो, जसले राज्य संचालनको मार्ग चित्र प्रस्तुत गर्दै राज्य र नागरिकको सम्बन्धलाई स्थापित गर्दछ ।
- विश्वमा विभिन्न स्वरूपका-उदारवादी, समाजवादी, साम्यवादी, परम्परागतवादी जस्ता विभिन्न राजनीतिक विचारधारामा आधारित संविधान अभ्यासमा छन् ।
- राज्यको ढाँचाहरू-एकात्मक, संघात्मक, परिसंघात्मक, क्षेत्रीयात्मक, विशेष स्वायत्तता जस्ता विभिन्न स्वरूप विश्व अभ्यासमा देखिन्छन् ।
- शासकीय स्वरूपमा -संसदीय, अध्यक्षात्मक, मिश्रित जस्ता विभिन्न प्रणाली विश्व अभ्यासमा रहेका छन् ।
- नेपालमा संविधान सभाले २०७२ साल असोज ३ गते जारी गरेको नेपालको संविधानले संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणाली र वहुलवादमा आधारित वहुदलीय प्रतिस्पर्धात्मक संसदीय शासन प्रणालीको माध्यमद्वारा मुलुकमा दिगो शान्ति, सुशासन, विकास र संवृद्धिको आकांक्षा पुरा गर्ने उद्देश्य राखेको छ ।
- संविधानले समतामूलक समाज निर्माण गर्न कानूनी राज्य लगायतका लोकतान्त्रिक मूल्य र मान्यतामा आधारित समाजवादप्रति प्रतिवद्ध रही संवृद्ध राष्ट्र निर्माण गर्ने संकल्प गरेको छ । उदारवादी संविधानका तत्वहरूको अवलम्बन र समाजबादप्रतिको प्रतिवद्धता नेपालको संविधानको मुख्य विशेषता हो ।

### २. संविधान र संघीयता

- राज्य शक्ति तहगत रूपमा विभाजन गरिएको व्यवस्था "संघीयता" हो । संघीयता अपनाउनुको मुख्य उद्देश्य शक्तिको सन्तुलन, प्रशासनिक सुगमता, पहिचान, प्रतिनिधित्व र पहुँचको सुनिश्चिताका साथै राज्य व्यवस्थामा सबैको समान हिस्सेदारीद्वारा राष्ट्रिय एकता कायम गर्नु हो ।
- विश्वमा २८ वटा मुलुकहरूमा संघीय स्वरूपको संवैधानिक प्रणाली अभ्यासमा छ । संघीय स्वरूप सबै मुलुकमा एकै किसिमको पनि छैन । विश्वमा मूलत द्वैध संघीयता, सहयोगात्मक संघीयता, समान अधिकारको संघीयता, असमान अधिकारको संघीयता, गतिशील संघीयता जस्ता विभिन्न स्वरूपका छन् ।

- संघीय मुलुकमा राज्य शक्ति केही मुलुकले दुई तहमा र केहीले तीन तहमा विभाजन गरी तहगत समन्वय र अन्तरसम्बन्धको विशेष व्यवस्था गरेका छन् । अमेरिका, क्यानाडा, जर्मनी, अष्ट्रेलिया, मलेसिया, पाकिस्तान जस्ता मुलुकहरूमा राज्य शक्ति दुई तहमा विभाजन गरेको देखिन्छ भने दक्षिण अफ्रिका, स्वीट्जरल्याण्ड, ब्राजिल, नेपाल जस्ता मुलुकमा तीन तहमा अधिकार विभाजन छ ।
- नेपालको संविधानले राज्य शक्ति ३ तहमा विभाजन गरी तहगत सरकारका अधिकार सूचीहरू संविधानको अनुसूचीमा निर्धारण गरी एकले अर्काको अधिकारमा अतिक्रमण नगर्ने गरी सोही अनुरूपको विषयबस्तुहरू तोकी संघ, प्रदेश र स्थानीय तह वीचको सम्बन्ध सहकारी, सह-अस्तित्व र समन्वयको सिद्धान्तमा आधारित हुने व्यवस्था गरेको छ ।

## ३. संविधान र राज्यशक्तिको बाँडफाँड

- राष्ट्रिय महत्व र अन्तराष्ट्रिय सम्बन्ध लगायतका ३५ वटा विषयहरू र अवशिष्ट अधिकार संघको एकल अधिकार,
- प्रादेशिक महत्व राख्ने प्रदेशको अधिकार भित्रका एकल अधिकारका २१ वटा विषयहरू,
- स्थानीय महत्व र आवश्यकताका २२ वटा विषयहरू स्थानीय तहका एकल अधिकार,
- संघ र प्रदेश वीचको साझा अधिकारका २५ वटा विषयहरू,
- संघ, प्रदेश र स्थानीय तह वीचका साझा अधिकारका १५ वटा विषयहरू,
- संविधानको धारा ५७ र संघ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७ ले एकल अधिकार र साझा अधिकारका सम्बन्धमा कानून बनाउँदा अपनाउनु पर्ने सिद्धान्तहरू देहाय वमोजिम निर्दिष्ट गरेको छः-

### (क) संघको कानून बनाउने अधिकार

- संघको एकल अधिकारको सूचीमा परेको विषयमा कानून बनाउने,
- प्रदेश र स्थानीय तहको एकल अधिकारमा अतिक्रमण नगर्ने,
- दोहोरो नपर्ने गरी कानून बनाउने,
- संघले बनाएको नीति वा मापदण्ड वमोजिम हुने विषयमा कानून बनाउने,
- फौजदारी कसुर कायम गर्ने र सजाय गर्ने विषयको कानून बनाउने,
- न्यायिक निकायको क्षेत्राधिकारको विषयमा कानून बनाउने ।

### (ख) संघले प्रदेश वा स्थानीय तहलाई प्रत्यायोजन गर्न सक्ने विषयहरु

- संघको एकल अधिकारमा वा अवशिष्ट अधिकारको विषयसँग सम्बन्धित कुनै कार्य प्रदेश वा स्थानीय तहलाई कानूनद्वारा प्रत्यायोजन गर्न सक्ने,
- प्रदेश वा स्थानीय तहबाट कार्यान्वयन गर्नु उपयुक्त हुने देखिएका विषयहरू कानूनद्वारा प्रत्यायोजन गर्न सक्ने,

- लागत, दिगोपना वा सेवा प्रवाहको प्रभावकारिताका दृष्टिले प्रदेश वा स्थानीय तहबाट गर्दा उपयुक्त हुने भन्ने विषयहरू कानूनद्वारा प्रत्यायोजन गर्न सक्ने ।

### (ग) एकल अधिकारको कार्यान्वयन

- एक भन्दा बढी तहको एकल अधिकारमा परेको विषयको कार्यान्वयन गर्दा वा कानून बनाउँदा प्रदेशले संघीय कानूनप्रति र स्थानीय तहले संघीय र प्रदेश कानून प्रतिकूल नहुने गरी कार्यान्वयन गर्नुपर्ने ।

### (घ) प्रदेशले कानून बनाउँदा पालना गर्नुपर्ने सिद्धान्तहरु

- संघ वा स्थानीय तहको एकल अधिकारमा अतिक्रमण नगर्ने,
- संघीय कानूनसँग बाझिन नहुने,
- राष्ट्रिय नीति प्रतिकूल हुन नहुने ।

### (ङ) स्थानीय तहले कानून बनाउँदा विचार गर्नुपर्ने सिद्धान्तहरु

- संघ वा प्रदेशको एकल अधिकारमा अतिक्रमण नगर्ने,
- संघीय र प्रदेश कानूनसँग बाझिन नहुने,
- राष्ट्रिय नीति र प्रदेश नीति प्रतिकूल हुन नहुने ।

### (च) साझा अधिकारको कार्यान्वयनका सिद्धान्तहरु

- समान रूपमा लागु हुने गुणस्तर वा मापदण्डको निर्धारण र नियमन संघीय कानून वमोजिम हुने,
- प्रदेश र स्थानीय तहले संघीय कानून अनुकूल हुने गरी कार्यान्वयन गर्नुपर्ने ।

### (छ) समन्वय र परामर्श गर्नुपर्ने विषयहरु

- संघले साझा अधिकारको विषयमा कानून वा नीति बनाउँदा,
- प्रदेश वा स्थानीय तहले समेत पालना वा कार्यान्वयन गर्नुपर्ने विषयमा संघले नीति बनाउँदा,
- संघले अवशिष्ट अधिकारको विषयमा कानून तर्जुमा गर्दा ।

### (ज) तहगत समन्वय गर्ने संयन्त्रहरु

१. राष्ट्रिय समन्वय परिषद

२. विशेष समिति

३. विषयगत समिति

४. प्रदेश समन्वय परिषद

५. जिल्ला समन्वय समिति

## ४. संविधान र सहकारी

- नेपालको संविधानले सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहभागिता तथा विकास मार्फत

राष्ट्रिय अर्थतन्त्रलाई आत्मनिर्भर र समाजवादउन्मुख सम्बृद्ध अर्थतन्त्रको विकास गर्ने राज्यको आर्थिक उद्देश्य हुने कुरा उल्लेख गरेको छ ।

- संविधानले सहकारी क्षेत्रलाई प्रवर्द्धन गर्दै राष्ट्रिय विकासमा अत्याधिक परिचालन गर्ने नीति लिएको छ ।
- संविधानले सहकारीका सम्बन्धमा तहगत सरकारको अधिकारको बाँडफाँड देहाय बमोजिम गरेको छः-

  (क) संविधानको अनुसूची -५ को क्र.सं. २८ मा "सहकारी नियमन" को अधिकार संघको एकल अधिकार,

  (ख) संविधानको अनुसूची -६ को क्र.सं. २ मा "सहकारी संस्था" प्रदेशको एकल अधिकार,

  (ग) संविधानको अनुसूची -८ को क्र.सं. २ मा 'सहकारी संस्था' र क्र.सं. १५ मा 'सहकारी' स्थानीय तहको एकल अधिकार

  (घ) संविधानको अनुसूची -७ को क्र.सं. ७ मा "सहकारी" संघ र प्रदेशको साझा अधिकार

  (ङ) संविधानको अनुसूची -९ को क्र.सं. १ मा "सहकारी" संघ, प्रदेश र स्थानीय तहको साझा अधिकार

- संविधानमा उल्लेखित एकल अधिकार र साझा अधिकार सम्बन्धी'सहकारी' को विषयमा कानून बनाउँदा वा कार्यान्वयन गर्दा संविधान र संघ, प्रदेश र स्थानीय तह (समन्वय र अन्तरसम्बन्ध) ऐन, २०७७ वमोजिम गर्नुपर्ने हुन्छ ।
- संविधानमा उल्लिखित संघको एकल अधिकार भित्र'सहकारीको नियमन'भन्ने रहेको छ । "नियमन" (Regulate) भन्नाले त्यसभित्र के कस्ता विषयहरू पर्दछन भनी अध्ययन गर्दा "Regulate" means to fix, establish, or control, to adjust by rule, method; to direct by rule laws" -Black's Law Dictionary, 1979, p .1156) । अर्थात नियमन भनेको नियमबद्ध पार्नु, व्यवस्थित गर्नु हो ।
- संघले सहकारी नियमनको अधिकार अन्तर्गत सोही अनुरूपको कानूनको तर्जुमा गरी त्यसको प्रभावकारी कार्यान्वयनद्वारा सहकारी क्षेत्रमा सुशासन प्रवर्द्धन गर्नुपर्ने संवैधानिक जिम्मेवारी रहेको छ । साझा अधिकारका विषयमा संघीय कानूनको अधीनमा रही प्रदेश र स्थानीय तहले कानून निर्माण गर्नु पर्दछ ।

## ५. सहकारीको मूल्य मान्यता र सिद्धान्त तथा समस्याग्रस्त हुनका कारणहरु

- A co-operative is an autonomous association of persons united voluntarily to meet their common economic, social and cultural needs and aspirations through a jointly owned and democratically controlled enterprise;- International co-operative Alliance (1895)

- शक्तिविहीन र गरिवका निम्ति सशक्तिकरण गर्ने र जीवनस्तर उकास्ने सहयोगी माध्यम सहकारी हो । विश्वका एक सय भन्दा बढी मुलुकहरूमा झण्डै ८० करोड सदस्य सहकारीको अभियानमा जोडिएका छन् । सदस्यहरूको समान स्वामित्व जोडिएको विषय सहकारी हो ।
- सहकारी आफ्ना सदस्यको हित र फाइदामा केन्द्रित भई 'एक सदस्य एकमत' को सिद्धान्तको आधारमा सदस्य नियन्त्रित व्यवस्था हो ।
- International Co-operative Alliance को सहकारी सम्बन्धी सिद्धान्तहरू, सन २००१ को संयुक्त राष्ट्रसंघीय मार्गदर्शन, अन्तराष्ट्रिय श्रम संगठनको सुझाव नं. १९३ जस्ता अन्तराष्ट्रिय दस्तावेजहरूले सहकारीको सुशासन र प्रवर्द्धनका निम्ति अपनाउनु पर्ने मूल्य मान्यता र सिद्धान्तहरूलाई सहकारीको क्षेत्रमा लागु गर्न गराउन निर्देश गरेको छ ।
- "सहकारी मूल्य" भन्नाले स्वावलम्वन, स्व-उत्तरदायित्व, लोकतन्त्र, समानता, समता, ऐक्यवद्धता, इमान्दारीता, खुलापन, सामाजिक उत्तरदायित्व तथा अरूको हेरचाह लगायतका मान्यताहरू हुन् । यसैगरी "सहकारी सिद्धान्त" भन्नाले स्वैच्छिक तथा खुला सदस्यता, सदस्यहरूद्वारा लोकतान्त्रिक नियन्त्रण, सदस्यको आर्थिक सहभागिता, स्वायत्तता र आत्मनिर्भरता, शिक्षा, तालिम र सूचना, सहकारी सहकारी वीच सहयोग र समुदाय प्रतिको चासो लगायतका सिद्धान्तहरू संझनु पर्ने हुन्छ ।
- सहकारी संस्थाको गठन तथा संचालन गर्दा सहकारीका मूल्य, मान्यता र सिद्धान्तको पालना गर्नु पर्ने छ । यी सिद्धान्तहरूको पालनाबाट नै सहकारी संस्था समस्याग्रस्त हुनबाट जोगाउन सकिन्छ ।

## सहकारी संस्थाहरु समस्याग्रस्त हुनुका मुख्य कारणहरु निम्न देखिन्छन्–

(क) सहकारीको मूल्य मान्यता र सिद्धान्त वमोजिम सहकारी संस्था संचालन नगर्नु,

(ख) सहकारी संस्थाको नियमन र अनुगमन व्यवस्था प्रभावकारी नहुनु,

(ग) सहकारी संस्थाको संचालकहरू गैर जिम्मेवार हुनु, स्वार्थ बाझिने गरी काम गर्नु,

(घ) सहकारी संस्थामा आन्तरिक सुशासनको अभाव हुनु,

(ङ) स्वस्थ प्रतिस्पर्धा र कारोवार गर्ने ज्ञानको कमी हुनु,

(च) व्यावसायिक सिपको अभाव र नयाँ प्रविधिमा पहुँचको समस्या हुनु,

(छ) दक्ष र सक्षम जनशक्तिको अभाव हुनु,

(ज) वित्तीय सहकारी संस्थामा ऋण सुरक्षणको अभाव हुनु,

(झ) ऋण असुल हुन नसक्ने गरी संचालक, निजका परिवार, नातेदार, कर्मचारी र सदस्य ऋणीहरूलाई ऋण दिई रकम हिनामिना गर्ने प्रवृत्ति हुनु,

(ञ) सहकारी ऐन र नियमले निर्दिष्ट गरे वमोजिम साधारण सभा, संचालक समितिको बैठक, लेखा सुपरिवेक्षण समितिको कार्य र लेखा परीक्षण नियमित र प्रभावकारी नहुनु,

(ट) सहकारीको संचालन र व्यवस्थापनमा स्व-नियमन र स्व-नियन्त्रणको सिद्धान्तलाई लागु गर्न नसक्नु,

(ठ) सहकारी संस्थाहरूको दर्ता, संचालन र व्यवस्थापनमा जवाफदेहिता, निष्पक्षता, खुलापन, लोकतान्त्रिक संस्कार, विधिको शासन, आचार संहिताको पालना जस्ता आधारभूत कुराहरूको अभाव हुनु,

(ड) कृत्रिम व्यवसाय खडा गरी ऋण दिने, गलत मनसायबाट सहकारी संचालन गर्ने, झुट्ठा विवरण पेश गर्ने, गलत प्रतिवेदन तयार गर्ने जस्ता कानून प्रतिकूलका कार्य गरी सहकारी संस्थाका सदस्य र वचतकर्ताको हित विपरितको कार्य गर्ने,

(ढ) असल नियतले कार्य नगरी खराब उद्देश्य राखी वदनियतले कार्य गर्ने,

(ण) जनतामा चेतनाको कमी र लोभ र स्वार्थले सहकारी संस्थाको स्थिति र विश्वसनियता नबुझी बचत राख्ने प्रवृति आदि ।

## ६. सुधारका पक्षहरु

- संविधान जारी भए पछि ८०% सहकारी संस्थाहरू स्थानीय सरकारको कार्य क्षेत्रभित्र पर्ने देखिएको अवस्थामा सहकारी व्यवस्थापन सम्बन्धी विशेष संस्थागत स्मरणको कमी, नियमन प्रणालीको अभाव, सहकारी संस्था दर्तामा विशेष ध्यान नपुऱ्याउने, निश्चित मापदण्ड सहितको अनुगमन र सुपरिवेक्षण व्यवस्थाको कमी जस्ता कारण सहकारी क्षेत्रमा सुशासन कायम गर्न नसक्दा सहकारी संस्थाहरू समस्याग्रस्त अवस्थामा पुगेको देखिन्छ । सहकारी संस्थाहरूलाई समस्याग्रस्त हुन नदिन देहायको सुधार आवश्यक छः-

(१) सहकारी "नियमनको अधिकार" संघीय सरकारको कार्यक्षेत्र भित्र पर्ने र साझा अधिकारको विषयसूची भित्र ३ वटै तहको अधिकारमा सहकारीको विषय संविधानले राखेको सन्दर्भमा एकल अधिकार र साझा अधिकारका विषयमा संघीय कानूनको सर्वोच्चतालाई संविधानले स्वीकार गरेको अवस्थामा सहकारी सम्बन्धी संघीय कानूनले प्रदेश र स्थानीय तहले सहकारीका सम्बन्धमा बनाउने कानूनमा निश्चित मापदण्ड र शर्तहरू पालना गर्ने गरी कानून बनाउन निर्दिष्ट गर्नुपर्ने हुन्छ । यसरी कानूनबाट निर्देश गर्दा देहायका कुरा स्पष्ट उल्लेख हुनुपर्नेः-

(क) प्रदेश र स्थानीय तहले सहकारी सम्बन्धी कानून बनाउँदा सहकारीको मूल्य मान्यता र सिद्धान्तको संवोधन र पालना,

(ख) सहकारी संस्था वा संघमा सुशासनको प्रवर्द्धन,

(ग) सहकारी संस्थाका संचालक, पदाधिकारी, सदस्य र कर्मचारीहरूले पालना गर्नु पर्ने आचरण सम्बन्धी नियमहरू,

(घ) सहकारी संस्थाहरूको दर्ता, अनुगमन, सुपरिवेक्षण, संचालन र व्यवस्थापनका सन्दर्भमा अपनाउनु पर्ने आधारभूत सिद्धान्तहरू, नियमित साधारण सभाको व्यवस्था, लेखा र लेखा

परिक्षण, सदस्य नियन्त्रित मूल्य मान्यता, निष्पक्षता, व्यावसायिकता, आन्तरिक नियन्त्रण प्राणाली, स्व-नियमन र स्व-नियन्त्रणका सिद्धान्तहरूको पालना सम्बन्धी शर्तहरू, आदि ।

(२) सहकारी संस्था वा संघमा सुशासन कायम गर्ने, सुशासनलाई प्रवर्द्धन गर्ने, नियमन, निरीक्षण र अनुगमनको कार्यलाई प्रभावकारी बनाउन अधिकार सम्पन्न "कमिस्नर प्रणाली" वा प्रभावकारी नियामकारी निकायको व्यवस्था गर्ने,

(३) सहकारी ऐन, २०७४ र सहकारी नियमावली, २०७५ को कार्यान्वयनको स्थितिको समीक्षा गरी आवश्यकतानुसार कानूनमा सुधार गर्ने, यसरी सुधार गर्दा सहकारी संस्थाको पूँजी, कारोवार रकम, सदस्य संख्या जस्ता आधारमा तहगत सरकारको कार्यक्षेत्र निर्धारण गर्ने, सहकारी ऐन नियमका व्यवस्थालाई प्रभावकारी रूपमा कार्यान्वयन गर्ने,

(४) व्राजिल र दक्षिण कोरिया लगायतका मुलुकहरूले अपनाएको जस्तै वित्तीय कारोबार गर्ने सहकारी संस्थाहरूमा निश्चित पूँजी वा निश्चित रकम भन्दा बढी रकम कारोबार गर्ने सहकारी संस्थाहरूमा राष्ट्र बैंकद्वारा नियमन र सुपरिवेक्षण नियमित रूपमा गर्ने व्यवस्था गरी प्रभावकारी रूपमा कार्यान्वयन गर्ने,

(५) प्रदेश र स्थानीय तहले बनाएको सहकारी सम्बन्धी ऐन संविधान र संघीय सहकारी कानून अनुकूल छ छैन भन्ने कुरा संघको सम्बन्धित मन्त्रालय वा विभागको तहबाट विज्ञहरूको सहयोगमा अध्ययन गर्ने गराउने, यदि अनुकूल नदेखिएमा संघ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७ वमोजिम 'विषयगत समिति' मार्फत सुधारका निम्ति निर्देशन दिने,

(६) प्रदेश र स्थानीय तहको कार्यक्षेत्र भित्र रहेका सहकारी संस्थाहरूको नियमनका सम्बन्धमा संघीय सहकारी ऐनले नै विशेष शर्त र मापदण्ड तोक्ने, अनुगमनका निम्ति तहगत समन्वयको सम्बन्धमा सहकारी ऐनमा नै विशेष व्यवस्था गर्ने, सहकारी संस्थाहरूको नियमन गर्ने निकायलाई जनशक्ति लगायत साधन स्रोतको दृष्टिले समेत सम्पन्न बनाउने,

(७) सहकारी संस्थालाई समस्याग्रस्त घोषणा गर्नु पूर्व नै नियमनकारी निकायले त्यस्तो संस्थाको सम्पत्ति र जायजेथाका साथै संचालक, पदाधिकारी, व्यवस्थापक, ऋणी, कर्मचारी र निजका परिवारको सम्पत्ति (चल/अचल), बैंक खाता रोक्का र सुरक्षित गर्ने व्यवस्था गर्ने,

(८) सहकारी संस्थाहरूको ऋण असुली सम्बन्धी विवादहरू समयमै समाधान गर्न विशेष ऐन र विशिष्टकृत अदालतबाट कारवाही र सुनुवाई गर्ने व्यवस्था गर्ने,

(९) सहकारी ऐन नियमको वर्खिलाप कार्य गरी कसुर गर्ने उपर समयमै कानूनी कारवाही गरी पीडित पक्षलाई पूर्ण न्याय प्रदान गर्न सोही अनुरूप कानूनको व्यवस्था गर्ने तथा यस सम्बन्धमा राज्यका सम्बन्धित निकायहरू बढी क्रियाशिल र प्रभावकारी हुनुपर्ने,

(१०) राज्य र सहकारी संघ र संस्थाहरूलाई जोड्ने सेतुको काम गर्ने सहकारी वोर्डको भुमिका प्रभावकारी हुनुपर्ने, सहकारीमा व्यवसायिकता प्रवर्धन गर्न तालिम/प्रशिक्षणको विशेष व्यवस्था

हुनुपर्ने, सहकारी ऐनमा समसामयिक सुधार, सहकारीको सिद्धान्त प्रतिकुलका विभिन्न ऐन कानूनमा भएको व्यवस्थाहरूको पुनरावलोकन गरी संसोधन गर्ने, अनुगमन र नियमन प्रणाली नियमित तवरले प्रभावकारी रूपबाट गरी सहकारीमा सुशासनको प्रवर्धन गर्ने ।

## ७. उपसंहार

संविधान बमोजिम समाजवादी अर्थतन्त्रलाई टेवा पुऱ्याउन सहकारी क्षेत्रले महत्वपूर्ण सहयोग पुऱ्याइरहेको सन्दर्भमा सहकारी संस्थाहरूलाई समस्याग्रस्त हुन नदिन त्यही अनुरूपको नियमन प्रणालीको विकास गरी सहकारी क्षेत्रमा सुशासनको प्रवर्द्धन आवश्यक छ । विश्वका कतिपय मुलुकहरूले सहकारी संस्थाको गठन र संचालनको अधिकारलाई संविधानद्वारा मौलिक हककै रूपमा प्रत्याभूत गरी सहकारीलाई प्रवर्द्धन गर्ने राज्यको नीति रहने व्यवस्था गरेको छ । गुणस्तरीय बस्तुको उत्पादन र सेवाको प्रवाहद्वारा सहकारीलाई जीवन्त र गतिशील बनाईराख्नु आजको आवश्यकता हो । सहकारी गरिव जनता र अधिकारबाट वन्चितिमा परेकाहरूका लागि आफ्नो जीवनस्तर उठाउन, उनीहरूको बालबालिकालाई शिक्षा दिक्षा उपलब्ध गराउन, स्वास्थ्य उपचार गराउन, बाल मृत्युदर घटाउन, लैङ्गिक समानता कायम गराउन महत्वपूर्ण सहयोगी माध्यम बनेको छ । आजको समाजमा सहकारी घरपरिवारको निम्ति अभिन्न अङ्ग बनिसकेको छ ।

सहकारी क्षेत्रको योगदान राष्ट्रिय ग्राहस्थ उत्पादनमा उल्लेख्य रहेको छ । उदाहरणको रूपमा न्यूजिल्याण्डमा २२%, केन्यामा ४५% सम्म कुल ग्राहस्त उत्पादनमा सहकारीको योगदान रहेको छ । यस्तै नर्वे, न्यूजिल्याण्ड, अमेरिका, भारतमा ८० देखि ९०% दुध उत्पादनमा सहकारीको योगदान रहेको छ । दक्षिण कोरियामा माछा पालन उत्पादनमा ७०%, ब्राजिलमा ४०% कृषिमा, ८०% स्वास्थ क्षेत्रमा, सिंगापुरको खुद्रा बजारमा ५५%, डेनमार्कमा ३६% सहकारीको योगदान रहेको छ । चिनी, दुध र कपडाको उत्पादनमा सहकारी मार्फत भारत, वंगलादेशले उल्लेख्य प्रगति गरेको छ । यस्तै केन्या, तान्जानिया लगायतका मुलुकहरूले सहकारीका माध्यामबाट कफीमा महत्वपूर्ण उपलब्धी हासिल गरेको छ । यसरी सहकारी क्षेत्र समाजको अभिन्न अङ्ग बनिसकेको अवस्थामा सहकारी क्षेत्रलाई उपयोगी, दिगो, भरपर्दो र विश्वासिलो बनाउन सहकारी र राज्य संयन्त्रको प्रभावकारी परिचालन र विदेयमान कानून तथा आवश्यक कानून समेत निर्माण गरी सो कानूनको प्रभावकारी कार्यान्वयनद्वारा समस्याग्रस्त हुनबाट जोगाई सुशासनको प्रवर्द्धनमा सम्बन्धित व्यक्ति र निकायहरू बढी क्रियाशील हुनु आवश्यक छ । सहकारी संस्थाहरूमा सुशासनको प्रवर्धनद्वारा नै संविधानले सहकारीबाट गरेको अपेक्षा सार्थक हुन सक्दछ ।

# ख. सहकारी प्रवर्द्धनमा संघीय मन्त्रालयको भूमिका

- रामप्रसाद थपलिया
सचिव, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय

## मन्त्रालयको कार्यक्षेत्र

- सहकारी सम्बन्धी राष्ट्रिय नीति, कानुन र मापदण्ड निर्माण,
- अन्तर्राष्ट्रिय सहकारी सङ्गठनसँग सहयोग, समन्वय र सम्पर्क,
- सहकारी र गरिबी निवारण सम्बन्धी अन्तर निकाय समन्वय,
- सहकारी सङ्घसंस्था र बैंकहरूसँगको समन्वय, सहकार्य, प्रवर्द्धन र विकास,
- सहकारी संघ संस्था संचालन सम्बन्धी मापदण्ड तथा कार्यबिधि तथा निर्देशिकाहरू निर्माण,
- सहकारी सम्बन्धी अन्तरप्रादेशिक तथा स्थानीय तहसँग समन्वय र सहकार्य,
- कार्यक्षेत्रसहकारी क्षेत्रमा कार्यरत सरकारी, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैर सरकारी निकायहरू तथा सहकारी संघसंस्थाहरूसँगको सहयोग र समन्वय,
- विशिष्टिकृत सहकारी सम्बन्धी कार्य,
- सहकारितामा आधारित व्यवसाय प्रवर्द्धन एवं विकास,
- सहकारी शिक्षा, सूचना, तालिम तथा प्रशिक्षण, अध्ययन र अनुसन्धान,
- सहकारी व्यवसाय सम्बन्धी राष्ट्रिय तथ्यांक व्यवस्थापन,
- राष्ट्रिय सहकारी विकास बोर्ड सम्बन्धी,

## संवैधानिक व्यवस्था

- निर्देशक सिद्धान्तः सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहभागितामा समृद्ध अर्थतन्त्रको विकास गर्ने आर्थिक उद्देश्य (धारा ५०(३)
- राज्यको नीतिः सहकारी क्षेत्रलाई प्रवर्द्धन गर्दै राष्ट्रिय विकासमा अत्यधिक परिचालन गर्ने (धारा ५१ (ग.३)
- सहकारी नियमन - संघको एकल अधिकार (अनुसूची -५)
- सहकारी संस्था- प्रदेशको एकल अधिकार (अनुसूची -६)
- सहकारी सम्बन्धी-संघ र प्रदेशको साझा अधिकार(अनुसूची-७)
- सहकारी संस्था- स्थानीय तहको एकल अधिकार (अनुसूची -८)
- सहकारी- तीनवटै तहको साझा अधिकार (अनुसूची-९)

## सहकारी ऐन, २०७४ को प्रस्तावना

- सहकारीको मूल्य, मान्यता र सिद्धान्त
- कृषक, कालिगढ, न्यून आय समूह, सीमान्तकृत समुदायको पुँजी, प्रविधि र प्रतिभा
- स्वावलम्बन र पारस्परिकताको आधारमा एकीकरण
- सदस्यहरूको आर्थिक, सामाजिक र सांस्कृतिक उन्नयन
- समुदायमा आधारित, सदस्य केन्द्रित, लोकतान्त्रिक, स्वायत्त र स्वशासित संगठन
- सहकारी संस्थाको प्रवर्द्धन नियमन
- सहकारी खेती, उद्योग, वस्तु तथा सेवा व्यवसायको माध्यमबाट
- आत्मनिर्भर, दिगो र समाजवाद उन्मुख अर्थतन्त्रको विकास

## सहकारी संस्थाको गठन तथा दर्ता

- सहकारी संस्थाको गठन - जिल्ला विषयगत सहकारी संघ
- जिल्ला सहकारी संघ - प्रदेश विषयगत सहकारी संघ
- प्रदेश सहकारी संघ - केन्द्रीय विषयगत सहकारी संघ
- विशिष्टीकृत संघ - राष्ट्रिय सहकारी महासंघ
- सहकारी बैंक

## सहकारी प्रवर्द्धनमा मन्त्रालयको भूमिका

- राष्ट्रिय (संघीय) सहकारी नीति, कानून तर्जुमा, कार्यान्वयन र मूल्यांकन
- आवधिक रणनैतिक सहकारी योजना तर्जुमा, कार्यान्वयन र मूल्यांकन
- सहकारीको अनुगमन तथा नियमन
- सहकारी संघहरूको क्षमता अभिवृद्धि
- सहकारी उद्यम व्यवसायको विकास विस्तार
- सहकारी बजार विकास कार्यक्रम
- सहकारी शिक्षाको प्रवर्द्धन
- सहकारीको पहुँच स्थानीयस्तरसम्म विस्तार
- लक्षित समुदायसम्म सहकारी विकास र विस्तार
- एकीकृत र समन्वयात्मक सहकारी सेवा सुविधा प्रवाहको व्यवस्था
- सहकारी प्रवर्द्धनमा मन्त्रालयको भूमिका सहकारी प्रवर्द्धनका लागि ठाडो र तेर्सो समन्वय
- अन्तरराष्ट्रिय र क्षेत्रीय प्रतिबद्धताको पालना
- सहकारी दर्ता, सञ्चालन र नियमन सम्बन्धी मापदण्ड, कार्यविधि, निर्देशिका

- साझा सहकारी संस्था सञ्चालन सम्बन्धी विशेष व्यवस्था
- सहकारी प्रवर्द्धनमा मन्त्रालयको भूमिका सहकारी प्रवर्द्धन कोष
- स्थिरीकरण कोष- वित्तीय सहकारीको खिम व्यवस्थापन
- वचत तथा कर्जा सूचना कोष
- कर्जा सूचना केन्द्र
- ऋण असुली न्यायाधिकरण
- सहकारी पाठ्यक्रम निर्धारण तथा संस्था प्रमाणीकरण
- निर्यात प्रवर्द्धन- उत्पत्तिको प्रमाणपत्रमा सहजीकरण
- छुट, सुविधा र सहुलियत प्रदान
- प्रोत्साहन- पुरस्कार, सम्मान, कदरपत्र
- अनुदान-राष्ट्रिय सहकारी महासंघ मार्फत्
- सहकारी प्रवर्द्धनमा मन्त्रालयको भूमिकासमस्याग्रस्त सहकारी घोषणा
- वैदेशिक ऋणको लागि सिफारिस तथा सुरक्षण
- सहकारी संस्था एकीकरण तथा विभाजन सम्बन्धी कार्यविधि
- प्रदेश र स्थानीय तहसंग समन्वय
- प्रदेश र स्थानीय तहमा सहकारी हस्तान्तरण
- सहकारी नमूना कानून तर्जुमा
- विषयगत समिति मार्फत् प्रदेश र स्थानीय तहका समस्या सम्वोधन
- आवधिक योजना, वार्षिक नीति तथा कार्यक्रम र वार्षिक बजेट

# ग. सहकारी क्षेत्रको प्रवर्द्धनमा महासंघको भूमिका

- मिनराज कंडेल
अध्यक्ष, राष्ट्रिय सहकारी महासंघ नेपाल

## प्रस्तुतिका विषयहरु

- विषय प्रवेश
- सहकारीको प्रवर्द्धनमा नीतिगत वातावरण
- नेपालको सहकारी अभियानको संरचना
- नेपालमा सहकारी क्षेत्रको योगदान
- अभियानको प्रवर्द्धनमा राष्ट्रिय सहकारी महासंघ र यसको संचालनका आधारहरू

## महासंघको अगुवाइमा उपलव्धिहरु,सहकारी अभियानका मुद्दा तथा चुनौतीहरु

- सहकार्यका साझा क्षेत्र
- निष्कर्ष










स्रोत: राष्ट्रिय योजना आयोग

**नेपालमा सहकारी क्षेत्रको योगदान**

| विवरण | नेपाल राज्य |
|---|---|
| सहकारी संस्थाहरु | २९ हजार ८ सय ८६ (४११३ महिला सहकारी) |
| सदस्य संख्या | ७३ लाख ७ हजार ४ सय ६२ (हालको जनसंख्याको करीव २५%) |
| महिला सदस्य संख्या | ५६% |
| कुल शेयर पूँजी | ९४ अर्व १० करोड ५० लाख १५ हजार ८ सय ३ |
| कुल वचत | ४ खर्व ७७ अर्व ९६ करोड ११ लाख ४६ हजार ४ सय ७३ |
| कुल ऋण | ४ खर्व २६ अर्व २६ करोड २३ लाख ११ हजार ३ सय ८६ |
| रोजगारी श्रृजना | ८८ हजार ३ सय ९ (वाग्मतीमा सवैभन्दा वढी रोजगार ३३,८९२ जना) |

स्रोत: सहकारी विभाग, २०७७

## सहकारी अभियानको प्रवर्द्धनमा राष्ट्रिय सहकारी महासंघमहासंघको ध्येय

१ प्रतिष्पर्धी जनशक्ति मार्फत् गुणस्तरीय सेवा प्रवाह गरी सवल संघहरूको विकास

२. नीति, योजना र कार्यक्रममा आधारित प्रविधिमैत्री सुशासित सहकारी संघ संस्थाको प्रवर्द्धन

३. सरोकारवालाहरूसंग समन्वयात्मक सम्बन्ध विकास गरी सहकारी अभियानको सदृढीकरण




## महासंघका उद्देश्यहरू

- सहकारी संघ संस्थाहरूको;
  - प्रवर्द्धन तथा विकास गर्ने,
  - आर्थिक सामाजिक कार्यक्रम तथा व्यवसायको विकासमा टेवा दिने,
  - व्यवस्थापनमा सुधार ल्याउन सहयोग गर्ने
- सहकारी आन्दोलनको नेतृत्वदायी भूमिका निर्वाह गर्दै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा प्रतिनिधित्व गर्ने

## महासंघका कार्यहरु

- सहकारी मूल्य, मान्यता र सिद्धान्तको परिपालन गर्ने, गराउने ।
- सदस्यको हित प्रवर्द्धनको लागिः
- नेतृत्वदायी भूमिका निर्वाह गर्ने
- नेपाल सरकारका विभिन्न निकायसँग समन्वय र सहकार्य गर्ने ।
- व्यावसायिक तथा वजार अध्ययन, अनुसन्धान गर्ने, गराउने ।
- शिक्षा तालिम र सूचना प्रदान गर्ने गराउने

### महासंघका कार्यहरुः सहकारी ऐन २०७४

- बजार सूचना प्रणालीको विकास गर्ने ।

- संस्था र संघहरूको पारस्परिक सहयोगमा अभिबृद्धि गर्ने, गराउने ।
- अन्तर्राष्ट्रिय सहकारी अभियानमा पारस्परिक सहयोग अभिवृद्धि गर्ने, समन्वय र सम्वन्ध विस्तार गर्ने ।
- सहकारी क्षेत्रमा सुशासन प्रवर्द्धन गर्ने ।

**कूल सदस्य संघहरू ३११,**
**विषयगत केन्द्रीय सहकारी संघ १८,**
**राष्ट्रिय सहकारी बैंक १,**
**प्रदेश सहकारी संघहरु २**
**जिल्ला सहकारी संघहरू ६७**
**विषयगत जिल्ला स्तरीय संघहरू २२२**

**महासंघमा आवद्ध सदस्य संघहरुको विवरण**




अधिकांश सदस्य संघहरुमा व्यवसायिकता तथा आत्मनिर्भरताको अभाव, सुशासनको कमी तथा राजनैतिक हस्तक्षेप

## महासंघ सञ्चालनका आधारहरु

१. विनियम, २०५० (संशोधन सहित)

२. समिति उपसमिति संचालन कार्यविधि, २०६१ (संशोधन, २०७१)

३. आर्थिक प्रशासन कार्यविधि, २०७५ (संशोधन सहित)

४. कर्मचारी प्रशासन कार्यविधि, २०७५ (संशोधन सहित)

५. प्राकृतिक विपत्ति उद्धार कोष परिचालन कार्यविधि, २०७२

६. सहकारी सन्देश प्रकाशन तथा वितरण कार्यविधि, २०७२

७. वैदेशिक तालिम तथा कार्यक्रम सहभागी छनौट कार्यविधि, २०७२

८. शिक्षा तथा तालिम संचालन कार्यविधि

९. वैठक संचालन कार्यविधि, २०७४

१०. सवारी साधन परिचालन कार्यविधि, २०७५

११. सहकारी संघ संस्थाको अनुगमन निर्देशिका, २०७५

१२. सहकारी पुरस्कार छनौट निर्देशिका, २०७५

१३. कार्यालय उपकरण वितरण निर्देशिका, २०७६

१४. कर्मचारी प्रोत्साहन भत्ता निर्देशिका, २०७६

१५. कोपसप प्रवर्द्धनका लागि अनुदान प्रदान गर्ने निर्देशिका, २०७६

१६. सहकारी आचारसहिंता, २०७८

१७. १० वर्षे रणनीतिक योजना (२०७८/७९-२०८८/८९)

१८. त्रिवर्षीय व्यावसायिक योजना (२०७८/७९-२०८०/८१)

१९. सञ्चार रणनीति, २०७७

२०. दिगो विकास लक्ष्य सम्वन्धी मार्गदर्शन

**सहकारी अभियानको प्रवर्द्धनमा राष्ट्रिय सहकारी महासंघ**



- सहकारी अभियानको शीर्षस्थ निकाय,
- १० वर्षे रणनीतिक योजनाले निर्दिष्ट गरे अनुसार ३ वर्षे व्यावसायिक योजनाका आधारमा वार्षिक कार्यक्रम सञ्चालन

परिकल्पना

**दिगो एवं मर्यादित सहकारी अभियानको नेतृत्वदायी महासंघ**

A Leading Federation of Sustainable and Decent Cooperative Movement

२१. सहकारीमार्फत् दिगो उत्पादन र उपभोग सम्वन्धी मार्गदर्शन, २०७७

२२. सहकारीमा लैंगिक समावेशिता मार्गदर्शन, २०७७

२३. आन्तरिक लेखा परीक्षण मार्गदर्शन, २०७७

२४. तालिम तथा प्रवर्द्धनात्मक कार्यक्रम सञ्चालन कार्यविधि, २०७७

२५. सदस्य संघ साझेदारी सञ्चालन कार्यविधि, २०७७

२८. भर्चुअल साधारण सभा सञ्चालन कार्यविधि, २०७७

२६ आन्तरिक लेखा परीक्षण कार्यविधि, २०७७

२७. सहकारीहरूको स्तरीकरण कार्यविधि, २०७७

२९. भर्चुअल वैठक संचालन कार्यविधि, २०७७

३०. प्रादेशिक उपसमिति गठन तथा संचालन कार्यविधि, २०७१

३१. सहयोगी सदस्यता प्रदान सम्वन्धी कार्यविधि, २०७८

३२ समिति उपसमिति सेवा सुविधा सम्वन्धी कार्यविधि, २०७८

३३. उत्पत्तिको प्रमाणपत्र जारी गर्ने कार्यविधि, २०७८

३४. घुम्ती कोष सञ्चालन सम्वन्धी कार्यविधि, २०७८

## सहकारी प्रवर्द्धनमा महासंघको भूमिका

### अनुकुल वातावरण निर्माणका लागि वहस पैरवी

- सहकारी मैत्री नीति तथा कानून एवं समसामयिक मुद्दाहरूको समाधानमा निरन्तर पहलकदमी,वहस पैरवी,
- सरकार, सरोकारवाला एवं अन्तर्राष्ट्रिय सहकारी अभियानवीच पुलको भूमिका निर्वाह
- आईसिए ग्लोवल वोर्ड, आईसीए एपी र नेडाक) को वोर्डमा सक्रिय प्रतिनिधित्व,
- दिगो विकास लक्ष्य कार्यान्वयनमा समन्वय एवं सहकार्य
- औपचारिक शिक्षामा सहकारी विषय पठनपाठनका लागि पहलकदमी,
- महिला, युवा, जलवायु परिवर्तन लगायतका विभिन्न राष्ट्रिय तथा प्रादेशिक फोरम, गोष्ठी अन्तर्क्रिया

### स्वनियमन र सुशासन प्रवर्द्धन

- सदस्य संघ तथा संस्थाहरूको निरीक्षण,अनुगमन एवं पृष्ठपोषण, सहकारी आचारसंहिता कार्यान्वयनमा मार्गदर्शन,
- स्वनियमन तथा सुशासन सूचक तयारी तथा कार्यान्वयन
- सदस्य, सञ्चालक तथा लेखा सुपरिवेक्षण समितिको क्षमता विकास एवं आन्तरिक लेखा परीक्षणमा सहजीकरण,
- सहकारी संचालन व्यवस्थापनमा सहयोगी पुस्तिका तथा मार्गदर्शनहरू तैयारी एवं प्रकाशन

### सवल सदस्य संघ निर्माण

- सदस्य संघहरूको रणनीतिक तथा व्यावसायिक योजना निर्माण गरी आत्मनिर्भरता विकास,
- सदस्य संघहरूको अनुगमन, नीति तथा कार्यविधि तर्जुमाका लागि सहजीकरण गरी सुशासन प्रवर्द्धन,
- संघका व्यवस्थापकहरूको क्षमता अभिवृद्धि
- सफल संघलाई उत्कृष्ट सहकारी पुरस्कार प्रदान,
- संघहरूको एकीकरणमा पहलकदमी तथा प्रोत्साहन_

## व्यावसायिक तथा आत्मनिर्भर महासंघ

- भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालय तथा सहकारी विभाग, प्रदेश सरकारसंग समन्व, सहकार्य र साझेदारीता
- डिप्लोमा इन कोअपरेटिभ म्यानेजमेण्ट कोर्ष तयारी तथा संचालन,
- विकास साझेदार संस्थाहरूसंग सहकार्य गरी आर्थिक सामाजिक विकास परियोजनाहरू संचालन
- उत्पत्तिको प्रमाणपत्र जारी
- विशिष्टीकृत तालिम तथा अध्ययन अवलोकन भ्रमण सञ्चालन

## महासंघको अगुवाइमा उपलव्धिहरु

- अन्तर्राष्ट्रिय सहकारी वर्ष, २०१२ लाई ऐतिहासिक वनाउन सफल,
- अन्य मुलुकका सहकारी संघ/संस्थासँग सम्वन्ध विस्तार,
- सहकारी संघ संस्थालाई आवश्यक थोक कर्जा प्रवाह गर्ने उद्देश्यका साथ राष्ट्रिय सहकारी बैंकको स्थापना,
- प्रथम र दोश्रो राष्ट्रिय सहकारी महासम्मेलन सफलतापूर्वक सम्पन्न,
- दिगो विकास लक्ष्य कार्यान्वयनका लागि गठित समिति तथा विषयगत उपसमितिमा प्रतिनिधित्व र दिगो विकास लक्ष्यको स्वेच्छिक समिक्षा प्रतिवेदन, २०१७ र २०२० मा सहकारीका असल अभ्यासहरूलाई समावेश गर्न सफल,
- तीनै तहका सरकारलाई सहकारी मैत्री कानुन निर्माणका लागि पहल कदमी गरी प्रदेश र अधिकांश स्थानीय तहमा सहकारी ऐन निर्माण,
- विद्यालय तथा विश्वविद्यलयस्तरमा सहकारीको औपचारिक शिक्षा पठनपाठनको लागि आधार तयार
- पहिलोपटक सहकारी अभियानवाट गरिवी निवारणमा सहकारीको भूमिका सम्वन्धी अध्ययन अनुसन्धान






## संघीय संरचनामा सहकारीका चुनौतीहरू

- संघहरू व्यावसायिक वन्न नसक्नु (नीति,योजना,विधि,प्रविधि एवं सुशासनको अभाव)
- अन्तरसम्वन्धित ऐन सहकारी मैत्री नहुनु, संघीय सहकारी ऐनसँग वाभिने गरी कतिपय स्थानीय सहकारी ऐन पारित हुनुले अन्यौलता उत्पन्न हुनु,
- प्रदेशमा छुटै सहकारी विभाग र स्थानीय तहमा सहकारी डेस्कको स्थापना नहुनाले सहकारी सम्वन्धी कामकार्यवाहीमा ढिलाई हुनु,
- केही स्थानीय तहमा स्थापना भएको सहकारी डेस्कमा सहकारी वुझेका जनशक्तिको व्यवस्थापन नहुनु,
- तीनै तहबाट सहकारीको प्रवर्द्धन र नियमन हुने भएकोले द्विविधा उत्पन्न हुन सक्ने,
- पालिकाहरूद्धारा सहकारीहरूलाई स्थानीय तहमा दर्ता सूचीकृत गर्न दवाव, संशोधित विनियम स्वीकृति, एकीकरण लगायतमा समस्या

## सरकार र महासंघवीच समन्वय र सहकार्यका क्षेत्रहरु

- नीति विधि र प्रविधिमा आधारित भै संघ/संस्था सञ्चालन तथा व्यवस्थापन
- कृषि उत्पादन, सहकारी मूल्य श्रृंखला प्रणाली विकास र उत्पालन तथा आयमूलक लगानी विस्तार
- दक्ष व्यावसायिक जनशक्तिको विकास, डीजीटाइजेसन, नवपर्वतन र पारदर्शिता विकास
- नेपाल सरकारको सहकारी क्षेत्रसँग सम्वन्धित योजना तथा कार्यक्रम कार्यान्वयनमा वजेट विनियोजन तथा आपसी साझेदारी,
- अन्तर्सम्वन्धित ऐनहरू तथा सहकारी ऐन, २०७४ तथा नियमावलीको संशोधन
- कार्यविधि तथा निर्देशिकाहरू तर्जुमा गर्दा अभियानको प्रतिनिधित्व,
- कोपोमिस, सम्पत्ति सुद्धिकरण तथा निवारण ऐन कार्यान्वयन,तथ्यांक अद्यावधिक र नियमित रिपोटिंग
- अध्ययन अनुसन्धानमा सहकार्य,
## सहकारी क्षेत्रका चुनौतीहरु

- सहकारी ऐनको कार्यान्वयनको अवस्था,
- अस्पष्ट कानूनी वातावरण (सहकारी कानून र अन्य विभिन्न कानूनहरू बाझिएको अवस्था),
- सहकारी नियमनको प्रभावकारिता र तथा नियमनको क्षेत्राधिकार,
- प्रदेश सरकारका आर्थिक कानूनहरूमा सहकारीलाई समेत अन्य बैंक वित्तीय संस्था सरह राजश्वको दायरा (धितो रोक्कामा बैंक सरह दस्तुर), करको विविधिकरण र बुझाईमा एकरूपताको अभाव

- सरकारको तहगत कानूनहरूमा एकरूपता स्थापित नहुनु,
- सहकारी संघीयताको कार्यान्वयन चुनौति
- दक्ष जनशक्ति आपूर्ति प्रणाली नहुनु,
- नवीन प्रविधिको अवलम्वन (क्लाउड कम्प्युटिंग, साईबर सेक्युरिटी, नवप्रवर्तनात्मक प्रविधि) क्षमता,
- प्रविधिमा तीब्र नवप्रवर्तनले साईवर सुरक्षा जोखिम, उच्च प्रविधिको अभाव (भरचुवल वैंक) कुशल प्राविधिक जनशक्तिको अभाव, प्रविधिमैत्री अनुकुल नीति नियमको अभाव ।
- युवा वर्गलाई समेट्न सक्ने प्रविधिको अभाव एवम् प्रविधिमैत्री कानूनी अडचन,
- सीमित कार्यक्षेत्र (वित्तीय कारोबार मात्र) मा समग्र सहकारी अभियानको संकुचन, सबै प्रकृतिका सहकारीको नियमन गर्ने विधि एउटै,
- वित्तीय कारोबार गर्ने सहकारीको पृथक् ऐन तथा पर्याप्त नियमनको अभाव,
- सम्पत्ति शुद्धीकरण निवारण निर्देशिका, GOAML र संस्थाहरूको क्षमता बिकास,
- समस्याग्रस्त सहकारी ब्यवस्थापन समितिको प्रभावकारिता,
- तीब्र प्रतिष्पर्धा,
- जोखिममा आधारित अनुगमन तथा नियमन प्रणालीको अभाव
- राज्यपुनर्सरचनाको प्रभाव, अस्तब्यस्त सहकारी हेर्ने डेस्क
- रणनीतिक गन्तब्यबोधमा कमी,
- महामारी तथा प्रकोप व्यवस्थापन सम्बन्धी ठोस रणनीति नहुनु,
- वित्तीय अस्थिरता,
- वित्तीय क्षेत्रका चुनौति :
- राष्टिय भुक्तानी प्रणालीमा पहुँच नहुनु,
- चेक क्लियरिग प्रणालीमा वैंक नहुनु,
- सहुलियत कर्जामा उपलब्ध नहुनु,
- स्रोतको पहुँचमा कमी,
- एकीकृत सेवा सहितको सफ्टवेयरको प्रवन्ध नहुनु,
    - (वचत, ऋण, विप्रेषण विमा, पुँजी निर्माण, सामाजिक पुँजीको निर्माण)

उत्पादन क्षेत्रका चुनौती :

- पुँजीको अभाव र पुर्वाधारको कमी,
- प्रभावकारी सन्चालन र कुशल व्यवस्थापनका लागि शीपयुक्त मानव संशाधनको अभाव,

- गुणस्तर र उच्च प्रविधिको अभाव,
- प्रतिस्पर्धी गुणस्तरीय उत्पादनको समस्या,
- वजारीकरण तथा भण्डारणको यथेष्ट प्रवन्ध नहुनु,
- मूल्य श्रृंखलाको विकासमा कमी,
- नियमित बस्तु र सेवाको प्रवाह गर्ने र उपलब्ध गर्ने क्षमताको कमी ।
- अवैज्ञानिक ब्याजदर निर्धारणको ब्यवस्था र अभ्यास,
- न्यून युवा सहभागिता
- नेतृत्व क्षमता विकासमा कमी, सहकारीप्रतिको बुझाईमा फरकता
- खर्चालु जीवनशैली र विप्रेषणमा आधारित अर्थतन्त्र
- विषयगत संघहरूमा सहभागिता स्वैच्छिक हुनु, न्यूनतम् सुपरिवेक्षणको व्यवस्था नहुनु,
- सरकार र अभियानको वीचमा विश्वास र आचरणको समस्या,
- भौगोलिक जटिलता,
- नियामकीय क्षमता भन्दा अधिक संख्यामा सहकारी,
- सहकारी संघहरूको अस्पष्ट तहगत सञ्जाल (विषय अनुसार नगर, जिल्ला, प्रदेश, केन्द्र)
- सहकारी क्षेत्रको श्रोत ब्यवस्थापन (न्यून एवम् अधिक) मा सरकारको सहभागिता नहुनु,
- वित्तीय सहकारीहरूको अनियमित वृद्धि
- संस्था सञ्चालनमा सीप तथा कौशलको कमी
- सञ्चालक एवम् सदस्यहरूमा कमजोर वित्तीय साक्षरता
- सुशासन मापदण्डहरूको अनविज्ञता र कमजोर सुशासन
- कमजोर आन्तरिक नियन्त्रण प्रणाली
- एकीकृत तथ्यांकको अभाव
- कमजोर (जनशक्ति र प्रविधि) नियामक निकायहरू
- सुपरिवेक्षण
- सहकारी लेखामानमा विविधता एवम् द्विविधा
- प्रदेश र स्थानीय तहमा संस्थागत पूर्वाधारको कमी
- समस्याग्रस्त सहकारी संस्थाहरूको उचित व्यवस्थापन अभाव
- सहकारीमा विद्यमान एकलकाँटेपना (सञ्जालीकृत नहुनु)
- तहगत कानूनहरूमा असमानजस्यता
- सहकारी क्षेत्रको औपचारिक अध्यापन नहुनु
- सहकारी क्षेत्रमा पहुँचयोग्य एवम् व्यवस्थित सिकाई केन्द्र न्यून हुनु

# ज. सहकारी दर्ता, अभिलेख व्यवस्थापन तथा अनुगमन सम्वन्धी व्यवस्थालाई सदृढ गर्नुपर्ने कार्यहरु

विमला कोइराला,
उपनिर्देशक, सहकारी विभाग, काठमाडौँ महानगरपालिका

## पृष्ठभूमि : स्थानीय तहमा सहकारी

- नेपालको संविधानले केन्द्रीकृत राज्यको पुनसँरचना गर्दै संघीयता पश्चात सहकारी संस्था नियमन गर्ने अधिकार तीन तहका सरकारले गर्ने व्यवस्था गरेको छ ।
- संविधानको अनुसूची ८ को क्र.सं २ मा स्थानीय तहको अधिकार सूची भित्र सहकारी संस्था उल्लेख भएको छ ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा १ बमोजिम काठमाडौँ महानगरपालिकाको नगरसभाले काठमाडौँ महानगरपालिका सहकारी ऐन २०७४ जारी गरिसकेको छ ।

## का.म.पा मा सहकारी सम्वन्धी नीतिगत व्यवस्था तथा थप प्रोत्साहन

### नीति :

"समृद्धिका लागि सहकारी अभियान" लाई सफल पार्न साना तथा मझौला व्यावसायमा संलग्न व्यक्ति वा समूहलाई सहकारीमा आवद्ध गराई आत्मनिर्भर बनाइनेछ ।

### प्रोत्साहन

- महिला सहकारीहरूलाई वडामा व्यवसाय दर्ता गर्दा कर छुटको व्यवस्था
- महिला समूहहरूलाई सहकारिता सम्वन्धी तालिम दिई हाल महिला समुहमा संकलित वचतलाई सहकारीमा रूपान्तरण गर्न प्रेरित गरेको ।
- एकीकरणमा जाने सहकारी संस्थालाई एकीकरणको आ.व र लगतैको दुई आ.व को लागि काठमाडौँ महानगरपालिकाले व्यवसाय कर छुट गर्न तथा थप प्रोत्साहनका कार्यक्रम उपलब्ध गराउन सक्नेछ । (सहकारी ऐन २०७४ को दफा ६५ को उपदफा (४) मा ब्यवस्था भएको ।

## काठमाडौं महानगरपालिका अर्न्तगतका सहकारीहरुको वर्तमान अवस्था एक झलक

नेपाल सरकारको मिति २०७४ ।४ ।१ को निर्णयानुसार तत्कालीन डिभिजन सहकारी कार्यालय, काठमाडौंबाट यस काठमाडौँ महानगरपालिका कार्यालयमा हस्तान्तरण भई आएका सहकारीहरूमध्ये

बचत तथा ऋणः १६२८

| | |
|---|---|
| बहुउद्देश्यीय : १६२ | श्रमिक : ३ |
| कृषि : १५ | पर्यटन : १ |

| | |
|---|---|
| उपभोक्ता : १३ | साझा : १ |
| सीपमूलक : ३ | चिया : १ |
| शिक्षा : २ | अन्य : ५ |
| संचार : १ | जम्मा १८३२ |

**सहकारी संस्थाको दर्ता :**

**काठमाडौ महानगरपालिका सहकारी ऐन २०७४ को दफा (३) अनुसार**

- ३० जना नेपाली नागरिक मिली विषयगत वा बहुउद्देश्यीय
- १५ जना नेपाली नागरिक मिली श्रम वा सीपमा आधारित
- १०० जना नेपाली नागरिक वचत तथा ऋणमा आधारित
- संस्था दर्ता गर्दा एक परिवार एक सदस्य मात्र हुनुपर्ने
- संस्था दर्ता भई सञ्चालनमा आएपछि एकै परिवारका एक भन्दा बढी पनि सदस्य हुन पाउने

सहकारी ऐन, २०७४ को दफा ५ मा उल्लेखित व्यवस्थानुसार दर्ताका लागि आवश्यक कागजात

१. प्रस्तावित संस्थाको तदर्थ समितिको अध्यक्षले दस्तखत गरेको निवेदन (तोकिएको ढाँचामा)

२. प्रस्तावित संस्थाको २ प्रति सक्कलै विनियम । बिनियमको प्रत्येक पृष्ठको शिर पुछारमा तदर्थ संचालक समितिका प्रत्येक पदाधिकारीले सही गरेको हुनुपर्छ

३. प्रस्तावित संस्थाको २ प्रति व्यावसायिक कार्ययोजना (भावी योजना र कार्यक्रम सहित)

४. प्रथम र दोश्रो प्रारम्भिक भेलाले गरेको निर्णयको तदर्थ समितिको अध्यक्षले प्रमाणित गरेका प्रतिलिपिहरू १/१ प्रति ।

५. आवेदन गर्ने कम्तीमा भिन्न परिवारका ३० (वचत तथा ऋणको कारोबार गर्ने संस्था बाहेक) जना व्यक्तिहरूको (स्थायी बसोबास भएका) तीनपुस्ते विवरण, आवेदक सदस्यहरूले लिएको शेयरको संख्या, रकम खुलेको विवरण र हस्ताक्षर संलग्न भएको निर्धारित ढांचाको फोटो सहितको विवरण । (३३ प्रतिशत महिला)

६. संस्था दर्ता सम्बन्धी कार्य गर्न अधिकार प्राप्त व्यक्तिको दस्तखत नमूना सहित आवेदक सबैले हस्ताक्षर गरेको सक्कल अधिकार प्रत्यायोजन

७. आवेदकहरूको नागरिकताको प्रमाणित प्रतिलिपि

८. प्रारम्भिक भेलाको निर्णय अनुसार शेयर र प्रवेश शुल्क वापत उठेको रकम तदर्थ समितिको कुनै पदाधिकारीको नाममा नजिकको कुनै बैंकमा जम्मा गरेको भौचर र रकम जिम्मा लिने व्यक्तिले गरेको सक्कल भर्पाई शेयर र प्रवेश शुल्क वापतको रकम संस्थाको आफ्नै खातामा

जम्मा नगरिएसम्म प्रयोगमा ल्याउन पाइने छैन । यसका लागि सहकारी विभागवाट संस्थाको नाममा रकम नसारेसम्म आवश्यकता अनुसार शर्तनामा गराउने वा बैंक खाता रोक्का समेत गर्न गराउन सकिनेछ ।

९. संकलित शेयर पुँजीको रकम कुल शेयर पुँजीको कम्तीमा २५ प्रतिशत हुनुपर्नेछ । सो सीमा भित्र नरहेमा सहकारी विभागले संकलित शेयर पुँजीको आधारमा कूल शेयर पूँजी कायम गर्न सक्नेछ

१०. संस्थाको संभाव्यताको अध्ययन प्रतिवेदन (तोकिएको ढाँचामा)

११. तदर्थ संचालक समितिका पदाधिकारीहरूको हालसालै खिचेको फोटो र हस्ताक्षर सहितको ३ पुस्ते विवरण ।

१२. आवेदकहरूको निम्न विषयहरू समेटिएको निर्धारित ढांचामा हस्ताक्षर सहितको स्वघोषणाको पत्र

१३. सम्वन्धित वडा कार्यालयको सिफारिस

१४. सहकारी शिक्षा प्राप्त गरेको प्रमाणपत्र (५० प्रतिशत सदस्यले)

१५. आर्थिक तथा कर्मचारी प्रशासन विनियमावली (२ प्रति)

## सहकारी संस्थाको कार्यक्षेत्रः

- वचत तथा ऋण सहकारी भए एक वडा ।
- अन्य विषयगत सहकारी संस्थाभए वढीमा ३ वडासम्म
- तर स्वास्थ्य सेवा, यातायात, पर्यटन, सञ्चार, जस्ता व्यापक व्यावसायिक क्षेत्र समेट्ने भए शुरूमै महानगरपालिका भरी भौगोलिक क्षेत्र कायम गर्न सकिने ।
- सेवा प्रारम्भ गरेको दुई वर्षपछि तोकिएको आधारमा कार्यक्षेत्र विस्तार गर्न सकिने ।

## सहकारीको वर्गीकरण

काठमाडौँ महानगरपालिका सहकारी ऐनको दफा ११ मा विषयगत आधारमा वर्गीकरणः

- उत्पादनमूलक सहकारी संस्था
- सेवामूलक सहकारी संस्था
- श्रमिक सहकारी संस्था
- बहुउद्देश्यीय सहकारी संस्था : उत्पादन उपभोग र श्रम वा सीपमा आधारित स्वरोजगारीका सेवा समेत सञ्चालन गर्ने दुई वा दुई भन्दा बढी उद्देश्य भएका बहुमुखी संस्था
- वित्तीय सहकारी संस्था : वचत तथा ऋणको कारोवार

## महानगरमा सहकारी अभिलेख व्यवस्थापन

### प्रथम फाइल

- विनियम कपी
- पहिलो/दोश्रो भेला
- कार्ययोजना/अधिकार प्रत्यायोजन
- स्वघोषणा
- बैंक भौचर
- शेयर प्रमाण पत्र (फोटो सहितको)
- संचालक समिति तीन पुस्ते खुल्ने विवरण –अनुसूची ६
- नगरिकता, स्थलगत मुचुल्का
- दर्ता प्रमाण पत्र/टिप्पणी आदेश
- वडाको सिफारिस पत्र
- स्वघोषणा, तालिम प्रमाणपत्र
- बसोबास खुल्ने स्पष्ट आधार प्रमाण

### दोश्रो फाइल

- कारोबारको मासिक प्रतिवेदनहरू, चौमासिक र वार्षिक प्रतिवेदन तथा लेखापरीक्षण प्रतिवेदन,
- करचुक्ता नवीकरण
- व्यवसाय दर्ता नवीकरण
- साधारणसभाको उपस्थिति/साधारणसभाको माइन्युट
- अनुसूची-५
- अनुसूची ६ को निर्वाचित पदाधिकारीको फोटो टाँस सहितको विवरण र नागरिकताको प्रतिलिपि
- बसोबासको आधार प्रमाण कागजात
- कम्प्लायन्स अफिसर नियुक्ति पत्र
- साधारणसभाको जानकारीको आधिकारिक पत्र

## निरीक्षण तथा अनुगमन सम्वन्धी व्यवस्था

### काठमाडौं महानगरपालिका सहकारी ऐन, २०७४को दफा ७१ निरीक्षण तथा अभिलेख जाँच गर्ने

- दर्ता गर्ने अधिकारीले संस्थाको जुनसुकै बखत सहकारी विभगबाट निरीक्षण तथा अभिलेख परीक्षण गर्न गराउन सक्नेछ ।
- तोकिएको भन्दा बढी आर्थिक कारोवार गर्ने संस्थाको हिसाव किताव वा वित्तीय कारोवारको

निरीक्षण वा जाँच गर्न, गराउन सक्ने सम्वन्धी व्यवस्था संघीय कानुन बमोजिम हुनेछ ।

- सहकारी संघ संस्थाको अनुगमन सुपरिवेक्षण गर्दा सम्बन्धित वडाका जनप्रतिनिधि, जिल्ला सहकारी संघ वा विषयगत जिल्ला सहकारी संघ समेतको सहभागितामा निरीक्षण तथा अनुगमन गरी सो को प्रतिवेदन काठमाडौँ महानगरपालिकालाई दिनुपर्नेछ ।

## वचत तथा ऋणको कारोवार गर्ने संस्थाको निरीक्षण तथा अनुगमन सम्वन्धी विशेष व्यवस्था

- वचत तथा ऋणको मुख्य कारोवार गर्ने संस्थाले तोकिए बमोजिम अनुगमन प्रणाली अवलम्बन गर्नुपर्नेछ
- दर्ता गर्ने अधिकारीले वचत तथा ऋणको कारोवार गर्ने संस्थाको तोकिए बमोजिमको अनुगमन प्रणालीमा आधारित भई निरीक्षण तथा अनुगमन गर्नेछ
- संस्थाको निरीक्षण तथा अनुगमन दर्ता गर्ने अधिकारीले आवश्यकतानुसार नेपाल राष्ट्र बैंक लगायतका अन्य संवद्ध निकायको सहयोग लिन सक्नेछ ।

## काठमाडौं महानगरपालिका सहकारी ऐन २०७४ को दफा ७७ मा समस्याग्रस्त सहकारी घोषणा गर्न सकिने प्रावधान

ऐन बमोजिम गरिएको निरीक्षण वा हिसाब जाँचबाट कुनै संस्थामा देहायको अवस्था विद्यमान रहेको देखिएमा नगर कार्यपालिकाले त्यस्तो संस्थालाई समस्याग्रस्त संस्थाको रूपमा घोषणा गर्न सक्नेछ ।

क) सदस्यको हित विपरीत हुने गरी कुनै कार्य गरेको,

ख) संस्थाले पूरा गर्नपर्ने वित्तीय दायित्व पूरा नगरेको वा भुक्तानी गर्नुपर्ने दायित्व भुक्तानी गर्न नसकेको वा भुक्तानी गर्नसक्ने अवस्था नरहेको ,

ग) सदस्यहरूको वचत निर्धारित शर्त बमोजिम फिर्ता गर्न नसकेको,

घ) यो ऐन तथा ऐन अन्तर्गत बनेका कानून विपरीत कार्य गरेको,

ङ) संस्थाका कम्तीमा २५ जना सदस्यहरूले दर्ता गर्ने अधिकारी समक्ष निवेदन दिएकोमा **छानविन** गर्दा खण्ड (क) देखि (ङ) सम्मको कुनै अवस्था विद्यमान भएको देखिएको ।

## समस्याग्रस्त सहकारी व्यवस्थापन समितिको गठन सम्वन्धी व्यवस्था :

- दफा ७७ बमोजिम समस्याग्रस्त संस्था घोषणा भएकोमा त्यस्तो संस्थाको सम्पत्ति तथा दायित्व भुक्तानी सम्वन्धी व्यवस्था संघीय कानुनले तोके बमोजिम हुनेछ ।
- उपदफा (१) बमोजिमको सिफारिस कार्यपालिकाले तोकिए बमोजिमको व्यवस्थापन समितिको गठन गर्न सक्नेछ ।
- उपदफा (२) बमोजिम गठित व्यवस्थापन समितिको काम, कर्तब्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

## सहकारी सम्बन्धी विद्यमान कानूनहरु

- संविधान २०७२
- संघीय सहकारी ऐन, २०७४ ऐ. नियमावली, २०७५
- सरकारको नीति, कार्यक्रम र बजेट
- प्रदेश सहकारी ऐन, २०७५ तथा काठमाडौँ महानगरपालिका सहकारी ऐन, २०७४,
- संघीय, प्रदेश तथा स्थानीय तहबाट जारी सहकारी मार्गदर्शन, मापदण्ड र निर्देशिकाहरू ।
- सहकारी सम्बद्ध अन्य प्रचलित नेपाल कानून ।

## सहकारी व्यवस्थालाई सुदृढ गर्न अवलम्वन गर्नुपर्ने सुझाव

- नियमित नियमन र अनुगमनका लागि सहकारी विभागलाई प्राविधिक जनशक्तिको व्यवस्था सहित अधिकारसम्पन्न र जिम्मेवार बनाउने,
- सघन अनुगमनका लागि संघ प्रदेश र स्थानीय तथा ने.रा.बै को प्रतिनिधि सहितको सहकारी टास्क फोर्स बनाउने ।
- सहकारी संघहरूको भूमिका सक्रिय, सशक्त तथा निष्पक्षता कायम गर्न सक्ने बनाउने
- कर्जा असुलीका लागि कर्जा सूचना केन्द्र गठन गर्ने । (काठमाडौँ महानगरपालिका सहकारी ऐन २०७४ को दफा ६० मा कर्जा सूचना सम्वन्धी व्यवस्था संघीय कानून बमोजिम हुनेछ)
- सम्बन्धित सरकारले नै संचालकहरूलाई कालो सूचीमा राख्ने अधिकार सुनिश्चित गर्नुपर्ने .... ।
- प्रत्येक सहकारीमा आर्थिक रकम रहने सेफ/भोल्टको इन्सुरेन्स अनिवार्य लागू गर्ने व्यवस्था मिलाउने

## सुझाव

- विद्युतीय प्रणाली मार्फत नियमित नियमन तथा अनुगमन गर्न संघीय सहकारी विभागको समन्वयमा COPOMIS लाई प्रभावकारी रूपले अद्यावधिक गराई स्थानीय तथ्यांक सूचना प्रणालीसंग आवद्ध गर्ने ।
- सहकारीको महत्व र सचेतनाका लागि विद्यालयस्तरको पाठ्यक्रममा सहकारी शिक्षाको व्यवस्था गर्ने ।
- समस्याग्रस्त सहकारी व्यवस्थापन समितिको जिम्मेवारी एउटै (संघीय) निकायबाट हुनुपर्ने । - कार्यान्वयनका क्रममा स्थानीय प्रतिनिधिको समेत उपस्थिति रहने गरी
- सहकारी सञ्चालक समितिका पदाधिकारीहरूलाई नियमित तालिमको व्यवस्था गर्ने
- सहकारीहरूलाई उत्पादन र रोजगारीसँग जोडन प्रोत्साहन कार्यक्रम सञ्चालन गर्ने
- सहकारी मार्फत् निक्षेपित रकमको निश्चित रकम राष्ट्र बैंक अन्तर्गतको नीति अनुसार अनिवार्य वचत गरिने व्यवस्था कानूनी रूपमै व्यवस्था गरिनु पर्ने ।

# झ. सहभागिहरूको सामुहिक छलफल र निष्कर्ष

## १. सहकारीको व्यवस्थापन र नियमन (समूह क)

- सहकारी व्यवसायमा स्वनियमन सहकारी सिद्धान्त मुल्य तथा मान्यताको प्रमख आधारशिला हो । सहकारीको पहिलो सिद्धान्त व्याख्या गरिएको 'सदस्यद्वारा सहकारीको प्रजातान्त्रिक नियन्त्रण' ले स्वनियमनको सर्वव्यापी स्वीकार्यतालाई समेत वृहतरूपमा देशाएको छ । एउटै सदस्य मालिक तथा ग्राहक हुने भएकोले सहकारीमा स्वनियमनको प्राथमिकतालाई राज्यले पूर्ण रूपमा नियन्त्रण गर्न असम्भव प्रायः छ । सहकारी व्यवसाय पूर्ण रूपमा राज्य नियन्त्रणमा जानु भनेको निजी व्यवसाय सरह हुनु हो ।
- सहकारी व्यवसायको प्रमुख नियन्त्रण सदस्यहरूमा हुनु पर्दछ । संस्थामा नीति नियम तथा कार्यविधि निर्माण, सदस्य तथा सामाजिक हित हुने कार्यक्रम, सहकारीको सञ्चालन प्रक्रियामा स्वनियमनलाई प्रमुख प्राथमिकतामा राख्नुपर्दछ । प्रभावकारी स्वनियमनका लागि सदस्यहरूमा सहकारी सम्बन्धी चेतना अपरिहार्य हुन्छ । सदस्यको प्रजातान्त्रिक अधिकारको सूनिश्चितताका लागि सहकारी संस्थाहरूले सहकारी शिक्षाको प्रभावकारी सञ्चालन गर्नु आवश्यक छ । जबसम्म सम्पूर्ण सदस्यहरू सहकारी सञ्चालन प्रक्रियाको बारेमा पूर्णरूपमा जानकार हुदैनन् तबसम्म सहकारीमा स्वनियमन केही हर्ताकर्ताहरूको नियन्त्रणमा मात्र सीमित रहन्छ । सहकारी सदस्य शिक्षा कमजोर हुँदा सहकारीमा समस्या आउँदछ किनभने त्यहाँ स्वनियमनको पूर्ण कार्यान्वयन हुन सक्दैन ।
- नेपालको परिवेशमा हेर्ने हो भने स्वनियमन विद्यमान अवस्थामा पूर्ण पालना भएको छैन । समुदायमा आधारित केही सहकारी बाहेक स्वनियमनको अभ्यास पूर्ण रूपमा पालना गरेका सहकारीको संख्या विरलै भेटिन्छ । स्वनियमनको मानक नहुने भएकोले पूर्ण स्वनियमन के हो भन्ने विषय सधैं बहसको विषय मात्र बन्दछ र त्यसले सहकारीमा कुनै तात्विक योगदान नगर्न सक्दछ । नेपालको सहकारी अभियानमा सहकारी शिक्षा वस्तुत वित्तीय साक्षरता सिकाइको रूपमा मात्र सञ्चालन भएको पाइन्छ । सहकारी सञ्चालन सम्बन्धमा सदस्यहरू जागरूक भएको विरलै पाइन्छ । सहकारीमा सदस्यको आकर्षण वित्तीय सशक्तीकरणको प्राप्ति प्रमुख रहेको पाइन्छ । वित्तीय प्राप्ति प्रमुख रहँदा अन्य विषय गौण हुन गई सिद्धान्तमा आधारित सहकारी सञ्चालन भएको पाइदैन । फलस्वरूपः सहकारी संस्था असफल भएका उदाहरण प्रशस्त रूपमा पाएका छौ ।
- सहकारीको लक्ष्य प्राप्तका लागि निर्माण गरिएका संयन्त्रहरूको सक्रिय तथा प्रभावकारी भूमिकाले महत्वपूर्ण योगदान पऱ्याएको हुन्छ । सहकारी व्यवसायको विभिन्न क्षेत्रमा अदृश्य रूपमा रहेका जोखिमहरूको पहिचान गरी सोको उपयुक्त समाधान पहिल्याउनका लागि आन्तरिक नियन्त्रण प्रणालीले सघाउ पुऱ्याउँदछ र यसले संस्थामा सुशासन कायम राख्न मद्दत पनि पुग्दछ ।

आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारिताका लागि लेखा सुपरिवेक्षण समितिको सक्रियतालाई प्राथमिकता दिने व्यवस्था हुनुपर्दछ । सहकारीका प्रणालीहरू अन्तर्गत, कार्य सञ्चालन प्रणाली, व्यवस्थापन सूचना प्रणाली, आन्तरिक नियन्त्रण प्रणाली, अनुगमन तथा मूल्याङ्कन प्रणाली, उत्पादन तथा सेवा विकास प्रणाली, जनशक्ति विकास प्रणाली, संस्थागत सुशासन प्रणाली, प्रविधि विकास प्रणाली, व्यवसाय प्रर्वद्धन प्रणाली, दिगो लक्ष्य प्राप्ति लगायतका प्रणालीहरू पर्दछन् ।

- वर्तमान अवस्था सहकारी क्षेत्रको चुनौतीमध्ये सुशासन सुनिश्चित गर्न नसक्नु मुख्य चुनौती हुन गएको छ । कानूनको प्रभावकारी कार्यान्वयनको अभावमा सहकारी मार्फत् हुने वित्तीय कारोवारलाई व्यवस्थित, सुरक्षित र भरपर्दो बनाउन कठिनाई भएको अवस्था छ ।
- सहकारीको संख्यात्मक बृद्धिको साथसाथै देखिएका संस्थागत सुशासन र समुदायप्रति उत्तरदायी संस्था बनाउने अभिप्रायले सहकारी अभियानको समेत राय/सुझाबको आधारमा सहकारी ऐन, २०७४ र नियमावली, २०७५ जारी भई लागु भएको छ । सहकारी संख्या र कारोबारको आकारले सहकारी अनुगमनको कार्य सहकारी विभाग मार्फत् गर्न कठिन देखिएको परिप्रेक्ष्यमा अब सहकारीका संघ र संस्थाहरूलाई प्रभावकारी अनुगमन गर्ने व्यवस्था गर्न जरूरी देखिएको छ ।
- वित्तीय सहकारी तथा गैर वित्तीय सहकारीको नियमन मापदण्ड दुई फरक पाटोमा हुनुपर्दछ । वित्तीय सहकारी अन्तर्गत व्यवसाय विस्तार, पुँजी सम्बन्धी व्यवस्था, लेखानीति, जोखिमको व्यवस्थापन, संस्थागत सुशासन, क्षेत्रगत लगानी, ग्रामीण क्षेत्र तथा पिछडिएको क्षेत्रमा वित्रीय लगानी, कर्जा सूचना तथा कालोसूची सम्बन्धी व्यवस्था, ब्याजदर सम्बन्धी व्यवस्था, अनिवार्य तरलता मौज्दात तथा वैधानिक तरलता सम्बन्धी व्यवस्था, सम्पत्ति शुद्धीकरण सम्बन्धी व्यवस्था, वित्तीय श्रोत संकलन सम्बन्धी लगायतका व्यवस्थाका लागि राज्यले न्यूनतम मापदण्ड तोक्नुपर्दछ ।

## २. सहकारी सञ्चालनका विद्यमान समस्याहरु

सहकारीको सिद्धान्त, मुल्य, मान्यता एवं गन्तव्यको बारेमा सरकार र अभियान (सरोकारवाला) को साझा बुझाई देखिएको छैन । राज्यले सहकारी क्षेत्रलाई कम प्राथमिकता प्राप्त विषयको रूपमा प्रयोग गरेको छ । नियमनको संरचना, मापदण्ड, दक्ष जनशक्ति, नियामक निकायको स्वायत्तताको अभाव आदि कारणले पर्याप्त नियमनको व्यवस्था हुनसकेको छैन । सहकारी क्षेत्रमा आन्तरिक तथा बाह्य सुशासनको कमी रहेको देखिन्छ । सूचना प्रविधिको न्यून प्रयोग, एकीकृत तथ्यांकको अभाब, पारप्त सूचनाको विश्वासनीयताका कारणले सहकारी क्षेत्र कमजोर बन्न पुगेको छ । एकीकरण, नयाँ दर्ता, एकीकरण भएका सहकारीको सम्पत्ति हस्तान्तरण आदि सम्बन्धी नीतिमा तथा कानुनमा समयानुकुल परिमार्जन नहुनु एबम फरक ब्यवस्था हुँदा नीति-नियमको कार्यान्वयनमा समस्या देखिएको छ र व्यवसायिक जनशक्ति अभावले समेत सहकारी क्षेत्रलाई चुनौती थपेको छ ।

## वित्तीय सहकारीको व्यवस्थापन सम्बन्धी व्यवस्था

### क. दर्ता प्रक्रिया व्यवस्थापन

१. न्युनतम पुँजी सम्बन्धी ब्यवस्था गर्ने (ग्रामिण क्षेत्रको लागि फरक गर्ने)

२. न्युनतम पुँजीको श्रोत खुलाउनु पर्ने ब्यवस्था

३. आवश्यकताको मापदण्ड निर्माण (सम्भाव्यता अध्ययन प्रतिवेदन) र सो पूरा भए मात्र स्वीकृति दिने व्यवस्था

४. सञ्चालक र ब्यबस्थापकको fit & proper test (qualifications, skills, experience, knowledge, character, honesty, integrity)

५. पूर्व शिक्षा अनिबार्य लिनुपर्ने ।

### ख. नियमन गर्ने निकायको कानूनी संरचना निर्माण गर्ने

### अनुगमन संरचना

१. सहकारी बिभागलाई स्वायत बनाई अनुगमन गर्ने,

२. स्वार्थ बाझिने विषय बिभागबाट अलग गर्ने,

३. कर्मचारी बिभाग वा मातहतमा मात्र सरूवा गर्ने,

४. अनुगमन तथा नियमनको विषयमा प्रष्ट हुनुपर्ने,

५. केन्द्रीय बैंकले बचत तथा ऋण कारोबार गर्ने सहकारीको ऐनमा भएको व्यवस्था अनुसार नियमन गर्ने ।

### अनुगमन निर्देशिका

संबिधान, सहकारी, ऐन, नियम तथा प्रचलित कानुनको अधीनमा रही वित्तीय सहकारीको अनुगमन निर्देशिका बनाउनु अत्यन्त जरूरी देखिएको छ । अनुगमन निर्देशिका बनाउँदा निम्न बिषय ध्यान दिईएमा राम्रो हुने देखिन्छः-

१. न्युनतम पुँजीकोष सम्बन्धी ब्यवस्था

२. कर्जा प्रवाह, वर्गीकरण तथा कर्जा नोक्सानी सम्बन्धी व्यवस्था

३. कर्जा वर्गीकरणमा (PEARLS SYSTEM मा परिमार्जन आवश्यक) अनुसारको ब्यवस्था

४. एकल ग्राहक तथा क्षेत्रगत कर्जा सापट र सुविधाको सीमा निर्धारण सम्बन्धी ब्यवस्था

५. लेखा नीति तथा वित्तीय ढाँचा

६. सहकारी एकीकरण सम्बन्धी ब्यवस्था

७. जोखिम व्यवस्थापन सम्बन्धी व्यवस्था

८. संस्थागत सुशासन सम्बन्धी ब्यवस्था

९. सुपरिवेक्षकीय निर्देशन लागू गर्ने कार्य तालिका सम्बन्धी ब्यवस्था

१०. तथ्याङ्क विवरण (COPOMIS) सम्बन्धी व्यवस्था

११. अनिवार्य मौज्दात/वैद्यानिक तरलता सम्बन्धी व्यवस्था

१२. शाखा कार्यालय खोल्ने सम्बन्धी व्यवस्था

१३. स्तर उन्नति तथा कार्यक्षेत्र बिस्तार सम्बन्धी व्यवस्था

१४. अनिबार्य मौज्दात सम्बन्धी व्यवस्था

१५. बित्तीय साक्षरता सम्बन्धी व्यवस्था

१६. आधार दर र सन्दर्भ ब्याजदर बीच सम्बन्ध सहित ब्याजदर सम्बन्धी व्यवस्था

१७. सामाजिक परीक्षण सम्बन्धी व्यवस्था

१८. बित्तीय कारोबार सम्बन्धी व्यवस्था

१९. बित्तीय श्रोत संकलन तथा परिचालन सम्बन्धी सहकारी ऐन, २०७४ मा भएको व्यवस्था

२०. सम्पत्ति शुद्धिकरण निबारण सम्बन्धी व्यवस्था

२१. संस्थागत सुशासन सम्बन्धी व्यवस्था

२२. कर्जा सूचना तथा कालो सूची सम्बन्धी व्यवस्था

२३. सदस्य बृद्धि तथा सदस्य केन्द्रीयता सम्बन्धी व्यवस्था

२४. सहकारी बिमा सम्बन्धी व्यवस्था ।

## बित्तीय सहकारीको प्रभावकारिता मापन सम्बन्धी व्यवस्था

सहकारी संस्थाले बिनियममा उल्लेख भएका उद्देश्यहरू प्राप्त गर्नका लागी समितिबाट भएका निर्णय र कार्य, सदस्यहरूले प्राप्त गरेका सेवा र सन्तुष्टिको स्तर, सेवा प्राप्तिबाट सदस्यहरूको जीबनस्तरमा आएको आर्थिक सामाजिक तथा बाताबरणीय सकारात्मक परिवर्तनको सामाजिक परीक्षण तोकिएको फर्मेटमा प्रत्येक बर्ष गरी नियामक निकायमा पेश गर्नुपर्ने प्रावधान राख्ने ।

## सहकारी अभियानभित्रको संचालन तरिका

- सहकारी सञ्चालनको प्रमुख आधारशिला सहकारी सिद्धान्तहरूको पूर्ण प्रयोग हो । सहकारी व्यवसायलाई देशको स्थानीय आवश्यकता तथा औचित्य अनुसार स्थानीयकरण गर्दै लैजादा सहकारीको सफल प्रयोग गर्न सकिन्छ ।
- नेपालमा विशेषत वित्तीय सहकारीको सञ्चालन तरिकाको विषेश व्यवस्था आवश्यक रहेको छ । राज्यले सहकारी सिद्धान्तको मर्मलाई आत्मासात गर्दै सहकारी सञ्चालनलाई प्रष्टता बनाउनु आवश्यक छ । बचत तथा ऋण कारोबार गर्ने प्रारम्भिक संस्थाहरूले वित्तीय श्रोतको व्यवस्थापनका लागि जोखिम सम्पत्तिको आधारमा पुँजीकोष कायम गर्ने व्यवस्था लागु हुनुपर्दछ ।
- बचत तथा ऋण कारोबार गर्ने संघहरूले वित्तीय कारोबार गर्न पाउने नपाउने विषयमा स्पष्टता आवश्यक रहेको छ । सदस्यको समान आर्थिक सहभागिता सिद्धान्तमा आधारित रहेर वित्तीय

कारोबार गरिरहेका संघहरूमा, सदस्यको असमान आर्थिक सहभागिताले सिद्धान्तको विपरीत बैकिङ् कारोबारलाई दर्शाउँदछ ।

- बहुउद्देश्यीय सहकारी संस्थाहरूले बचत तथा ऋण सम्बन्धी कारोबार गर्न पाउने नपाउने विषयमा प्रष्टता ल्याउनु आवश्यक छ । बहुउद्देश्यीय सहकारी संस्थाहरूले बचत तथा ऋण कारोबारलाई प्रमुख व्यवसायको रूपमा सञ्चालन गर्ने हो भने बचत तथा ऋण सहकारीमा परिवर्तन गर्नुपर्दछ । सहकारीको प्रकृति अनुसार कारोबारमा एकरूपता ल्याउँदा नियामकिय अनुपालनाको कार्यान्वयन प्रभावकारी तथा नीतिगत रुपमा एकरूपता कायम हुन्छ ।

सहकारीको स्वःव्यवस्थापन संचालनको कार्यदिशा, अभ्यास, सिकाई र चाल्नु पर्ने उपायहरु (समुह ख)

**३. सहकारी स्वः व्यवस्थापनमा**

- सहकारी मूल्य मान्यतामा आधारित
- प्रजातान्त्रिक नियन्त्रण
- ऐन, नियमको व्यवस्था
- ऐन, नियममा आधारित भएर विनियम बनाउने
- विनियममा आधारित भएरः-
    - साधारणसभा
    - सञ्चालक समिति, लेखा सुपरिवेक्षण समिति र अन्य उपसमिति
    - आन्तरिक कार्यविधि बनाई काम कारवाही गर्ने ।

सिकाई

- सवै विषय स्वः नियमन स्वः सञ्चालन गर्न प्रभावकारी नियमन अनुगमन,
- कानूनको प्रभावकारी परिपालना,
- नियामक निकाय वीच समन्वय,
- सहकारी शिक्षाको आवश्यकता ।

समस्या समाधान

- प्रचलित कानूनी प्रावधान र विनियमको प्रभावकारी कार्यान्वयन
- नियामक निकाय वीच समन्वय हुनुपर्ने
- सहकारी शिक्षाको विस्तार
- सघंहरूलाई कृयाशील बनाउने

दर्ता प्रक्रिया, संरचनात्मक समन्वयका विधि र प्रक्रियाहरु ः-

- प्रत्येक नियामक निकायले प्रचलित कानून बमोजिम मापदण्ड बनाएर दर्ता गर्ने गरेको,

**समस्याः**

- सहकारी संस्थाको संख्या वृद्धिले संस्थाको गुणस्तरमा कमी आएको ।
- एकीकरण प्रक्रियामा असर पुऱ्याएको

## अभिलेख व्यवस्थापनमा अभ्यास, अनुभव, प्रविधिमैत्री सुधार, जवाफदेहिता

- संस्था र नियामकसँग महत्वपूर्ण अभिलेख नरहेको
- COPOMIS मा अभिलेख प्रविष्टि पूर्ण रूपमा गर्न नसकिएको,
- COPOMIS लाई User Frendly बनाउन नसकिएको,
- सर्भरको क्षमता बढाउनुपर्ने,
- दक्ष जनशक्तिको व्यवस्थापन,
- उत्पादक सहकारी संस्थाको विवरण भर्ने : अलग हुनुपर्ने,
- सहकारी संस्थाले Data backup अनिवार्य राख्नुपर्ने ।

## अनुगमन र सुपरिवेक्षणमा हाम्रो अनुभव र अन्तराष्ट्रिय अभ्यास

- स्वः अनुगमनलाई प्रभावकारी बनाउने,
- भौगोलिक कार्यक्षेत्रका आधारमा निश्चित कार्यविधि अपनाएर तीन तहकै सरकारबाट हुने गरेको,
- संयुक्त अनुगमन गर्ने कानूनी प्रावधान,
- महासंघ, संघले अनुगमन गर्न सक्ने कानूनी प्रावधान

### अन्तर्राष्ट्रिय अभ्यास

- Online अनुगमन निरीक्षण हुने गरेको,

## सहकारीमा सुशासन प्रवर्द्धनमा गर्नुपर्ने सुधार

- प्रचलित कानूनको प्रभावकारी कार्यान्वयन,
- प्रचलित कानूनमा समसामयिक संशोधन गर्नुपर्ने,
- स्वः नियमन, स्वः अनुगमनलाई प्रभावकारी बनाउने,
- तीन तहकै सरकार वीच समन्वयमा नियमन, अनुगमन गर्नुपर्ने,
- COPOMIS मा अनिवार्य आवद्धता, रिपोर्टिङ र क्षमता अभिवृद्धि,
- सहकारी संस्था दर्ता नियमन एकीकृत मापदण्ड बनाउने,
- कर्जा सूचना केन्द्र, ऋण असुली न्याधिकरणको स्थापना,
- सहकारी विभागको क्षमता अभिवृद्धि गर्ने ।

## समस्याग्रस्त सहकारीको व्यवस्थापन (समुह ग)

सहकारी संचालन व्यवस्थापन, क्षमता अभिवृद्धिका लागि अवलम्बन गर्नु पर्ने विधि र प्रक्रियाहरु

- पूर्व योग्यता निर्धारण वा सहकारी शिविर सञ्चालन गरे पश्चात् मात्र संस्था दर्ता गर्ने ।

- सदस्यता प्रदान गर्दा अनिवार्य सदस्य अनुशिक्षण गर्नुपर्ने ।
- हरेक सहकारी संस्थाको निर्वाचन पश्चात् सञ्चालक समिति र लेखा समितिका पदाधिकारीले निकाय वा संघ तोकिएको क्षमता अभिवृद्धि तालिम अनिवार्य लिनुपर्ने व्यवस्था गर्ने ।

### सहकारी संघ सस्थाहरु समस्याग्रस्त हुन नदिन अवलम्वन गर्नुपर्ने उपायहरु

- सवै सहकारी संस्थालाई विषयगत संघले निर्धारण गरेका स्तरिकरण कार्यक्रममा अनिवार्य सहभागि गराउर्नुपर्ने ।
- वचत तथा ऋण सहकारी संस्थाको हकमा आधारशिला, जोखिममा आधारित सुपरिवेक्षण कार्यक्रम, प्रोवेशन र एक्सेस कार्यक्रम अनिवार्य सञ्चालक गर्नुपर्ने । यसका लागि नियामक निकाय र संघको संयुक्त कार्यक्रम निर्धारण गरी सघन अनुगमन गर्नुपर्ने ।
- साधारण सभाको अनुगमन सम्वन्धित विषयगत संघ र नियामक निकायको प्रतिनीधिले गर्नुपर्ने ।

## कानूनी तथा नीतिगत समस्या र समाधान

- विद्यमान नियमन संहिताहरूको पुनरावलोकन गर्नुपर्ने, वित्तीय सहकारी संस्थाको हकमा छुट्टै नियामक निकाय वा ऐनको व्यवस्था गर्नुपर्ने ।
- ऐन कार्यान्वयनका लागि (कर्जा सुचना केन्द्र, ऋण असुली ऐन, न्यायाधिकरण, स्थिरिकरण कोष, वचत तथा ऋण सुरक्षण कोष लगायतका व्यवस्थाहरू तुरून्त लागु गर्नुपर्ने ।
- संघ, प्रदेश र पालिकाको कार्य क्षेत्रभित्र रहेका संस्थाहरूको नियमनका लागि छुट्टै कानूनी तथा नीतिगत स्पष्टता हुनु पर्ने ।

### समस्याग्रस्त सहकारीको व्यवस्थापनमा कानूनी तथा नीतिगत समस्या र समाधान

- सञ्चालक पदाधिकारी, कर्मचारी तीनका परिवार सदस्य मात्र नभएर ऋणी र अन्य संलग्न व्यक्तिलाई कारबाही गर्ने अधिकार सहितको कानुनी अधिकार हुनुपर्ने ।
- ऋण असुली गर्न कर्जा असुली न्यायाधिकरणमा भएको कर्जा असुली अधिकृतलाई भएको अधिकार सरह व्यवस्थापन समितिलाई हुनुपर्ने ।
- सञ्चालक, पदाधिकारी, कर्मचारी, ऋणी र अन्य संलग्न देखिएकाको परिवारको समेत चल अचल सम्पत्ति रोक्का, जफत र लिलाम गर्ने स्पष्ट अधिकार हुनु पर्ने । यस्तो अधिकार तहगत कानूनमा समेत हुनुपर्ने ।

### समस्याग्रस्त सहकारीको व्यवस्थापनमा गर्नुपर्ने सुधार

- व्यवस्थापन समितिका सदस्यको योग्यता र अनुभवलाई अझ वृहत्तर गर्नुपर्ने ।
- समितिमा विषयगत जानकारी र सीपयुक्त कर्मचारीको व्यवस्थापन गर्नुपर्ने ।
- कार्यालयलाई स्रोत र साधनयुक्त बनाउनुपर्ने ।

# ञ. सहकारी संस्थामा सुशासन प्रवर्द्धन र व्यवस्थापन कार्यशाला गोष्ठीको प्रक्रिया र निष्कर्ष

- रघुनाथ महत,

## उद्घाटन सत्र

- समस्याग्रस्त सहकारी व्यवस्थापन समितिको अध्यक्षको सभापतित्व
- स्वागत मन्तव्यः समितिका सदस्य केशवराज आचार्य
- प्रमूख अतिथिः मा. मन्त्रीज्यूबाट कार्यक्रमको उद्घाटन
- शुभकामना मन्तव्यः
  (क) प्रदेश १ का रजिष्ट्रार हरि बहादुर खत्री
  (ख) बोर्डका सदस्य सचिव श्री चक्रबहादुर पराजुली
  (ग) रा.स.महासंघका अध्यक्ष मीनराज कँडेल
  (घ) मन्त्रालयका सचिव श्रीमान् रामप्रसाद थपलिया
  (ङ) विशेष अतिथिः श्रीमान सचिवज्यू, अतिथिहरू र सहभागीहरू
- रजिष्ट्रारबाट एकीकृत सहकारी निर्देशन, २०७९ जारी
- प्रमूख अतिथि मा. मन्त्रीज्यूबाट शुभकामना वक्तव्य
  - सबैको लागि एक र एकको लागि सबै भन्ने दर्शन
  - सहकारी मूल्य, मान्यता, सिद्धान्त विपरीत चल्दा ठूला र वचत ऋण सहकारीमा बढी समस्या,
  - एकीकृत निर्देशनको पालना हुने विस्वास
  - संस्थागत सुशासन नभए राज्यको नियन्त्रण बाहिर जाने चिन्ता
  - तीन वटै तह जिम्मेवार भएपनि खराबी नियन्त्रण गर्न नसकिएको
  - नियामक निकायको भूमिका कमजोर,
  - सहकारीलाई उत्पादन, रोजगारी र गरिवी निवारणमा केन्द्रित
  - रोगको सही पहिचान र इमान्दार प्रयास आवश्यक
  - आत्मनिर्भर र स्वाधीन अर्थतन्त्र निर्माणमा सहकारी माध्यम
- कार्यक्रमका अध्यक्ष काशीराज दाहाल, -अध्यक्ष, स.स.व्य.समितिको मन्तव्य
  - समस्याग्रस्त घोषणा हुँदा सबै कुरा सकिइसकेकोले समस्या जटिल
  - सहकारीलाई समस्याग्रस्त हुनै नदिनेतर्फ यो कार्यक्रम आयोजना गरिएको
  - सहकारी मूल्य मान्यताको अनुसरण गरेका सहकारीहरू सफल,
  - नेपालमा मूल्य, मान्यता बाहिर गएका ठूला सहकारीहरूमा समस्या

- सहकारीलाई मौलिक हकमा राख्नु र प्रदेशको अधिकार कटौती फरक कुरा
- रजिष्ट्रारको परंपरागत भूमिकाबाट कमिश्नरको भूमिकामा जानुपर्ने हो कि
- स्वार्थ बाफिनेगरी सञ्चालक नराख्ने, सञ्चालकलाई ऋण नदिनेजस्ता असल अभ्यास
- संघीय प्रणाली अपनाएका देशमा नियमन संघीय क्षेत्राधिकारमा राखिएको
- कानूनमा न्याय, राजनीतिमा नैतिकता तथा व्यक्ति र समाजमा अध्यात्म हुनुपर्ने
- मस्तिष्कमा समझदारी, काँधमा जिम्मेवारी र काममा इमान्दारी हुनुपर्ने

**संविधान, संघीयता र सहकारीः काशीराज दाहाल, अध्यक्ष, स.स.व्य.समिति (कार्यपत्रको सार)**

- संविधान राज्यको संरचना र कार्यप्रणाली व्यवस्थित गर्ने मूल कानून,
- यसले राज्य नागरिकको सम्बन्धलाई स्थापित गर्ने मार्गचित्र प्रस्तुत गर्ने,
- नेपालको संघीयता सहकारी मोडेलको (Cooperative Federalism),
- "नियमन" to fix, establish, or control, to adjust by rule, methodÙ to direct by rule lawsæ; (नियमबद्ध पार्नु, व्यवस्थित गर्नु हो) (Black's Law Dictionary, 1979, p.1156),
- संघको एकल अधिकारको सूचीमा परेको विषयमा कानून बनाउने, प्रदेश र स्थानीय तहको एकल अधिकारमा अतिक्रमण नगर्ने, दोहोरो नपर्ने गरी कानून बनाउने,
- संघको एकल अधिकारमा वा अवशिष्ट अधिकारको विषयसँग सम्बन्धित कुनै कार्य प्रदेश वा स्थानीय तहलाई कानूनद्वारा प्रत्यायोजन गर्न सक्ने व्यवस्था गर्ने,
- फौज्दारी कसूर कायम गर्ने र दण्ड सजायँ गर्ने कानून तर्जुमा गर्ने अधिकार संघलाई मात्र हुने,
- एकल वा अवशिष्ट अधिकार संघले प्रत्यायोजन गर्न सक्ने,
- प्रदेश वा स्थानीय तहबाट प्रभावकारी कार्यान्वयन हुनसक्ने विषयको प्रत्यायोजन गर्ने,
- स्थानीय बहुतहको एकल अधिकारमा परेको विषयको कार्यान्वयन, वा कानून बनाउँदा प्रदेशले संघीय कानूनप्रति र स्थानीय तहले संघीय र प्रदेश कानून प्रतिकूल नहुने गरी गर्नुपर्ने,
- प्रदेश र स्थानीय तहले राष्ट्रिय नीति र प्रदेश नीति प्रतिकूल हुन नहुने गरी गर्ने,
- सहकारी संस्थाको गठन तथा संचालन गर्दा सहकारीका मूल्य, मान्यता र सिद्धान्तको पालनाबाट नै सहकारी संस्था समस्याग्रस्त हुनबाट जोगाउन सकिने,
- तहगत सरकारको कार्यक्षेत्र निर्धारण गर्ने, सहकारी ऐन नियमका व्यवस्थालाई प्रभावकारी रूपमा कार्यान्वयन गर्ने,
- साझा अधिकारको कानून बनाउँदा तहगत रूपमा परामर्श गर्नुपर्ने,
- व्राजिल, दक्षिण कोरियामा जस्तै वित्तीय सहकारी संस्थाहरूमा निश्चित सीमा भन्दा बढी कारोबार गर्ने सहकारी संस्थाहरूमा केन्द्रिय बैंकद्वारा नियमन र सुपरिवेक्षण नियमित रूपमा गर्ने व्यवस्था.
- सहकारी ऐन, २०७४ र नियमावली, २०७५ को कार्यान्वयनको स्थितिको समीक्षा गरी

आवश्यकतानुसार कानूनमा सुधार गर्ने,

- सहकारी संस्थाहरूलाई समस्याग्रस्त हुन नदिन त्यही अनुरूपको नियमन प्रणालीको विकास गरी सहकारी क्षेत्रमा सुशासनको प्रवर्द्धन गर्ने,
- सहकारी र राज्य संयन्त्रको प्रभावकारी परिचालन र विद्यमान कानूनमा आवश्यक सुधार गरी कानूनको प्रभावकारी कार्यान्वयनद्वारा समस्याग्रस्त हुनबाट जोगाई सुशासनको प्रवर्द्धनमा सम्बन्धित व्यक्ति र निकायहरू बढी क्रियाशील हुनु पर्ने ।

## समस्याग्रस्त हुनुका कारणहरू

- सहकारीको मूल्य मान्यता र सिद्धान्त वमोजिम संचालन नगर्नु,
- सहकारी संस्थाको नियमन र अनुगमन प्रभावकारी नहुनु,
- सहकारी संस्थाको संचालकहरू गैर जिम्मेवार हुनु, स्वार्थ बाझिने गरी काम गर्नु,
- सहकारी संस्थामा आन्तरिक सुशासनको अभाव हुनु,
- स्वस्थ प्रतिस्पर्धा र कारोवार गर्ने ज्ञानको कमी हुनु,
- व्यावसायिक सिपको अभाव र नयाँ प्रविधिमा पहुँचको समस्या हुनु,
- दक्ष र सक्षम जनशक्तिको अभाव हुनु,
- ऋण सुरक्षणको अभाव, ऋण असुल हुन नसक्ने गरी ऋण दिई रकम हिनामिना गर्ने प्रवृत्ति
- साधारण सभा, संचालक समितिको बैठक, लेखा सुपरिवेक्षण समितिको कार्य, लेखा र लेखा परीक्षण नियमित र प्रभावकारी नहुनु आदि ।

## सुझाव

- सहकारी "नियमनको अधिकार" संघीय सरकार र साझा अधिकारको विषयसूची भित्र परेकोमा प्रदेश र स्थानीय तहले सहकारीका सम्बन्धमा बनाउने कानूनमा निश्चित मापदण्ड र शर्तहरू पालना गर्ने गरी संघिय कानून बनाउन निर्दिष्ट गर्नुपर्ने ।
- सहकारी संस्था वा संघमा सुशासन कायम गर्न, सुशासनलाई प्रवर्द्धन गर्न, नियमन, निरीक्षण र अनुगमनको कार्यलाई प्रभावकारी बनाउन अधिकारसम्पन्न कमिस्नर प्रणाली वा प्रभावकारी नियामक र निरीक्षण गर्ने निकायको व्यवस्था गर्ने,
- सहकारी कानूनको कार्यान्वयनको स्थितिको समीक्षा गरी आवश्यकतानुसार कानूनमा सुधार गर्दै पूँजी, कारोवार रकम, सदस्य संख्या जस्ता आधारमा तहगत सरकारको कार्यक्षेत्र निर्धारण गर्ने, सहकारी ऐन नियमका व्यवस्थालाई प्रभावकारी रूपमा कार्यान्वयन गर्ने,
- व्राजिल र दक्षिण कोरियाको जस्तै केन्द्रिय बैंकद्वारा नियमन र सुपरिवेक्षण नियमित रूपमा गर्ने व्यवस्था गरी प्रभावकारी रूपमा कार्यान्वयन गर्ने,
- तहगत सहकारी कानूनको तुलनात्मक अध्ययन गराई 'विषयगत समिति' मार्फत सुधारका निम्ति आवश्यक पहल गर्ने

- प्रदेश र स्थानीय तहको कार्यक्षेत्र भित्र रहेका सहकारी संस्थाहरूको नियमनका सम्बन्धमा संघीय सहकारी ऐनले नै विशेष शर्त र मापदण्ड तोक्ने, अनुगमनका निम्ति तहगत समन्वयको सम्बन्धमा सहकारी ऐनमा नै विशेष व्यवस्था गर्ने, सहकारी संस्थाहरूको नियमन गर्ने निकायलाई साधन स्रोतको दृष्टिले समेत सम्पन्न बनाउने,
- सहकारी संस्थालाई समस्याग्रस्त घोषणा गर्नु पूर्व नै नियमनकारी निकायले त्यस्तो संस्थाको सम्पत्ति रोक्का र सुरक्षित गर्ने व्यवस्था गर्ने,
- सहकारी संस्थाहरूको ऋण असुली सम्बन्धी विवादहरू समयमै समाधान गर्न विशिष्टकृत अदालतबाट कारवाही र सुनुवाई गर्ने व्यवस्था गर्ने,
- सहकारी ऐन नियमको वर्खिलाप कार्य गरी कसुर गर्ने उपर समयमै कानूनी कारवाही गरी पीडित पक्षलाई पूर्ण न्याय प्रदान गर्न अझ सुदृढ कानूनको व्यवस्था गर्ने र त्यस सम्बन्धमा राज्यका सम्बन्धित निकायहरू बढी क्रियाशिल र प्रभावकारी हुनुपर्ने ।

## सहकारी प्रवर्द्धनमा राष्ट्रीय सहकारी महासंघको भूमिका – मिन राज कडेल (कार्यपत्रको सार)

- आर्थिक, सामाजिक, सांस्कृतिक र वातावरणीय संरक्षणमा सहकारी अभियान
- गरिवी निवारण लगायत दिगो विकासका लक्ष्य हासिल गर्नमा योगदान
- संख्यात्मक विकास भयो अव एकीकरण र गुणात्मक विकास
- सबैभन्दा बढी बागमती प्रदेश र शहर केन्द्रित
- महासंघ सहकारी अभीयानको शीर्षस्थ निकाय
- १० वर्षे रणनीतिक व्यावसायिक योजना
- सहकारी संघ संस्थाको विकास र प्रवर्द्धन
- अभियानको सुदृढीकरण
- सहकारी नीति कानून तर्जुमामा बहस पैरवी
- विभिन्न कार्यविधि, निर्देशिका र आचारसंहिता निर्माण र कार्यान्वयन
- तालिम, गोष्ठी र अन्तर्कृया
- सदस्य र संघको क्षमता विकास
- सदस्य संघहरूको रणनीतिक र व्यावसायिक योजना निर्माण
- संघहरूको एकीकरणमा पहल
- विभिन्न प्रकाशन
- सहकारी पाठ्यक्रम विकास
- उत्पत्तिको प्रमाणपत्र
- सरकारसँगको समन्वय

### वित्तीय सुशासनमा नेफस्कुन (NEFSCUN) को भूमिका–परितोष पौडेल (कार्यपत्रको सार)

- वित्तीय सहकारीका थप छुट्टै सिद्धान्तहरू पनि छन्
- सहकारीलाई स्तरीकरण र स्थिरिकरणको माध्यमबाट अघि बढाउने
- सुशासनको लागि तीन वटै तहको सहकार्य
- सेवा केन्द्र खोल्ने
- आकारमा सन्तुलन
- सुशासनका लागि आन्तरिक, बाह्रय र व्यक्तिगत तहमा सुशासन
- अभियान र सरकारको बीच समन्वय कायम हुनुपर्ने
- सन्दर्भ ब्याजदरको कार्यान्वयन फितलो
- सुशासन कायम गर्न राज्यको प्रमुख भूमिका, नियमन प्रभावकारी बनाउने

### सहकारी दर्ता सञ्चालनमा देखिएका समस्या र समाधानका उपाय – रजिष्ट्रार, नारायण प्रसाद ज्ञवाली, वागमती प्रदेश (कार्यपत्रको सार)

- समुदाय आधारित बनाउन विशेष रणनीति
- साझा बन्धनको अभाव
- दर्ताको बखत नै कार्यक्षेत्रमा स्पष्टता, कम्तीमा वडा वा स्थानीय तहबाट शुरू
- नियामक निकायमा दक्ष जनशक्तिको विकास
- सहकारीका सफ्ट्वेयरमा गूणस्तर, सुरक्षणको भरपर्दो प्रबन्ध
- कोपोमिस (COPOMIS) मा आबद्धता बढाउने, तालिमको प्रबन्ध गर्ने
- सबै सहकारीले ऋण वचतको कारोवार गर्ने प्रवृत्तिमा सीमा निर्धारण
- अनुगमनका साझा न्यूनतम् सूचक निर्धारण
- अनुगमन टोली गठन, राष्ट्र बैकसमेतको संयुक्त टोली गठन गर्ने
- गैरस्थलगत अनुगमन

### सहकारी प्रवर्द्धनमा मन्त्रालयको भूमिका – सचिव, रामप्रसाद थपलिया (कार्यपत्रको सार)

- सहकारीको मूल्य, मान्यता र सिद्धान्तमा जोड
- मन्त्रालयको कार्यक्षेत्रमा प्रकाश
- सहकारीलाई उत्पादन, रोजगारी र गरिवी निवारणमा केन्द्रित
- संघ, प्रदेश र स्थानीय तहबीच समन्वय, सम्बन्ध
- समस्याग्रस्त हुन नदिन प्रभावकारी अनुगमन

- सहकारी अभियानले नियामक निकायसँग सहयोग र समन्वय गर्ने
- संयुक्त र सघन अनुगमनमा जोड

## सहकारी क्षेत्रमा सुशासन, – सह–सचिव, निराजन घिमिरे (कार्यपत्रको सार)

- नियमन र अनुगमन भिन्न अवधारणा
- Not for profit, Not for charity but for service
- सहकारीको मूल्य, मान्यता र सिद्धान्त, कानूनको परिपालनामा जोड
- सहकारी नीति पुनरावलोकनको प्रयास शुरू
- सहकारी ऐनको संशोधनको प्रकृया
- सहकारीलाई उत्पादन, रोजगारी र गरिवी निवारण तर्फ केन्द्रित
- समस्याग्रस्त हुन नदिन प्रभावकारी अनुगमन
- अनुगमन सूचकको स्पष्ट व्यवस्था

## सहकारी क्षेत्रको नियमन, – रजिष्ट्रार, रुद्रप्रसाद पण्डित (कार्यपत्रको सार)

- नियमनभित्र नीति, ऐन, नियम, मापदण्ड, निर्देशिका, कार्यविधि, तर्जुमादेखि संस्था दर्तादेखि लिक्वीडेसनसम्मको प्रकृयाहरू पर्छन ।
- तहगत कार्यक्षेत्रको विवाद र अस्पष्टता
- सीमा निर्धारण गरेर तहगत नियमन
- कोपोमिस (COPOMIS) को प्रभावकारी निर्धारण
- कम्पनीलाई वागमती प्रदेशमा सदस्यता, नवीकरण
- गण्डकी प्रदेशले भवनको जग्गा खरिदमा पनि रजिष्ट्रेशन शुल्क संस्था दर्ता गर्दा मापदण्ड अवलम्वन नगरिएको
- कतिपय स्थानीय तहमा कानून नबनेको, ऐन बने पनि नियमावली नबनेको
- अस्वस्थ प्रतिस्पर्धा
- तरलता व्यवस्थापन कम
- कमजोर धितो मूल्यांकन
- लोकतान्त्रिक अभ्यासको कमी, ऋण नवीकरण, हर्जना बढी
- पल्स अनुगमन पद्धतिको अनुशरण नगर्ने पद्धति
- अनुत्पादक क्षेत्रमा लगानी, संचालकहरूलाई अधिक लगानी
- सेवा केन्द्र/ शाखा कार्यालयका नाममा संचालन खर्च
- अत्यधिक वाह्रय ऋण उत्पादनमूलक भन्दा वचत तथा ऋण सहकारी संचालनमा सबैको चाहना

- कोपोमिसको प्रभावकारी कार्यान्वयनको अभाव
- सहकारी ऐनको संशोधन आवश्यक
- संयुक्त अनुगमन प्रभावकारी बनाउने
- विभिन्न कोष र संरचनाहरूको स्थापना, संचालन तथा परिचालनमा प्रभावकारिता
- सहकारी संस्था दर्ता मापदण्डमा एकरूपता कायम गर्ने
- दर्ता संख्यामा भन्दा गुणस्तरमा जोड दिनु पर्ने
- पुँजीगत दायित्वको आधारमा नियमन गर्ने
- सहकारीमा समस्याग्रस्तता हुनै नदिने, घोषणा गर्नैपर्ने भएमा एकरूपता कायम गर्ने
- तीनै तहका नियामकवीच समन्वय र सहकार्य हुनुपर्ने
- सहकारी संस्थामा प्रयोग हुने सफ्टवेयरको स्तर निर्धारण
- सम्पत्ती शुद्धिकरण निर्देशन लागू गर्ने
- सोच पत्र जारी गर्ने
- एकीकृत निर्देशनको कार्यान्वयन र अनुगमन हुनु पर्ने
- कुल ग्राहस्थ उत्पादन (जिडिपि) मा सहकारीको योगदानको सूचक विकास
- सहकारी समन्वय सञ्जाल विस्तार
- सहकारी प्रोत्साहन
- प्रदेश रजिष्ट्रारहरूसँग समन्वय बैठक गर्ने ।

## निष्कर्षः कार्यपत्र प्रस्तुति, समूहगत छलफलबाट समेत

- तीन तहको सहकारी कानूनको तुलनात्मक अध्ययन गर्ने
- सहकारी ऐनको समसामयिक संशोधन र राष्ट्रिय सहकारी नीति पुनरावलोकन, परिमार्जन गर्ने,
- ऐनले गरेका कोष, संरचना तथा व्यवस्थाहरूको स्थापना र सञ्चालन हुनपर्ने,
- साझा अधिकार र नियमनको भाव अनुसार तहगत कानूनमा सुधार हुनुपर्ने,
- नियमनको लागि कारोवारको सीमा निर्धारण गर्ने,
- सहकारी शिक्षा र प्रवर्द्धनमा सहकारी अभियानले नेतृत्व लिनुपर्ने,
- नियामक निकायको आवश्यक पुनर्संरचना गर्ने,
- तहगत निकायबीच समन्वय र प्रतिवेदन प्रणालीको विकास गर्ने,
- कोपोमिस प्रणालीलाई सुदृढ गरी कार्यान्वयन गर्ने
- सहकारीलाई उत्पादन, रोजगारी र गरिवी निवारणमा जोड दिने,
- सहकारी अभियान र नियामक निकायबीच समन्वय र सहकार्य गर्ने

- संघसंस्थाहरूमा लोकतान्त्रिकीकरण र नियमित साधारण सभा, बैठक, लेखापरीक्षण हुनुपर्ने
- सहकारी मूल्य, मान्यता र सिद्धान्तहरूको पालनागरी सुशासन प्रवर्द्धन गर्ने,

## सहकारी सुशासन सम्बन्धी प्रतिवद्धता पत्र २०७९

मिति २०७९।०२।१३ गते समस्याग्रस्त सहकारी व्यवस्थापन समितिको कार्यालय तथा सहकारी विभागको संयुक्त आयोजनामा सहकारी संस्थामा सुशासन प्रबर्द्धन र व्यवस्थापन विषयक राष्ट्रिय कार्यशाला गोष्ठीमा उपस्थित हामी संघ, प्रदेश र स्थानीय तहका सरकारी निकायका कर्मचारी तथा पदाधिकारीहरू तथा सहकारी अभियानका सरोकारवालाहरू आपसमा सहमत भई सहकारीसंग सम्बन्धित निम्न विषयहरू नेपालको संविधान र प्रचलित कानून बमोजिम पारस्परिक सहयोग, समन्वय र सहकार्यको भावना अनुसार कार्यान्वयन गर्ने प्रतिवद्धता व्यक्त गर्दछौँः

१. नेपालको संविधान, सहकारी नीति, सहकारी ऐन, नियम र कानून प्रतिकूल नहुने गरी प्रदेश तथा स्थानीय तहका नीति, ऐन, नियम र कानूनको निर्माण गर्ने तथा बाझिएको हदसम्म संशोधन गर्ने कार्यमा सम्बन्धित निकायलाई सुझाब प्रदान गर्ने ।

२. सहकारी क्षेत्रको संस्थागत सुशासन प्रवर्द्धन गर्नको लागि प्रविधिमा आधारित नियमन कार्यलाई प्रभावकारी तुल्याउन सहकारी विभागमा रहेको "सहकारी तथा गरिवी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (COPOMIS मा आ-आफ्नो कार्यक्षेत्रमा दर्ता भएका सहकारी संस्थाहरूलाई प्रविष्टि गराउने कार्यमा उत्प्रेरकको भूमिका निर्वाह गर्नेछौं । सफ्टवेयर प्रणालीमा सामयिक सुधार सहित प्रयोगात्मक निर्देशिका तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।

३. सहकारी संघसंस्थाहरू मार्फत् संचालन गरिने कार्यक्रम तथा पुँजीगत अनुदानमा दोहोरोपना नहुने गरी अन्तर तह समन्वय कायम गरिने छ । सहकारीका जिल्ला संघ, प्रदेश संघ र केन्द्रीय संघबाट सञ्चालन हुने लागत र संरचनागत हिसावले ठूला योजनाहरू सञ्चालनको लागि आवश्यक पुँजीगत अनुदान वितरण कार्यमा स्वीकृत नीति अनुरूप आवश्यक समन्वय र सहकार्य गरिनेछ ।

४. सहकारी प्रवर्द्धनको लागि प्रशिक्षण कार्यक्रम कार्यान्वयन गर्दा सहकारी प्रशिक्षण तथा अनुसन्धान केन्द्र र प्रदेश प्रशिक्षण तथा अनुसन्धान केन्द्र र सहकारीका छाता संगठनहरूबीच समन्वय स्थापित गरी प्रशिक्षण सामग्री तथा प्रशिक्षकहरूबीच सिकाई, अनुभव आदान-प्रदान गर्ने कार्यमा सहजीकरण गरिने छ ।

५. सहकारी संस्थाहरूको संख्यात्मक बढोत्तरीमा मात्र सीमित नरही गुणात्मक सुधार गर्न सहकारी नियमन, सुपरिवेक्षण तथा अनुगमनको कार्य गर्दा सहकारी नियमावली, २०७५ को नियम ७२ तथा अन्य प्रचलित कानून बमोजिमको क्षेत्राधिकार अनुसार अनुगमनको कार्य सम्पादन गरिनेछ । यसरी अनुगमनको कार्य गर्दा एउटै सहकारी संस्थामा एकै वर्ष भित्र दोहोरो नपर्ने गरी अन्तर-तह समन्वय कायम गरिनेछ । सहकारीका क्रियाकलापहरूको अनुगमनमा संघीय ,प्रादेशिक र स्थानीय तह तथा अभियानका छाता संगठनहरूको समन्वय र सहकार्य गरिनेछ । अनुगमनबाट

प्राप्त नतिजा र सुधारात्मक निर्देशनको जानकारी उपलब्ध गराउन प्रतिबद्ध छौँ ।

६. स्वशासन, सुशासन, सदस्य सुरक्षा लगायत सहकारीका अन्तर्राष्ट्रिय आधारभूत मूल्य मान्यता परिपालनालाई प्रवर्द्धन गरिनेछ । सहकारी ऐन, नियमको प्रभावकारी कार्यान्वयन गराउन सरकारी निकाय र सहकारी अभियानका छाता संगठनहरूको संस्थागत क्षमता विकास गरिनेछ ।

७. सहकारीहरूलाई समस्याग्रस्त हुन नदिन आन्तरिक सुशासन प्रणालीमा सुधार गर्न पालन गर्नुपर्ने विषयहरूमा सचेतना कार्यक्रम संचालन गरिनेछ ।

८. वचत तथा ऋण सहकारीको व्यवस्थापन र संचालन सम्बन्धमा विशिष्ट मापदण्ड निर्माण गरी कार्यान्वयनमा जोड दिइनेछ । सहकारीको संस्थागत सुशासनका लागि सहकारी कर्जा सूचना केन्द्र, सहकारी ऋण असूली न्यायाधिकरणको स्थापनाका लागि आवश्यक पहलमा सहकार्य गरिनेछ ।

९. सरकारी र सहकारी क्षेत्रको सहकार्यमा रोजगारी प्रवर्द्धन तथा गरिवी निवारण कार्यक्रम संचालन गर्न आवश्यक साझेदारी गरिनेछ । सहकारीको लगानीलाई उत्पादनशील क्षेत्रमा केन्द्रित गरी दिगो विकासको लक्ष्य प्राप्तिमा योगदान गरिनेछ ।

१०. सहकारी दर्ता तथा नियममा विभिन्न तहहरूवाट निर्धारण गरिने मापदण्ड तथा अभ्यासमा समानता कायम गर्न पहल गरिनेछ ।

यस राष्ट्रिय गोष्ठीबाट प्राप्त निष्कर्ष तथा सुझावहरूलाई सहकारी क्षेत्रको नीति तथा कार्यक्रम तर्जुमा गर्दा र कार्यान्वयन गर्दा ध्यान दिइनेछ ।

भाग-३

# ऋण असुली तथा भुक्तानी सम्बन्धी प्रशिक्षण कार्यक्रमको प्रतिवेदन

## कार्यकारी सारांश

समस्याग्रस्त सहकारी व्यवस्थापन समितिको कार्यालय अनामनगर, काठमाडौंको आयोजनामा मिति २०७९/०१/२३ / २४ गते भक्तपुरमा ऋण असुली तथा दायित्व भुक्तानी सम्बन्धी २ दिने तालिम प्रशिक्षण कार्यक्रम सम्पन्न भयो ।

उक्त कार्यक्रममा यसै समितिका अध्यक्ष श्री काशीराज दाहालज्यूले कार्यक्रमको अध्यक्षता गर्नु भएको थियो भने उक्त कार्यक्रममा भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयका सचिव श्री रामप्रसाद थपलियाज्यूले प्रमुख आतिथ्यता ग्रहण गर्नुभएको थियो ।

उक्त दुइ दिने कार्यक्रममा काठमाडौं उपत्यका भित्रका काठमाडौं, भक्तपुर र ललितपुर जिल्लामा रहेका स्थानीय तहहरूमा सम्बन्धित सहकारी रजिस्ट्रेसन शाखामा कार्यरत अधिकारी वा रजिष्ट्रारज्यू लगायत करिब ५० जना प्रशिक्षार्थीहरूको सहभागिता रहेको थियो ।

कार्यक्रममा यस समितिका अध्यक्षज्यू लगायत भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयका सम्बन्धित शाखा हेर्ने शाखा प्रमुख तथा सहकारी विभागका रजिष्ट्रार तथा यस समितिका सदस्यज्यूहरूबाट प्रशिक्षार्थीहरूलाई प्रशिक्षण दिनुभएको थियो ।

उक्त कार्यक्रमबाट सहभागी प्रशिक्षार्थीहरूले सहकारी संस्थाको दर्ता, संचालन र व्यवस्थापन सम्बन्धमा सम्बन्धित संघ संस्था सरकारी निकाय तथा सरोकारवालाले निर्वाह गर्नुपर्ने र समस्याग्रस्त हुन नदिन अपनाउनुपर्ने तथा समस्याग्रस्त हुनुअघिका विधि तथा समस्याग्रस्त भइसकेपछि ऋण असुली तथा दायित्व भुक्तानी सम्बन्धमा प्रशिक्षण दिइएको थियो ।

## प्रशिक्षण कार्यक्रमको उद्देश्य

- नेपालको संविधानमा संघ, प्रदेश र स्थानीय तह गरी तीनै तहको एकल र संयुक्त अधिकारको रूपमा रहेका सहकारी संस्थाहरूलाई समस्याग्रस्त हुनबाट जोगाउने ।
- समस्याग्रस्त भइसकेको सहकारी संस्थाहरूको उचित व्यवस्थापन कसरी गर्ने लगायत कार्यक्रमको उद्देश्य रहेको ।

उक्त कार्यक्रममा यस समस्याग्रस्त सहकारी व्यवस्थापन समितिका अध्यक्ष लगायत सदस्यहरू, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयका सम्बन्धित महाशाखा हेर्ने महाशाखा प्रमुख, शाखा प्रमुख तथा सहकारी विभागका रजिष्ट्रार, व्यवस्थापन र नियमन गर्ने निकायमा कार्यरत

कर्मचारीहरू, काठमाडौँ उपत्यका भित्रका स्थानीय तहमा कार्यरत सहकारी शाखा हेर्ने कर्मचारीहरू प्रशिक्षार्थीको रूपमा रहनुभएको थियो । उक्त कार्यक्रमको उद्घाटन भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयका सचिव श्री रामप्रसाद थपलियाज्यूबाट भएको थियो भने कार्यक्रमको संचालन यस समितिका सदस्य सचिव श्री केशवप्रसाद पौडेलज्यूले गर्नुभएको थियो ।

दुई दिन चलेको उक्त कार्यक्रममा देहायका प्रशिक्षकहरूले आ-आफ्नो कार्य-पत्र प्रस्तुत गर्नु भएको थियो ।

- समस्याग्रस्त सहकारी व्यवस्थापन समितिका अध्यक्ष श्री काशीराज दाहालज्यूले नेपालको प्रचलित संविधान, तहगत सरकार र सहकारी सिद्धान्त, मूल्य तथा मान्यताका सम्बन्धमा प्रशिक्षण दिनुभयो । संविधानले सहकारीलाई संघ, प्रदेश र स्थानीय तहहरूको एकल तथा साझा अधिकारमा राखी महत्वपूर्ण स्थान दिएको तथा संघीय सरकारलाई संघ, प्रदेश र स्थानीय तहहरूमा स्थापना गरी संचालित सहकारी संस्थाहरूलाई नियमन गर्ने पूर्ण अधिकार रहेकोबारे स्पष्ट पार्नुभयो । सहकारी ऐन, २०७४ र नियमाबली, २०७५ सँग बाझिने गरी प्रदेश र स्थानीय तहहरूले बनाएका कानूनहरू बाझिएको हदसम्म अमान्य हुने विषयमा स्पष्ट पार्नुभयो । त्यसैगरी उहाँले सहकारीहरूको विश्वव्यापी सात वटा सिद्धान्त तथा आधारभूत सहकारीका मूल्यहरूका सम्बन्धमा समेत प्रस्ट गर्नुभयो ।
- भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयमा कर्मचारी प्रशासन, सहकारी तथा गरिबी निवारण महाशाखाको तर्फबाट उक्त महाशाखाका उप-सचिव श्री विष्णु पौडेलज्यूले सहकारी व्यवस्थापन, नियमनमा मन्त्रालयको भूमिकाका विषयमा सहभागी प्रशिक्षार्थीहरूलाई स्पष्ट पार्नुभयो । त्यस कार्यक्रममा उहाँले समाजलाई सहकारी किन आवश्यक छ ? सहकारी व्यवस्थापन भनेको के हो ? सहकारी संस्थाहरूको व्यवस्थापन र नियमनमा संलग्न निकायहरू को को हुन ? र सहकारी ऐन, सहकारी नियमावली तथा नेपाल सरकार कार्य विभाजन नियमावली, द्वण्ठद्ध मा मन्त्रालयको भूमिका के हो भन्ने सम्बन्धमा कार्यपत्र प्रस्तुत गर्नुभएको थियो ।
- उक्त प्रशिक्षणमा सहकारी विभागका रजिष्ट्रार श्री रूद्रप्रसाद पण्डितज्यूले सहकारीहरू समस्याग्रस्त हुनु पूर्वको अवस्था र समस्याग्रस्त हुने स्थितिको विषयमा प्रशिक्षण प्रदान गर्नुभयो । सो अवसरमा सहकारी व्यवसायको प्रकृति, सहकारीका मूल्य मान्यता, आदर्श सहकारीका गुणहरू, सहकारी समस्याग्रस्त हुनुपूर्वको अवस्था, संस्थाहरू समस्याग्रस्त घोषणा गर्न सकिने अवस्थाहरू, समस्याग्रस्त सहकारी व्यवस्थापनमा देखिएका समस्याहरू लगायत समस्या समाधानका उपायहरू समेतको बारेमा प्रशिक्षण दिनुभयो ।

- उक्त कार्यक्रममा समितिका सदस्य श्री केशवप्रसाद आचार्यले समस्याग्रस्त सहकारी संस्थाहरूको लेना असुलीमा प्रशासकीय कारबाही गर्न सकिने सम्बन्धमा प्रकाश पार्नुभयो भने यस संस्थाका अर्का सदस्य श्री डि.वि. बस्नेतज्यूले समस्याग्रस्त सहकारीको व्यवस्थापनमा संघ संस्थाहरूको भूमिकाका बारेमा प्रस्ट पार्नु भयो । यसै समितिका सदस्य श्री शेरजङ्ग रानामगरज्यूले समस्याग्रस्त सहकारी संस्थाको लेना तथा दायित्व भुक्तानी सम्बन्धी प्रकृयाको बारेमा सहभागीहरूलाई प्रशिक्षण दिनुभयो ।
- उक्त प्रशिक्षण कार्यक्रममा सहभागी प्रशिक्षार्थीहरूबाट प्रतिनिधि प्रशिक्षार्थीको पमा समेत उक्त कार्यक्रमको अन्त्यमा आफ्नो बिचार प्रस्तुत गर्ने मौका प्रदान गरिएकोमा प्रशिक्षार्थीहरू समेत उक्त कार्यक्रमबाट कतिपय कानूनी, तीन तहका कानुनका सम्बन्धमा भएका द्विविधाहरू र व्यावहारिक रूपमा पनि उक्त प्रशिक्षणबाट स्पष्ट हुन सकेको विचार व्यक्त गर्नु भएको अवस्था थियो ।

## निष्कर्ष

सबैका लागि एक र एकका लागि सबै भन्ने सर्वमान्य सिद्धान्तमा संचालित सहकारी संस्थाहरू कतिपय संचालक समिति व्यवस्थापकको व्यक्तिगत स्वार्थका कारण वा कतिपय ऋणीहरूले दायित्व भुक्तानी गर्ने क्षमता नभएर वा क्षमता भएका ऋणीहरूले समयमै दायित्व भुक्तानीमा रूची नदेखाएको कारण वा अन्य विभिन्न परिस्थितिहरूको कारण समस्याग्रस्त भएको अवस्था रह्यो भने यसरी संचालित कार्यक्रमबाट सहकारी संस्थाहरूको संचालन तथा व्यवस्थापनमा दर्ता गर्नुपूर्व अपनाउनु पर्ने सचेतना कार्यक्रम देखि लिएर संस्था संचालन व्यवस्थापन तथा समस्याग्रस्त हुन नदिने वा समस्याग्रस्त भइसकेपछि पनि उचित व्यवस्थापन गर्ने सम्बन्धमा उक्त प्रशिक्षण फलदायी रह्यो ।

# कार्यक्रममा प्रस्तुत भएका कार्यपत्रहरू

## क. सहकारी व्यवस्थापन/नियमनमा मन्त्रालयको भूमिका

- विष्णु पौडेल
उप-सचिव, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय

### छलफलका विषयहरु

- सहकारी भनेको के हो ?
- सहकारी किन आवश्यक छ ?
- सहकारी व्यवस्थापन भनेको के हो ?
- सहकारीको सही व्यवस्थापन किन आवश्यक छ ?
- सहकारी व्यवस्थापनमा संलग्न निकायहरू
- सहकारी क्षेत्रको व्यवस्थापनमा मन्त्रालयको भूमिका के रहन्छ ?
- प्रश्न उत्तर

### सहकारी भनेको के हो ?

- "एकका लागि सबै सबैका लागि एक" भन्ने मान्यता (दर्शन) बाट प्रेरित भई संसारभर सहकारीको विकास भएको ।
- सहकारीताको भावना (मूल्य, मान्यता र सिद्धान्त) लाई मूर्तरूप दिई व्यवसाय सञ्चालनका लागि सहकारी संस्थाहरूको दर्ता भएको ।
- राज्य निर्देशित, नियन्त्रित भन्दापनि स्वावलम्बनका लागि जनस्तरबाट विकसित र सञ्चालित आन्दोलन/अभियान
- नेपालमा पनि प्राचीन कालदेखि विकसित भई २०१० सालदेखि संस्थागत रूप लिएको
- सहकरीको सिद्धान्त

१. स्वेच्छिक तथा खुला सदस्यता

२. सदस्यहरूद्वारा प्रजातान्त्रिक नियन्त्रण

३. सदस्यहरूको आार्थिक सहभागिता

४ स्वयत्तता र स्वतन्त्रता

५ शिक्षा, तालिम र सूचना,

६ सहकारीबीच पारस्पारिक सहयोग

७ समुदायप्रति चासो

## सहकारी किन ?

- छरिएर रहेका स-सानो पूँजी, प्रविधि र उद्यमशिलतालाई एकिकृत गरी आफैले आफ्ना लागि गर्न नसक्ने वर्ग क्षेत्र, तह र तप्काका व्यक्तिहरूलाई व्यवसायको माध्यमबाट आर्थिक, सामाजिक, व्यवसायिक सक्षमता अभिवृद्धी गर्न ।
- सहकारीको व्यवस्थापन के हो ?
- अन्य क्षेत्रमा व्यवस्थापन जे हो सहकारी व्यवस्थापन पनि सैद्धान्तिक रूपमा त्यही हो ।
- योजना (Planning)
- संगठन (Organizing)
- नेतृत्व (Leading)
- नियन्त्रण (Controlling)

## सहकरीको व्यवस्थापन के हो ?

## विस्तृत रुपमा

- सहकारी संघ संस्थालाई विधि र प्रक्रियामा हिँडाउने,
- सहकारी सञ्चालनका मापदण्ड निर्माण र पालन गराउने,
- आन्तरिक तथा बाह्रय लेखा परीक्षणलाई व्यवस्थित बनाउने,
- सहकारीका मूल्य मान्यता र सिद्धान्त विपरीत कार्य गर्ने र स्रोत साधन दुरूपयोग गर्ने प्रवृत्ति शुन्य बनाउने,
- संघ संस्थाको सञ्चालन र व्यवस्थापनमा जिम्मेवार र जवाफदेही बनाउने ,
- स्वार्थको द्वन्द्वलाई (Conflict of Interest) व्यवस्थापन गर्ने,
- सहकारीको अनुगमन र नियमनलाई प्रभावकारी बनाउने र
- सहकारीमा सुशासन अभिवृद्धि गर्ने

## सहकारीको व्यवस्थापनमा/नियमनमा संलग्न निकायहरु

- सहकारी संस्थाहरू- स्वनियमन वा स्वनियन्त्रण
- सहकारी संघ, महासंघ- नियमन र नियन्त्रण - POS DCORC
- दर्ता गर्ने निकायहरू - तीनै तहका सरकारहरू
- सहकारी विकास बोर्ड
- समस्याग्रस्त सहकारी व्यवस्थापन समिति
- सहकारी विभाग
- भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालय

## मन्त्रालयको भूमिका

नेपाल सरकार, कार्यविभाजन नियमावली - २०७४ अनुसार

- सहकारी सम्बन्धी राष्ट्रिय नीति, कानून र मापदण्ड
- सहकारी बैंक सम्बन्धी
- सहकरी सम्बन्धी राष्ट्रिय तथ्याङ्क व्यवस्थापन, अध्ययन, अनुसन्धान र अनुगमन
- सहकारी मार्फत हुने वचत तथा ऋण परिचालन सम्बन्धी मापदण्ड र नियमन

## मन्त्रालयको भूमिका

## सहकारी ऐन २०७४ अनुसार

- सहकारी संस्थाको दर्ता, सञ्चालन, निरीक्षण तथा अनुगमन लगायत काम करवाहीलाई व्यवस्थित र प्रभावकारी रूपमा सञ्चालन गर्न आवश्यकता अनुसार मापदण्ड, निर्देशिका र कार्यविधि बनाई लागु गर्न सक्ने ।
- सरकारको भूमिका/मन्त्रालयको भूमिका सहकारी क्षेत्रको विकास, प्रर्वद्धन र त्यस क्षेत्रको सुशासनको स्थितिले निर्धारण गर्दछ । जहाँ सहकारी क्षेत्र विकसित, मार्यादित, संयमित र व्यवस्थित छ त्यहाँ सरकारको भूमिका संकुचित हुन सक्दछ भने जहाँ अव्यवस्थापन र कुशासनको दलदल छ सरकारले आफ्नो भूमिकालाई बढाई त्यसलाई नियन्त्रण गर्ने दिशामा अघि बढ्नु पर्दछ ।
- मन्त्रालयको भूमिका आवश्यकता अनुसार किनकि हामीसँग दर्ता गर्ने निकाय र समस्याग्रस्त सहकारी व्यवस्थापन समिति दुबै छन् ।

# ख. सहकारी समस्याग्रस्त हुनुपूर्वको अवस्था तथा समस्याग्रस्त हुने स्थिति

- रूद्रप्रसाद पण्डित
रजिष्ट्रार, सहकारी विभाग

## सहकारी व्यवसाय

### सदस्य–केन्द्रित व्यवसाय

- सदस्यमा सीमित कारोबार
- सदस्यको आवश्यकताअनुसारको खरिद-विक्री
- मूल्य सिक्री (Value chain) मा सदस्यको उत्पादन कार्यसँग गाँसिएको सेवा

### सामाजिक सर्तको व्यवसाय

- सदस्यता खुला हुनुपर्ने सर्त
- शोषणविहीन आर्थिक सम्बन्धहरू स्थापना गर्नुपर्ने सर्त
- समुदायप्रति सरोकार राख्नुपर्ने सर्त

### मानवीय मूल्यको व्यवसाय

- पूँजीलाई श्रमको अधिनस्थ, परिश्रममा जोड
- समानतासँगै समताको परम्परा

### सहकारीका मूल्यहरु

| आधार मूल्यहरु | नैतिक मूल्यहरु |
| --- | --- |
| ❖ स्वावलम्बन (Self-help) | ❖ इमान (Honesty) |
| ❖ स्वउत्तरदायित्व (Self-responsibility) | ❖ खुलापन (Openness) |
| ❖ लोकतन्त्र (Democracy) | ❖ सामाजिक उत्तरदायित्व (Social responsibility) |
| ❖ समानता (Equality) | ❖ अर्काको ख्याल (Caring for Others) |
| ❖ समता (Equity) | |
| ❖ ऐक्यबद्धता (Solidarity) | |

### आदर्श सहकारीका गुणहरु

- सदस्यको अर्थोपार्जनमा सहयोगी
- व्यावसायिक मानकहरूको प्रवर्तक
- स्वावलम्बनको पर्यायवाची
- सहभागिताको सुगम मञ्च
- सहकारी विचारको निर्देशक

- समावेशीकरणको प्रतीक
- पुस्तान्तरणमा जीवन्त

## सहकारी समस्याग्रस्त हुनुपूर्वको अवस्था

- गैर सदस्यसँगको कारोवार गरेको
- संस्थाको हिसाब किताब प्रचलित लेखामान बमोजिम दुरूस्त नराखेको
- सदस्यको पूर्ण विवरण (KYM) अध्यावधिक नभएको
- Non Performing Loan (NPL) धेरै भएको
- ऋण हानी कोषको व्यवस्था नगरेको
- संस्थामा नकमाउने सम्पत्तीको मात्रा बढी भएको
- जोखिमयुक्त क्षेत्रमा लगानी गरेको
- मापदण्डभन्दा बढी बचत संकलन र लगानी गरेको
- ऋण लिएर ऋण लगानी गर्ने तथा अन्य मध्यस्त/बिचौलिया व्यापार गरेको
- तरलता कम राख्ने वा नराखी सबै लगानी गर्ने गरेको
- विभिन्न कोषमा नियमानुसार छुट्याउनुपर्ने रकम नछुट्याएको
- सहकारी अर्थ, मर्म, मूल्य, मान्यता विपरीत संस्था संचालन गरेको
- संस्थामा कर्मचारी, संचालक वा शेयर सदस्यहरूबीच एक आपसमा बेमेलको अवस्था आएको

## संस्था वा संघ समस्याग्रस्त भएको घोषणा गर्न सकिने अवस्था

कुनै संस्था वा संघमा देहायको अवस्था विद्यमान रहेको देखिएमा रजिष्टारले त्यस्तो संस्था वा संघलाई समस्याग्रस्त संस्था वा संघको रूपमा घोषणा गर्न मन्त्रालय समक्ष सिफारिस गर्नेछ :-

(क) सदस्यको हित विपरीत हुने गरी कुनै कार्य गरेको,

(ख) संस्था वा संघले पूरा गर्नु पर्ने वित्तीय दायित्व पूरा नगरेको वा भुक्तानी गर्नु पर्ने दायित्व भुक्तानी गर्न नसकेको वा भुक्तानी गर्न नसक्ने अवस्था भएको,

(ग) सदस्यहरूको बचत निर्धारित शर्त बमोजिम फिर्ता गर्न नसकेको ,

(घ) यो ऐन, यस ऐन अन्तर्गत बनेको नियम तथा विनियम विपरीत हुने गरी संस्था वा संघ सञ्चालन भएको,

(ङ) संस्था वा संघ दामासाहीमा पर्न सक्ने अबस्थामा भएको वा उल्लेखनीय रूपमा गम्भीर आर्थिक कठिनाई भोगिरहेको,

(च) कुनै संस्था वा संघले सदस्यको बचत रकम फिर्ता गर्नुपर्ने अवधीमा फिर्ता नगरेको भनी त्यस्तो संस्था वा संघका कम्तीमा पच्चीस जना सदस्यहरूले रजिष्ट्रार समक्ष निवेदन दिएकोमा छानबिन गर्दा खण्ड (क) देखी (ङ) सम्मको कुनै अवस्था विद्यमान भएको देखिएको,

माथी उल्लेख भए बमोजिमको सिफारिस प्राप्त भएमा त्यस्तो संस्था वा संघलाई मन्त्रालयले समस्याग्रस्त संस्था वा संघ घोषणा गर्न सक्नेछ ।

यसका साथै नेपाल सरकारले प्रचलित कानून बमोजिम गठन गरेको आयोगले कुनै संस्था वा संघलाई समस्याग्रस्त संस्था वा संघ घोषणा गर्न सिफारिस गरेमा वा समस्याग्रस्त भनी पहिचान गरेकोमा वा त्यस्तो आयोगमा परेको उजुरी संख्या वा संघलाई समस्याग्रस्त संस्था वा संघ घोषणा गर्न सक्नेछ ।

## समस्याग्रस्त सहकारी व्यवस्थापनमा देखिएका समस्याहरु

- १३० वटा सहकारी समस्याग्रस्त हुन् भनी सिफारिश भएकोमा जम्मा १२ वटालाई मात्र घोषणा गरिएको (बाँकी ११८ को अवस्था के ?)
- समितिको स्थायीत्व नहुनु (७४ देखी हालसम्म ४ वटा)
- प्रत्येक प्रदेशमा गठन हुने प्रदेश स्तरीय कानूनी व्यवस्था
- नक्कली कम्पनी खडा गरी कारोवार भएको
- सञ्चालकहरू फरार हुने प्रवृत्ति
- गुणस्तरहिन र अपर्याप्त धितो
- अपत्यारिलो ब्याजदरमा लोभिने प्रवृत्ति
- कार्यक्षेत्र बाहिर कारोवार हुनु
- एउटै सम्पत्ती बहुनिकायबाट रोक्का रहनु
- स्थिर सम्पत्ती र जोखिम क्षेत्रमा लगानी
- समितिलाई पर्याप्त जनशक्ति र भौतिक संरचनाको अभाव
- लेखा परीक्षण नहुने र साधारण सभा नबस्ने
- अन्तरनिकायगत समन्वयको अभाव

## समाधानका उपायहरु

- सहकारी मूल्य मान्यता र सिद्दान्तको परिपालना
- सदस्य केन्द्रित कारोवार नकी सञ्चालक केन्द्रित कारोवार
- पूँजीको आधारमा नियमन गर्ने नकी भूगोलको आधारमा
- नेपाल राष्ट्र बैंकबाट ‘‘सहकारी तथा लघुवित्त नियमन विभाग’’ गठन गरी नियमनको शुरूवात गर्ने
- विभागको संस्थागत क्षमता विकास गर्ने
- समितिको लागि आवश्यक श्रोत साधनको व्यवस्था गर्ने
- सञ्चालकहरू उपरको निगरानी आदि ।

## छलफलका मुद्दाहरु

- अदालतले सम्बन्धित संस्थालाई नै समस्याग्रस्तता व्यवस्थापनको जिम्मा दिने गरी फैसला हुनु ।
- गाउँपालिकाले आफैं समस्याग्रस्त घोषणा गरी व्यवस्थापनका लागि मन्त्रालयमा सिफारिश गरिनु ।
- समस्याग्रस्त संस्थाको व्यवस्थापनका लागि जिल्ला संघलाई नै जिम्मा दिने गरी नीतिगत व्यवस्थाको तयारी हुनु ।

# ग. समस्याग्रस्त सहकारीहरुको व्यवस्थापनमा संघ संस्थाहरुको भूमिका

डी बी बस्नेत,
सदस्य, समस्याग्रस्त सहकारी व्यवस्थापन समिति

## वि स २०१३ साल चैत्र २० गते संस्थागत सहकारीको ऐतिहासिक शुरुवात




- अन्तर्राष्ट्रिय सहकारी महासंघ (International Co-operative Alliance) (ICA) ले सन् १९९५ मा गरेको यो सर्वमान्य परिभाषाले पनि सहकारीलाई अझै स्पष्ट गरेको छ ।
- व्यक्तिहरूको ऐच्छिक र स्वस्फूर्त सहभागिताबाट आफ्ना समान आर्थिक, सामाजिक, सांस्कृतिक आवश्यकता र आकांक्षा परिपूर्तिका निमित्त सामूहिक स्वामित्व र प्रजातान्त्रिक ढंगबाट नियन्त्रित स्वायत्त उद्यम नै सहकारी हो ।

सहकारीको संगठनात्मक संरचना




सहकारीको अभियान संरचना



## देशको आर्थिक विकासमा भूमिका

- आन्तरिक आर्थिक स्रोतको परिचालन गरेर
- सदस्यहरूमा बचत र ऋणको पहुँच गराएर
- सदस्यले लिएको ऋणबाट वा सहकारी मार्फत सञ्चालित उद्यमशिलता विकास र परियोजनाहरूबाट रोजगारी सृजना गरेर
- सदस्यहरूमा नेतृत्व विकास गरी सामुदायिक विकासमा क्रियाशिल बनाएर

## सहकारीः नेपालको संविधानमा...

### नेपालको संविधानमा लिखित निर्देशक सिद्धान्त :

(३) सार्वजनिक, नीजि र सहकारी क्षेत्रको सहभागिता तथा विकास मार्फत उपलब्ध साधन र स्रोतको अधिकतम परिचालनद्वारा तीव्र आर्थिक वृद्धि हासिल गर्दै दिगो विकास गर्ने तथा प्राप्त उपलब्धिहरूको न्यायोचित वितरण गरी आर्थिक असमानताको अन्त्य गर्दै शोषणरहित समाजको निर्माण गर्न राष्ट्रिय अर्थतन्त्रलाई आत्मनिर्भर, स्वतन्त्र तथा उन्नतिशिल बनाउँदै समाजवाद उन्मुख स्वतन्त्र र समृद्ध अर्थतन्त्रको विकास गर्ने राज्यको आर्थिक उद्देश्य हुनेछ ।

### नेपालमा सहकारी संस्थाहरुको चुनौती

- साना र अव्यवस्थित सहकारीहरू
- नेपालमा सहकारीहरू खुल्न धेरै सजिलो भए, खुले, कारोबार गर्न थाले, नविनतम व्यवस्थापनमा वेखबर रहे ।
- न्यूनतम क्षमताको मापन भएन, रसिद छपाई गर्ने, लेखा राख्ने वा सामान्य निर्णय पूस्तिका समेत राख्न नसक्ने साकोसहरू पनि सञ्चालित छन् ।
- अस्पष्ट र बहुतह नियमनको बोझ
- कारोबार, प्रकृति, कार्यक्षेत्र, सदस्यता, नेतृत्व, लेखा व्यवस्थापन, प्रतिवेदन, सुशासनका विषय, बैठक, परिवहन, सन्दर्भव्याज, हिसाब गणना, सुरक्षण, कोषहरूको वितरण, जमानत, नेतृत्व, लेखापरीक्षण, कर, बैकिंग, बीमा जस्ता विषयहरूमा अस्पष्ट नियमन, नीति, नियम र निर्देशनले सहकारी क्षेत्रमा समस्या र चुनौती झन थपिदै गएकोछ ।
- सिघ्र परिवर्तनशिल प्रविधि
- नेपालको सन्दर्भमा भर्खर ३० वर्ष पुगेको सहकारी अभियान, संस्थागत विकासको दुई दशक मात्रको अभ्यासले बामे सरेका सहकारीहरुमा सिघ्र परिवर्तनशिल प्रविधिको अवलम्बन अत्यन्त चुनौती रहेकोछ । समुदायमा कम व्यावसायिक सीमामा क्रियाशिल सहकारीहरू यसको मारमा परिरहेकाछन्
- न्यून संस्थागत पूँजि
- नेपालका समग्र सहकारीहरूको औषत संस्थागत पूजि ३ प्रतिशत भन्दा पनि कम छ । संस्थागत पूजि दीगो संस्था सञ्चालनको सूचक हो । विगतका समयमा न्यून वित्तीय बचत रहनु र

लाभांश वितरणमा अस्वस्थ प्रतिस्पर्धा हुनाका कारण संस्थाहरूले आफ्नो जग बलियो बनाउन पाएकाछैनन् ।

- भाखा नाघेको ऋण बढ्नु
- लगानीका विविध क्षेत्रहरूको पहिचान गर्न नसक्नु, समुदायका व्यक्तिहरूमा परम्परागत ऋण मागको निरन्तरता, नविनतम प्रतिफलका लागि बजार देख्न नसकी ऋण लगानी ठप्प हुनु वा घरजग्गको कारोबारमा मात्र ऋणको आकार थुप्रनु चुनौतीको रूपमा रहेकोछ ।
- यावसायिक दक्षता भएका मानवश्रोतको अभाव
- सहकारी क्षेत्रमा मानवश्रोतको आकर्षण कमहुनु, स्थानीय बुझाई मानवश्रोतको उचित उपयोगमा स्तरीय नबन्नु, विद्यमान मानवश्रोतहरू, अन्यत्र लालायित हुनु, जनसरोकारको क्षेत्र सहकारी मार्फत समृद्ध समाज निर्माण हुन्छ भन्ने विषय बुझाउन नसक्नु र व्यवशायिक ढंगले संस्था सञ्चालन हुन नदिनु ।
- वित्तीय कारोबारमा मात्र केन्द्रित रहनु
- जुनसुकै प्रकृतिका सहकारीहरू पनि सजिलो व्यवशाय बचत उठाउने र ऋण लगानी गरी ब्याज उठाएर मुनाफामा मात्र केन्द्रित रहनु ।

## सहकारीमा समस्या

- संस्थाको विनियम, नीति, कार्यविधि र असल अभ्यास भन्दा बाहिर रही कारोबार गर्ने र निर्णयहरू लिने परिपाटीको विकास हुदै जानु
- ज्ञान र सुझबुझ भएका नेतृत्वहरूको चयन गर्न नसक्नु, जसले जे जानेको छ त्यही निर्णय संस्थामा हुदै जानु ।
- वित्तीय कारोबारका लागि अन्तराष्टिय मापदण्डको परिधिलाई वेवास्ता गर्नु र मनोमानी ढंगले संस्था सञ्चालन गर्दै जानु ।
- प्रविधिमा आधारित रही स्वचालित संस्था सञ्चालन भन्दा पनि व्यक्ति हावी बनाई संस्थाको दैनिक क्रियाकलापहरू तय गर्नु ।
- सुशासनको परिपालना : साधारण सभा, विस्तारित मञ्च, नियमित बैठकहरू, कार्ययोजना तथा समीक्षाको विधि लागू नगर्नु ।
- सदस्य भन्दा पनि ग्राहकहरू संगको कारोबारी मानसिकता विकास हुनु र निर्णय प्रक्रियामा सदस्यहरूलाई सहभागी नगराईनु ।
- कर्मचारीहरूलाई सिस्टमले भन्दा पनि व्यक्तिले चलाउने पद्धतीको विकास हुनु ।
- नियमित र अभिछिन्न संस्था सञ्चालनको परिकल्पना भन्दा पनि क्षणिक लाभको संस्था बनाउनु ।

## व्यवस्थापनमा संघ संस्थाको भूमिका

- नेपालमा विशेषगरी वित्तीय कारोबार गर्ने सहकारीहरू समस्याग्रस्त हुने क्रम बढ्दो छ ।
- सहकारीको ऐन नियमावली, नीति, कार्यविधि र सहभागितात्मक निर्णयको परिधि नाघेका सहकारीहरू समस्याग्रस्त हुदै गइरहेकाछन् ।

- संघ संस्थाहरूको वहस पैरवीबाट बनेका विधिहरूलाई आत्मसाथ नगर्ने सहकारीहरूमा समस्या देखिएकोछ ।
- विशेषगरी सहकारीहरूको ऋण परिचालन (लगानी र भुक्तानी)लाई विधि र समयानुसार अद्यावधिक राखी सदस्यहरूको आर्थिक उन्नतीमा ध्यान दिने बनाउनु पर्छ ।

त्यसैले

- सहकारीका संघहरूले विषयगत सहकारीहरूलाई सुशासन, क्षमता विकास, विधि निर्माण र परिपालनाका लागि पहलगर्नु पर्छ ।
- सहकारीहरूको तथ्यांक निर्माण र अनुगमनको संयन्त्र विकास गर्नुपर्छ
- सामान्य अनुगमनको मात्र भएपनि संस्थाको अवस्था बारेमा सम्बन्धीत निकायहरूलाई समयमै जानकारी गराउनु पर्छ ।
- मन्त्रालय, विभाग, संघहरूले संस्थालाई नियमित अनुगमनमा राख्ने, नियमित प्रतिवेदन पेशगर्ने, उक्त प्रतिवेदनको अध्ययन समयमा हुने संयन्त्रको विकास गर्ने र विधिमा सञ्चालन गराउन प्रेरित गर्नुपर्छ ।
- विशेषगरी वित्तीय कारोबार हुने संस्थाहरू समस्यामा पर्ने हुनाले वित्तीय मापदण्डहरूको नियमित अनुगमन हुने र पृष्ठपोषण संस्थालाई तत्काल उपलब्ध हुने प्रविधिको विकास गर्नमा सबै पक्षको ध्यान जानु पर्छ ।
- नियमित तालिम शिक्षा, अनुशिक्षण अभिमूखिकरण र व्यवशाय विकासका क्रियाकलापहरू समिति उपसमिति र व्यवस्थापनलाई उपलब्ध गराउने विषयमा संघ संस्थाहरू सधै चनाखो रहनु पर्दछ ।

त्यसका लागि

- समस्याग्रस्त सहकारीहरूको संचालक समिति, सम्पत्ति विवरण, आवश्यक तथ्यहरू संकलनमा सहजिकरण गरेर
- सहकारी क्षेत्रको सुदृढिकरणका नीतिगत व्यवस्थाहरूमा बहस र पैरवी गरेर
- समस्याग्रस्त सहकारीहरूमा बचतकर्ताहरूको बचत फिर्ता गराउने व्यवस्था बारे छलफल र ताकेतामा सहभागीता जनाएर र समस्या समाधानका उपायहरूका लागि सम्बन्धीत निकायहरू संग परामर्श गरेर ।

## सहकारीले ध्यान दिनु पर्ने विषय

- सहकारीको विषय अनुरूपका क्रियाकलापहरूमा संलग्नता कस्तो छ ?
- बचत र ऋणमा मात्र केन्द्रित छन् कि ?
- ऋण लगानी र प्रतिफलमा मात्र केन्द्रित छन् कि ?
- ठूलो ऋण लगानीका लागि संस्था सक्षम छ कि छैन वा धितो पर्याप्त छ कि छैन ?
- ऋण लगानी र धितो बन्दकमा कानूनी प्रक्रियाहरू स्पष्ट वा सहकारीको अधिकार पुग्छ पुग्दैन ?
- सञ्चालक समिति यस्ता क्रियाकलापहरू प्रति जिम्मेवार छन कि छैनन ?

# घ. समस्याग्रस्त सहकारी संस्थाको लेना असुली तथा दायित्व भुक्तानी प्रकृया

- शेरजङ्ग रानामगर
सदस्य, समस्याग्रस्त सहकारी व्यवस्थापन समिति

## सम्पत्ति पहिचान

(सम्पत्ति भन्नाले संस्थाको वासलातभित्र र बाहिरका सम्पत्तिहरू)

- लेखा परीक्षण प्रतिवेदन, लेजर लेखा, वही खाता, तमसुक लगायतका कागज पत्रका आधारमा पहिल्याउने

## सम्पत्ति किसिम

- चल सम्पत्ति (नगद, बैंक मौज्दात, शेयर, धितोपत्र, आदि)
- अचल सम्पत्ति (घर जग्गा, अपार्टमेण्ट, उद्यम व्यवसाय लगायतका स्थिर सम्पत्ति, गैर वैंकिङ सम्पत्ति)
- ऋण सम्पत्ति (वचत तथा ऋण सहकारीमा सबै भन्दा ठूलो) - व्यक्ति वा संस्थालाई गएको कर्जा
- सम्पत्तिको लगत तयार पार्ने (१०७ को (ख) देखि (ङ) सम्मको)
- सुरक्षित ऋण सम्पत्ति हुन कर्जा नीति र आवश्यक प्रक्रिया वमोजिम पर्याप्त धितो जमानी लिइएको र सदुपयोग भई असुली समेत नियमित रहेका र मुद्दा मामिला नपरेको हुनुपर्ने

## लेना असुली (चल सम्पत्ति, ऋण सम्पत्ति र हिनामिना भएका सम्पत्ति)

- चल सम्पत्तिमा बैंक मौज्दात (सुरक्षित बैंकमा रहेमा), शेयरहरू (राम्रो कम्पनीको भएमा) नाफामूलक र तरल अवस्थाको हुने, सरकारी र उच्च ग्रेडका धितोपत्र रहेमा चल सम्पत्ति रूपमा रहने हुँदा असुलीमा खासै समस्या नहुने ।

## अचल सम्पत्ति

- अपार्टमेण्ट, घर जग्गा र उद्यम व्यवसायको पहिचान, सुरक्षा, व्यवस्थापन र वेचविखन गर्ने ।

## ऋण सम्पत्तिको असुली

- कर्जा नीतिको आधारमा प्रक्रिया पुऱ्याई विभिन्न प्रयोजन र अवधिको लागि विभिन्न सदस्य र उद्यमलाई विभिन्न किस्ता, व्याजदर, सेवा शुल्क र हर्जाना लाग्ने गरी विभिन्न रकम दिइने र ऋण असुली कार्य असुली नीति अनुसार कर्मचारी, अधिकृत, विभागबाट नियमित रूपमा भएमा त्यस्ता ऋण सम्पत्ति सुरक्षित र नियमित मानिने (सामान्य अवस्थामा)
- ऋण असुलीमा समस्या भएका वा समस्याग्रस्त सहकारी हुनुमा ऋण सम्पत्ति असुली अनियमित र असुरक्षित हुनु पनि हो ।

## ऋण सम्पत्तिको असुली

- ऋण असुली गर्न पत्राचार गर्ने,

- संस्थाको सम्पत्ति/दायित्वको लेखाजोखा र परिस्थिति हेरेर आवश्यक भएमा छुट समेत दिई ऋण असुली सहजीकरण गर्ने (दफा १०६ (क) (च) (छ)
- धितो नभएमा धितो माग गर्ने, कमसल धितो भएमा थप धितो माग्ने (दफा ७९)
- ऋणी र परिवारको चल/अचल सम्पत्ति पहिचान गर्ने र आवश्यकता अनुसार रोक्का गर्ने (दफा ८४, ११५)

### ऋण सम्पत्तिको असुली

- ऋण नउठेमा सम्पत्ति लिलाम विक्री गरी ऋण असुल गर्ने (दफा ७९, ८३,१०६ (च) , (छ))
- त्यसबाट असुली संभव नभएमा सहकारी कर्जा असुली न्यायाधिकरण (ँबकत त्चबअप को लागि) वा ऐन नियमानुसार अदालतमा असुलीको लागि लेनदेन मुद्दा दायर गर्ने र फैसला बमोजिम कार्यान्वयनको लागि पहल गर्ने (दफा ८०, ८१, ८२)
- ठगीजन्य ऋण पुष्टि भएमा र सो तिर्ने/तिराउने कार्य नभएमा ऐनको कसुर र सजाय (दफा १२२, १२४) वमोजिम कारवाहीलाई लेखी पठाउने, दफा ज्ञज्ञट(घ) ।

### हिनामिना सम्पत्ति असुली

### १. हिनामिना सम्पत्ति र हिनामिना गर्ने अभियुक्त पहिचान गर्ने

- उजुरी, गुनासो तथा सूचना संकलन
- उजुरी परेका र दिने व्यक्तिहरू बारेमा सूक्ष्म अध्ययन
- उजुरी विषय, समय, रकम, कारण आदिको भूत-वर्तमानको तथ्य संकलन र विश्लेषण
- संस्थाको विधान, नीति नियम, निर्णय पुस्तिका, लेजर, लेखा, वहिखाता, तमसुक, भोचर, आदि कागजपत्रको अध्ययन
- संस्थाको लेखा परीक्षण गर्ने/गराउने वा भए/गरेका प्रतिवेदनको गहन अध्ययन
- आवश्यक निकाय र व्यक्तिहरूसँग सोधपुछ तथा वयान
- उजुरी, विभिन्न सवूद प्रमाण, वयान आदिको विश्लेषण, लेखाजोखा र मूल्यांकन गरी हिनामिना भएको व्यक्ति पिच्छेको हिनामिना विगो रकम निर्धारण तथा यकीन

### २. हिनामिना भएको सम्पत्ति असुली

- उजुरीको प्रारम्भिक अध्ययन आधारमा उजुरी पर्ने व्यक्ति र परिवारको सम्पत्ति रोक्का नभएको भए सम्पत्ति खोजी गरी रोक्का राख्ने -देश विदेशको (दफा ११५ (क) (ख) १०६ (ठ) (ढ),
- हिनामिना गरेको किटानी विगो रकम तिर्न/बुझाउन पत्राचार/ताकिता गर्ने
- नतिरेमा रोक्का सम्पत्ति कब्जा र लिलाम गरी असुल उपर किन नगर्ने भनी सूचना दिई लिलाम विक्रीबाट लेना असुली गर्ने (दफा १०६ (ठ)) (ढ))
- सम्पत्ति फेला नपरेमा वा नबुझाएमा ऐनको कसुर सजाय दफाको (दफा १२२, १२४) प्रक्रिया अनुसार कारवाहीको लागि लेखी पठाउने (दफा ११६(घ) ।

## दायित्व भुक्तानी

## (दायित्व भन्नाले संस्थाको वासलात भित्र र बाहिरका दायित्वहरु)

## दायित्व पहिचान

- लेखापरीक्षण प्रतिवेदन (दफा ११३)
- लेजर लेखा, वही खाता, आदि अध्ययन
- दावी पेश गर्न सूचना गरी दावी संकलन गर्ने (११२)
- दावी भन्नाले सदस्यका शेयर, वचत, कर, पेश्की, सापटी, भाडा, तलव भत्ता लगायतका संस्थाले तिर्नुपर्ने दायित्वहरू
- दावीलाई संस्थाको लेखापरीक्षण प्रतिवेदन, लेजरलेखा, वही खाता, भौचर, आदि, सवूदसँग भिडान गरी यकिन गर्ने
- लगत तयार पार्ने (दफा १०७ को (क))
- दावी वर्गीकरणको सूची तयार पार्ने(साना र ठूला वचतकर्ता, व्यक्तिगत र संस्थागत वचतकर्ता, शेयर दावी, कर दावी, भाडा भरौट, पेश्की, तलव भत्ता, सापटीको छुट्टा छुट्टै दावीको सूचीकरण गर्ने

## दायित्व भुक्तानी

- समस्याग्रस्त सहकारी पिच्छे बैंक खाता खोली सोही अनुसार संकलित रकम जम्मा गर्ने
- भुक्तानी योग्य रकम निर्धारण गर्ने
- दायित्व भुक्तानीको आधार (ऐनको दफा १०८, व्यवस्थापन समितिलाई प्राप्त कार्यादेश, दायित्व भुक्तानी कार्यविधि, २०७७)
- दायित्व भुक्तानी कार्यविधि, २०७७ (दावी परेका दायित्वको निर्क्योल, परिभाषा, प्रकार, भुक्तानीको प्रथमिकता क्रम, अवस्था, पटक र विधि )

भाग–४

# "संघीयतामा सुशासन प्रवर्द्धन र व्यवस्थापन" विषयक मधेश प्रदेशस्तरीय अन्तरक्रिया कार्यक्रमको प्रतिवेदन

## कार्यकारी सारांश

यस समस्याग्रस्त सहकारी व्यवस्थापन समितिद्वारा मधेश प्रदेशको राजधानी ऐतिहासिक शहर जनकपुर धामस्थित होटल वेलकममा मिति २०७९।०३।०२ मा **संघियतामाः सहकारी संस्थाहरूको सुशासन, प्रवर्द्धन र व्यवस्थापन विषयक एक दिने मधेश प्रदेश स्तरीय अन्तरक्रिया** कार्यक्रम सम्पन्न भयो ।

उक्त कार्यक्रमको अध्यक्षता यस समितिका अध्यक्ष श्रीमान् काशीराज दाहालज्यूले गर्नुभएको थियो भने कार्यक्रमको प्रमुख आतिथ्यता नेपाल सरकारका सचिव एवं मधेश प्रदेशका प्रमुख सचिव श्रीमान् कृष्णबहादुर राउतज्यूले गर्नुभएको थियो । उक्त कार्यक्रममा जनकपुरधाम उपमहानगरपालिका नगर उप-प्रमुख श्रीमान् किशोरी यादव तथा नेपाल सरकारका सह-सचिव एवं मधेश प्रदेशका विषयगत मन्त्रालयका सचिव डा. नम्रता सिंह, सचिव भूमि व्यवस्था, कृषि तथा सहकारी एवं श्री दीपककुमार दास, सचिव भौतिक पूर्वाधार विकास एवं धनुषा जिल्लाका निमित्त प्रमुख जिल्ला अधिकारी श्री अनुज भण्डारी लगायतको आतिथ्यता रहेको थियो । कार्यक्रमको संचालन यस समितिका सदस्य–सचिव श्री केशबप्रसाद पौडेले गर्नुभएको थियो ।

कार्यक्रममा अतिथिहरू एवं सहभागीहरूलाई यस समितिका सदस्य श्री डी.बी. बस्नेतले स्वागत गर्नुभएको थियो । स्वागतका क्रममा उहाँले जनकपुर नगरमा कार्यक्रम गर्नुको कारण र कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्नुभयो । कार्यक्रममा समितिका सदस्यज्यूहरू, कर्मचारीहरू, मधेश प्रदेश भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयका सहकारी शाखा प्रमुख एवं मधेश प्रदेशका ८(आठ) जिल्ला, सिन्धुली, उदयपुर गरी विभिन्न स्थानीय तहहरूमा सहकारी शाखामा कार्यरत शाखा प्रमुखहरू एवं तत् तत् जिल्लाहरूका जिल्ला वचत तथा ऋण सहकारी संघका अध्यक्ष एवं प्रतिनिधिहरू र पत्रकार गरी करिब ८० जनाको उपस्थिति थियो ।

कार्यक्रममा यस समितिका सदस्य श्री केशवराज आचार्य, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयका सचिव डा. नम्रता सिंह तथा वीरगन्ज महानगरपालिकाका सहकारी हेर्ने शाखा प्रमुख तथा रजिष्ट्रार रामदयाल प्रसाद साह लगायतले आ–आफ्नो कार्यपत्र पेश गर्नुभएको थियो ।

उक्त कार्यक्रमबाट सहभागी प्रशिक्षार्थीहरूले सहकारी संस्थाको दर्ता, संचालन र व्यवस्थापन सम्बन्धमा सम्बन्धित संघ संस्था सरकारी निकाय तथा सरोकारवालाले निर्वाह गर्नुपर्ने भूमिका र समस्याग्रस्त हुन नदिन अपनाउनुपर्ने तथा समस्याग्रस्त हुँदा अपनाउने प्रकृया, समस्याग्रस्त भइसकेपछि ऋण असुली तथा दायित्व भुक्तानी, उचित व्यवस्थापन सम्बन्धमा छलफल थियो ।

कार्यक्रमको अन्त्यमा सहभागीहरूबाट ११ बुँदे घोषणापत्र जारी भयो । सहकारी सस्थाहरूको नियमन, अनुगमन र मूल्यांकनमा देखिएका समस्या समाधानका सम्बन्धमा समयमै समाधानतर्फ क्रियाशील रहने आगामी दिनमा

थप सहकारीहरू समस्याग्रस्त हुन नदिने बारे सक्रिय भएर लाग्ने प्रतिबद्धता व्यक्त गर्दै कार्यक्रमका अध्यक्ष श्रीमान् काशीराज दाहालज्यूबाट कार्यक्रम समापन गरियो ।

## कार्यक्रमको उद्देश्य

- नेपालको सविधानमा संघ, प्रदेश र स्थानिय तह गरी तीनै तहको एकल तथा साझा अधिकारको सूचीमा रहेको सहकारी र प्रचलित कानुनद्वारा स्थापित सहकारी संस्थाहरूलाई आगामी दिनमा समस्याग्रस्त हुनबाट जोगाउने ।
- विशेष गरी मधेश प्रदेशमा स्थानीय तहहरूबाट सहकारी संस्थाहरूको अनुगमन मूल्याँकनमा भइरहेका कार्य एवं प्रगतिको जानकारी लिई अनुगमन र मुल्यांकनमा भएका/आएका समस्याहरूको सम्बन्धमा मार्गदर्शन गर्ने ।

## कार्यक्रममा भएका क्रियाकलापहरु

उक्त कार्यक्रमको अध्यक्षता यस समितिका अध्यक्ष श्रीमान् काशीराज दाहालज्यूले गर्नुभएको थियो भने मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय, मधेश प्रदेश प्रमुख सचिव श्रीमान् कृष्णबहादुर राउतज्यूले उक्त कार्यक्रममा विशिष्ट अतिथिको रूपमा आतिथ्यता ग्रहण गर्नुभएको थियो । साथै मधेश प्रदेश सरकारका विषयगत मन्त्रालयका सचिवज्यूहरू, जनकपुरधाम उपमहानगरपालिकाका नगर उप-प्रमुख र जिल्ला प्रशासन कार्यालयका निमित्त प्रमुख जिल्ला अधिकारी उक्त कार्यक्रममा अतिथिको रूपमा उपस्थित हुनुभएको थियो ।

कार्यक्रममा समितिका सदस्यहरू लगायत मधेश प्रदेश अन्तर्गतका जिल्लाहरू, उदयपुर र सिन्धुली गरी १० जिल्ला भित्रको नगरपालिकामा सहकारी शाखा हेर्ने शाखा प्रमुखहरू, सिन्धुली र उदयपुर बाहेक आठवटै जिल्लाबाट कम्तीमा एक जिल्लाको चारवटा वटा स्थानीय तहबाट प्रतिनिधित्व हुनेगरी करीब तीन दर्जन स्थानीय तहको सहकारी शाखा हेर्ने कर्मचारीहरू र मधेश प्रदेशका ८ जिल्ला तथा उदयपुर र सिन्धुली गरी १० जिल्लाका जिल्ला वचत तथा ऋण सहकारी संघका अध्यक्षज्यूहरू प्रशिक्षार्थीको रूपमा उपस्थित जनाउनु भएको थियो भने सो कार्यक्रममा नेपाल टेलिभिजन, गोरखापत्र संस्थान लगायतका स्थानीय संचार माध्यममा कार्यरत पत्रकारहरूको समेत उपस्थिति थियो ।

कार्यक्रमको समुद्घाटन गर्दै मधेश प्रदेशका प्रमुख सचिव श्री कृष्ण बहादुर राउतज्यूले सहकारी क्षेत्रले राष्ट्रिय अर्थतन्त्रमा गरेको योगदानको चर्चा गर्नुका साथै सामान्य मानिसहरूको जीवनयापनलाई सहज बनाउँदै गईरहेकोले सहकारीहरू संस्थागत सुशासन प्रवर्द्धन र व्यवस्थापनमा सबैले आ-आफ्नो क्षेत्रबाट उच्च नैतिकता कायम राखी इमान्दारीपूर्वक यस अभियानमा लाग्न सुझाव दिनुभयो । सो क्रममा उहाँले निजामती सेवामा रही विभिन्न जिल्लाहरूमा प्रमुख जिल्ला अधिकारीको जिम्मेवारी निर्वाह गर्ने क्रममा केही सहकारीहरूको सम्बन्धमा उजुरी पर्ने र कानून अनुसार कारवाही गर्नु परेको अनुभव

समेत सुनाउनुभएको थियो । सो क्रममा उहाँले हाल नेपालको कृषि क्षेत्रमा विशिष्ट योगदान पु-याउन सफल कृषि विकास बैंकको स्थापना समेतको सुरूवात समेत शुरूका दिनमा सहकारीको सिद्धान्तमा आधारित रही सहकारी विकास बैंकबाट सुरू भई हाल राष्ट्रको सशक्त वाणिज्य बैंकमा विकास भएको तथ्य समेतमा प्रकाश पार्नुभयो । उहाँले सहकारीको माध्यमबाट जापान, न्युजिल्याण्ड, इजरायल लगायत देशले कृषि क्षेत्रका साथै राष्ट्रिय अर्थतन्त्रमा महत्वपूर्ण योगदान गरेको बारे प्रकाश पार्नुभयो । सो क्रममा उहाँले हालको संविधानले सहकारीलाई तीनवटै तह संघ, प्रदेश स्थानीय तहहरूले समेत एकल तथा साझा अधिकारको सूचीमा उच्च प्राथमिकता दिएकोले यो अभियानलाई स्वतस्फूर्त रूपमा अगाडि बढाउन महत्वपूर्ण योगदान गर्नुपर्ने कुरामा जोड दिनुभयो । राष्ट्रिय अर्थतन्त्रको तेस्रो स्तम्भको रूपमा रहेको सहकारीको यो स्तम्भलाई समेत कमजोर हुन नदिई समस्याग्रस्त भइसकेकोमा उचित व्यवस्थापन तथा समस्याग्रस्त हुने अवस्थामा रहेका सहकारीलाई बेलैमा सोचविचार गरी सर्वोत्तम निर्णय लिनु पर्ने साथै सहकारी संस्थाहरूले आगामी दिनमा वचत तथा ऋणको कारोबारका साथै लगानी गर्ने क्रममा अनुत्पादक क्षेत्रको लगानी घटाउँदै उत्पादनशील उद्योग र उत्पादकत्व बढाउने तर्फ सहकारीहरू लाग्नु पर्नेमा जोड दिनुभयो ।

कार्यक्रममा उपस्थित सहभागीलाई समितिका सदस्य श्री डी.वी. बस्नेतज्यूले स्वागत गर्नुहुँदै स्वागत मन्तव्यका क्रममा मधेश प्रदेशलाई प्राथमिकतमा राखी कार्यक्रम संचालन गरेको बताउनुभयो ।

जनकपुरधाम उपमहानगरपालिकाका नगर उप-प्रमुख श्री किशोरी यादवले आफ्नो राजनितिक यात्राका साथै २५ वर्षपछि जनताको सेवामा पुनः खटिन पाएको तथा संघीयतामा सहकारीलाई सबै तहले प्राथमिकतामा राखेको र जनकपुरधाम उपमहानगरपालिकाले समेत आफ्नो स्थानीय तहभित्र दर्ता भई संचालनमा भएका सहकारी संस्थाहरूलाई उचित अनुगमन, मूल्यांकन गर्ने तथा जनकपुरधाम उपमहानगरपालिकाको सहकारी शाखालाई थप सुदृढ बनाउने दृढता व्यक्त गर्नुभयो ।

कार्यक्रममा धनुषा जिल्लाका निमित्त प्रमुख जिल्ला अधिकारी अनुज भण्डारीले आफ्नो सेवा प्रवेशको सुरूवात समेत सहकारीसँग सम्बन्धित निकायबाट नै गरेको र विगतका दिनमा सहकारी संस्थाहरूसँगको तीतो अनुभव रहेको र हाल पनि समस्याहरू रहेको कुरा औँल्याउनुभयो ।

कार्यक्रममा संघीय सरकारका सहसचिव एवं मधेश प्रदेशको भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयका सचिव डा.नम्रता सिंहज्यूले कार्यक्रममा मन्तव्य राख्दै संस्थाहरू सम्बन्धमा आफ्नो मन्त्रालयबाट भइरहेका कार्य प्रगति बारे जानकारी गराउनुभयो । सो क्रममा आफ्नो मन्त्रालयबाट सहकारी ऐन तयार भई प्रदेश सभाबाट जारी भइसकेको र प्रदेश प्रमुखज्यूबाट प्रमाणित हुने चरणमा रहेको समेत जानकारी गराउनु भयो । श्रीमान् सचिवज्यूबाट प्रदेश मातहतका स्थानीय तहहरूमा सहकारीको स्थिति, महिला एवं पुरुषको आवद्धता, जिल्लागत सहकारीको संख्या, वित्तीय सहकारीहरूमा रकम परिचालनको अवस्था, वित्तीय सहकारी जिल्ला संघहरू एवं मधेश प्रदेशमा समस्याग्रस्त वित्तीय सहकारीको संख्यात्मक विवरण, वित्तीय सहकारीहरू समस्याग्रस्त हुनुको कारण र समस्या समाधानका उपायहरू समेत उल्लेख गरी कार्यपत्र प्रस्तुत गर्नुभयो ।

त्यसैगरी कार्यक्रममा आफ्नो कार्यपत्र प्रस्तुत गर्नुहुँदै मधेश प्रदेशमा रहेको महानगरबाट

प्रतिनिधित्व गर्दै वीरगन्ज नगरपालिकाका रजिष्ट्रार श्री रामदयालप्रसाद यादवले वीरगन्ज महानगरपालिका भित्रका सहकारीहरूको संख्या एवं अवस्था वीरगन्ज महानगरपालिकाले सहकारी ऐन निर्माण गरी कार्यान्वयनमा गईसकेको अवस्था, सहकारी संस्थाहरूको दर्ता प्रकृया अभिलेख, व्यवस्थापन, अनुगमन तथा मूल्यांकन सम्बन्धमा महानगरबाट भइरहेका कार्यहरूको बारेमा जानकारी गराउनुभयो ।

उक्त कार्यक्रममा आयोजकका तर्फबाट समितिका सदस्य श्री केशवराज आचार्यले नेपालमा सहकारी र सहकारी संस्थाहरूलाई समस्याग्रस्त हुन नदिन गर्नुपर्ने उपायहरूको सम्बन्धमा कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । सो क्रममा सहकारीको स्थापना देखि नेपाल सन् १९८० को दशकपछि अंगीकार गरेको खुला बजार नीतिको फलस्वरूप सहकारी सदस्यहरूको विकास भएको साथै सहकारीको सम्बन्धमा नेपालमा संवैधानिक कानूनी नीतिगत व्यवस्थाको साथै संघीय सरकारले आ.व. २०७९/०८० को लागि जारी गरेको नीति तथा कार्यक्रममा साथै आ.ब. २०७९/८० को वार्षिक बजेटमा समेत सहकारीलाई दिएको प्राथमिकताका विषय प्रकाश पार्नुभयो ।

सो क्रममा उहाँले अन्तर्राष्ट्रिय सहकारीका सिद्धान्त तथा स्थापित मूल्य मान्यताहरूलाई अङ्गीकार गर्दै स्थापित भएका संस्थाहरू किन र के कारणले समस्याग्रस्त हुन पुगे पछिल्लो समयमा सहकारी संस्थाहरूमा देखिएको विचलन अन्तर्राष्ट्रिय मूल्य एवं मान्यताको सही रूपमा पालना गर्न नसक्नु, सहकारीको नाममा अन्य उद्देश्य राखी जालसाजीपूर्ण कार्य हुने गरेको, प्रचलित नीति तथा कानूनहरूको पालनामा अग्रसरहता नदेखिएको संचालकहरूमा रातारात धनी बन्ने प्रबृति देखिनुका साथै नैतिक मूल्य र मान्यता लोप हुदै जाँदा सहकारीहरू क्रमश समस्याग्रस्त हुदै जान थालेको भन्ने भनाई राख्नुभयो ।

सो क्रममा यसरी सहकारी संस्थाहरू समस्याग्रस्त हुन नदिन संस्था दर्ता गर्ने निकायले पुरा गर्नुपर्ने कर्तव्य एवं जिम्मवारी, संस्थाका संचालक, व्यवस्थापकहरूले निभाउनु पर्ने भूमिका साथै सहकारीबाट ऋण लिएर आफ्नो व्यापार व्यवसाय वृद्धि गर्ने ऋणीहरूले समेत समयमै लिएको ऋण भुक्तानी गरेर सहकारीका सदस्यहरूले समेत निर्वाह गर्नुपर्ने कर्तव्यका बारेमा बोध गराउनु पर्ने विषयमा सहभागीलाई स्पष्ट गराउनुभयो ।

उक्त अन्तरक्रिया कार्यक्रममा विभिन्न कार्यपत्रहरूको प्रस्तुतिपछि सहभागिताहरूसँग छलफल गरियो । स्थानीय तहमा सहकारी शाखा हेर्ने कर्मचारीहरूले कतिपय स्थानीय तहहरूमा हालसम्म पनि स्थानीय तह सहकारी ऐन तथा नियमावली कार्यान्वयन नभएको, संघ, प्रदेश र स्थानीय तह गरी तीनै तहमा सहकारी सम्बन्धमा भएको व्यवस्थाले कर्मचारीहरू अन्योलमा रहेको, जनशक्तिको कमी रहेको, कुनै एक स्थानीय तहबाट दर्ता भई प्रदेशस्तरमा वा राष्ट्रियस्तरमा संचालित सहकारीहरूलाई अनुगमन गर्न नसकिरहेको तथा अनुगमन नियमन गर्ने सम्बन्धमा समेत अन्योलता रहेको, स्थानीय तहबाट समस्याग्रस्त घोषित गर्ने सम्बन्धमा संघीय सहकारी ऐन, २०७४ अनुसारको व्यवस्था अनुरूपको समस्याग्रस्त समिति स्थापना गर्न कठिन हुने एवं पहिले देखि साझा सहकारी संस्थाहरूको संचालनमा रहँदा न्यूनतम मूल्यमा वीउ, मल विषादी लगायतका सामान हुँदा कृषि संस्था कृषिसंग विशिष्टकृत संस्थाबाट ऋण लिँदा रोक्का रहेको जग्गाहरू रोक्का रहेकोमा ऋणीले हाल उक्त रकम तिर्न मन्जुरी जनाउँदा समेत उक्त रकम कहाँ बुझाउने र कुन निकायबाट फुकुवा गराउने हो स्पष्ट कानूनी व्यवस्था नभएको हुँदा अन्योलता रहेको जस्ता समस्याहरू प्रस्तुत भएका थिए ।

कार्यक्रममा सहभागी जिल्ला सहकारी संघका प्रतिनिधिहरूले वचत तथा ऋण सहकारी संस्थाहरूले कानूनले तोकेको ब्याजदर भन्दा बढी ब्याज लिँदा समेत नियमन गर्न नसकिएको, समयमै लेखापरीक्षण गराउन नसकिएको, प्रदेश सरकारसँग सहकारी सम्बन्धमा आधिकारिक तथ्यांक नभएकोले तथ्यांकहरूको आधिकारिकतामा प्रश्न चिन्ह खडा भएको, कतिपय आफूहरूले संचालन गरिरहेको सहकारी संस्थाहरूमा अनुगमन मूल्यांकन एवं नियमनमा वर्षौसम्म सम्बन्धित निकायबाट अनुगमन मूल्याँकन एवं नियमन गर्न अनुरोध गर्दा समेत अनुगमन नभएको, प्रदेश सहकारी कानून कार्यान्वयनमा नआउँदा अन्यौलता बढेको, समयमा सामान्य मल वीउ विजन लगायतका उत्पादन बढाउने आधारभूत तत्वहरू समेत उपलब्ध हुन नसकेको, नेपाल सरकारले पन्ध्रौं योजनामा सहकारीलाई अर्थतन्त्रको तीन खम्बा मध्येको एक खम्बा मानिरहँदा सहकारी संस्थाहरूले पनि निजी क्षेत्रहरूले गर्ने सबै प्रकारका काम गर्न पाउनु पन जस्ता कुराहरू पनि उठाइयो ।

आयोजकको तर्फबाट सदस्य श्री डी.वी. बस्नेतज्यूले ऐन, कानूनहरू स्पष्ट भएकोले सरकारी निकायमा कार्यरत पदाधिकारीहरूलाई कानूनमा अन्यौलता हुनु पर्ने कारण नभएको, संस्था दर्ता गर्नेलाई संस्था रद्द गर्नसक्ने सम्मको अधिकार रहेकोले औचित्यता पुष्टि हुने गरी कानून अनुसार अगाडि बढ्नुपर्ने निर्देशन दिनुभयो । अन्य सहभागीहरूको गुनासाका सम्बन्धमा केही विषयहरू जायज नै रहेकोले आगामी दिनमा सहकारीहरूको संस्थागत सुशासन प्रवर्द्धन र व्यवस्थापनमा थप क्रियाशील भई लाग्ने र बाधा व्यवधानहरूको सम्बन्धमा सम्बन्धित निकायमा आवश्यक पहल गरी सहकारीहरूलाई थप समस्याग्रस्त हुन नदिने बताउनुभयो । कार्यक्रमका संचालक एवं समस्याग्रस्त सहकारी व्यवस्थापन समितिका सदस्य-सचिव श्री केशवप्रसाद पौडेलले ११ (एघार) बुँदे प्रतिवद्धता पत्र पढेर सबै सहभागीहरूलाई सुनाउनु भएको थियो भने सहभागीहरूले उक्त प्रतिवद्धतालाई आगामी दिनहरूमा आत्मसात गर्ने प्रतिज्ञा गर्नुभएको थियो ।

अन्त्यमा कार्यक्रमको अध्यक्षता गर्नु भएका समितिका अध्यक्ष श्री काशीराज दाहालज्यूबाट संघीयतामा तीनै तहले सहकारीलाई उच्च प्राथमिकतामा राखेको, पन्ध्रौ योजनामा अर्थतन्त्रको तेस्रो स्तम्भको रूपमा रहेको सहकारी प्रत्यक्ष/अप्रत्क्ष रूपमा करीब ७३,००,००० नेपाली जनता संलग्न र देशभरी करीब ३०,००० को संख्यामा रहेका सहकारी संस्थाहरूलाई समस्याग्रस्त हुनबाट जोगाउन सबैजना सक्रिय रूपमा मन, वचन र कर्मले लाग्नुपर्ने भन्दै कार्यक्रमको समापन गर्नुभयो ।

## निष्कर्ष एवं सुझाव

स्थानीय तहहरूले कसरी समस्याग्रस्त घोषणा गर्ने स्पष्ट कानुनी ब्यवस्था मिलाउनुपर्ने, सहकारी केही समयको लागि दर्ता गर्ने कार्य बन्द गर्ने भन्ने सुझाव रहेको, सहकारीले कालो सूचीमा राखेका संस्था वा सदस्यलाई सबै सरकारी सुविधाबाट वंचित गराउन पर्ने, योग्य र अनुभवी कर्मचारीको ब्यवस्था गर्नुपर्ने, स्थानीय तहहरूले दिने लघु घरेलु साना उद्यमीको लागि अनुदान सहकारीले पनि पाउनुपर्ने, संघीय सहकारी विभागले प्रदेश र स्थानीय निकाय सहकारी विभागमा समन्वय निर्देशन र अनुशिक्षण गराउनु पर्ने, मधेस प्रदेश सरकारले प्रदेश भित्रको सत्य तथ्यमा आधारित तथ्यांक उपलब्ध गराउनुपर्ने, स्थानीय तहले असुलीमा सहयोग गर्नुपर्ने, सहकारीहरूलाई साधन श्रोत सम्पन्न बनाउनु पर्ने, प्रदेश सरकारले अभियानकर्मीसँग छलफल कार्यक्रम नियमित राख्नु पर्ने, तिनखम्वे अर्थ नीति भित्र भएको निजी क्षेत्रले पाए सरहको अधिकार सहकारीर्ले पाउनु पर्ने लगायतका सुझाव प्राप्त भएका थिए ।

# कार्यक्रममा प्रस्तुत भएका कार्यपत्रहरू

## क. मधेश प्रदेशमा वित्तीय सहकारीहरूको अवस्था र प्रदेश सरकारबाट प्रवर्द्धन भएका कार्यहरू

- डा. नम्रता सिंह
सचिव, प्रदेश सहकारी मन्त्रालय

### प्रदेश भित्र स्थानीय तहहरु

| जिल्ला | गा पा | नपा | उ प न पा | म प ना | जम्मा |
|---|---|---|---|---|---|
| पर्सा | १० | ३ | ० | १ | १४ |
| बारा | ९ | ५ | २ | ० | १६ |
| रौतहट | २ | १६ | ० | ० | १८ |
| सर्लाही | ९ | ११ | ० | ० | २० |
| महोत्तरी | ५ | १० | ० | ० | १५ |
| धनुषा | ६ | ११ | १ | ० | १८ |
| सिरहा | ९ | ८ | ० | ० | १७ |
| सप्तरी | ९ | ९ | ० | ० | १८ |
| जम्मा | ५९ | ७३ | ३ | १ | १३६ |

### सहकारीसँग सम्बन्धित संवैधानिक व्यवस्था

- अनुसूची-७ (धारा ५७ को उपधारा (३), धारा १०९, धारा १६२ को उपधारा(४), धारा १९७ सँग सम्बन्धित) संघ र प्रदेशको साझा अधिकारको अनुसूची ७ करार, सहकारी, साझेदारी र एजेन्सी सम्बन्धी
- अनुसूची-८(धारा ५७ को उपधारा (४), धारा २१४ को उपधारा (२), धारा २२१ को उपधारा (२) र धारा २२६ को उपधारा (१) सँग सम्बन्धित)स्थानीय तहको अधिकारको सूची सहकारी संस्था
- नेपालको संविधानले धारा १७४ को उपधारा (१) ले दिएको अधिकार प्रयोग गरी प्रदेश मन्त्रिपरिषद्ले प्रदेश सरकारको कार्य विभाजनका लागि देहायका नियमहरू बनाएको छ ।

| सि.नं. | कार्य जिम्मेवारीहरू |
|---|---|
| १ | सहकारी संस्था, सहकारी संघ तथा सहकारी बैंक सम्वन्धी प्रादेशिक नीति, कानून तथा मापदण्डको तर्जुमा र कार्यान्वयन, सञ्चालन, अनुमति, नियमन, तथ्यांक व्यवस्थापन र अध्ययन अनुसन्धान |

| | |
|---|---|
| २ | सहकारी वचत तथा ऋण परिचालन सम्वन्धी प्रादेशिक मापदण्ड निर्धारण र नियमन |
| ३ | सहकारी सम्वन्धमा संघीय, अन्तरप्रादेशिक र स्थानीय तहका संघ संस्थासँग समन्वय र सहकार्य |
| ४ | सहकारी क्षेत्रको विकास तथा प्रवर्द्धन, क्षमता अभिवृद्धि र परिचालन |

## मधेश प्रदेश अन्तर्गतका वित्तीय सहकारी संस्थाहरुको संख्या

| सि.नं. | जिल्ला | सहकारी विवरण | | | |
|---|---|---|---|---|---|
| | | संख्या | महिला | पुरुष | जम्मा |
| १ | सप्तरी | २७ | ७०२१ | १९०२७ | २६०४८ |
| २ | सिरहा | ६० | ४४१८ | १८३३५ | २२६५३ |
| ३ | धनुषा | ११ | २०६९ | ५४९७४ | ५७०४३ |
| ४ | महोत्तरी | १५ | ५०९२ | ४०३८४ | ४५४७६ |
| ५ | सलाही | ८२ | ८९९० | ४९७७२ | ५८७६२ |
| ६ | रौतहट | २६ | ४२३४ | १४५१२ | १८७४६ |
| ७ | बारा | ४२ | ३६८६ | १८३१५ | २२००१ |
| ८ | पर्सा | ५९ | ७८३३ | २५३३५ | ३३१६८ |
| | जम्मा | ३२२ | ४३३४३ | २४०५५४ | २८३८९७ |







मधेश प्रदेश अन्तर्गतका वित्तीय सहकारी संस्थाहरुमा आवद्ध सदस्य संख्या महिला र पुरुष

### वित्तीय सहकारी संस्थाहरुमा रकम परिचालनको अवस्थाः

- जम्मा शेयर पुँजीः रू. ७८ करोड ३४ लाख ९७ हजार
- जम्मा वचत रूः ७ अर्व ५२ करोड ६५ लाख ९५ हजार
- जम्मा ऋण परिचालन रू. ६ अर्व ३४ करोड ६५ लाख ४५ हजार

### वचत तथा ऋण सहकारी संस्थाहरुमा रोजगारीको अवस्था

- महिला कर्मचारी ३०५
- पुरूष कर्मचारी ७१६
- जम्मा कर्मचारी १०२१

श्रोतः सहकारी बैंक, नेफस्कुन, जिल्ला वचत तथा ऋण सहकारी संघहरू

### मधेश प्रदेशमा वित्तीय सहकारीहरुको जिल्ला संघ

- जिल्ला वचत तथा ऋण सहकारी संघ धनुषा
- जिल्ला वचत तथा ऋण सहकारी संघ महोत्तरी
- जिल्ला वचत तथा ऋण सहकारी संघ सप्तरी
- जिल्ला वचत तथा ऋण सहकारी संघ बारा
- जिल्ला वचत तथा ऋण सहकारी संघ पर्सा
- जिल्ला वचत तथा ऋण सहकारी संघ सर्लाही
- जिल्ला वचत तथा ऋण सहकारी संघ सिरहा

### मधेश प्रदेश सरकारबाट हाल सम्म भएका प्रमुख कार्यहरुः

- सहकारी ऐन २०७८ प्रदेशसभाबाट पारित भई प्रमाणीकरणको क्रममा रहेको ।
- सहकारी सदस्यहरूलाई अन्तरप्रादेशिक अवलोकन भ्रमणमा सहभागी गराइएको ।
- सहकारी सदस्य तथा संचालकहरूलाई अभिमुखीकरण, तालिम, नेतृत्व क्षमता विकास तालिम, लेखा व्यवस्थापन तालिम र सम्पत्ति शुद्धीकरण तालिम संचालन भएको
- यस प्रदेशमा दर्ता भएका विभिन्न सहकारी संघ/संस्थाहरूलाई पुँजीगत अनुदानतर्फ २४० वटा सहकारीहरूलाई कम्प्युटर प्रिन्टर निःशुल्क वितरण गरिएको ।
- जम्मा ८५ वटा विभिन्न सहकारी संस्थाहरूलाई जग्गा खरिदमा रजिष्ट्रेशन शुल्क छुट सिफारिस दिइएको ।

### मधेश प्रदेशमा समस्याग्रस्त वित्तीय सहकारीहरुको संख्यात्मक विवरण जिल्ला अनुसार

| जिल्ला | सप्तरी | सिराहा | धनुष | महोत्तरी | सर्लाही | रौतहट | बारा | पर्सा | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| संख्या | ० | ६ | ६ | ५ | ३० | ० | ५ | ८ | ६० |

श्रोतः जिल्ला वचत तथा ऋण सहकारी संघहरु

**वचत तथा ऋण सहकारी संस्थाहरुलाई ऋण उपलब्ध गराउने संस्थाहरुः**

- सहकारी बैक शाखा बीरगंज, कलैया, सिमरा, चन्द्रपुर, हरिवन, वर्दिवास, जनकपुर, लाहान, राजविराज (जम्मा ९ शाखा)
- नेफ्स्कुन फिल्ड कार्यालय वीरगंज, हरिवन, जनकपुर र लाहान (जम्मा ४ शाखा)
- जिल्ला वचत तथा ऋण सहकारी संघहरू
- श्रोतः सहकारी बैंक, वचत तथा ऋण सहकारी संघहरू, नेफ्स्कुन

**वित्तीय सहकारीहरु समस्याग्रस्त हुनुका कारणहरुः**

- ऐन,नियमावलीको अभाव
- आवश्यक संगठन संरचनाको अभाव
- दक्ष कर्मचारीहरूको अभाव
- साविक डिभिजन कार्यालय खारेजीमा पर्नु
- सहकारीहरू सहकारीको सिद्धान्त, मूल्य, मान्यता अनुसार काम नगर्नु
- प्रभावकारी अनुगमन मूल्यांकन नहुनु
- संचालक समिति र लेखा व्यवस्थापन समिति समन्वय नहुनु

**वित्तीय सहकारीहरुको समस्या समाधानका उपायहरु**

- ऐन, नियमावलीको तत्काल व्यवस्था हुनुपर्ने ।
- आवश्यक संगठन संरचनाको लागि (O & M) गरि संरचना निर्माण गर्नुपर्ने ।
- कर्मचारीहरूलाई सहकारीको विभिन्न किसिमको तालिमको लागि राष्ट्रिय र अन्तराष्ट्रिय तालिममा सहभागी, अवलोकन भ्रमणको व्यवस्था गरी दक्ष वनाउनुपर्ने ।
- आवश्यकताअनुसार र कार्यवोफ अनुसार सहकारी कार्यालय जिल्लाहरूमा पनि स्थापना हुनुपर्ने
- सहकारीहरूलाई सिद्धान्त, मूल्य, मान्यता अनुसार काम गर्न लगाउनुपर्ने
- प्रभावकारी अनुगमन मूल्यांकन गर्नुपर्ने ।

# ख. सहकारी दर्ता, अभिलेख व्यवस्थापन, अनुगमन तथा समस्याग्रस्त सहकारी संस्था

- रामदयाल प्रसाद यादव,
वीरगंज महानगरपालिका

## पृष्ठभूमि : स्थानीय तहमा सहकारी

- नेपालको संविधानले केन्द्रीकृत राज्यको पुरनसंरचना गर्दै संघीयता पश्चात् सहकारी संस्था नियमन गर्ने अधिकार तीन तहका सरकारले गर्ने व्यवस्था गरेको छ ।
- संविधानको अनुसूची ८ को क्र.सं.२ मा स्थानीय तहको अधिकार सूची भित्र सहकारी संस्था उल्लेख भएको छ ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम वीरगंज महानगरपालिकाको नगरसभाबाट पारित गरी वीरगंज महानगरपालिकाले सहकारी ऐन २०७४ जारी गरिसकेको छ ।

## वी.म.न.पा मा सहकारी सम्वन्धी नीतिगत व्यवस्था तथा थप प्रोत्साहन नीति :

"समृद्धिका लागि सहकारी अभियान" लाई सफल पार्न साना तथा मझौला व्यवसायमा संलग्न व्यक्ति वा समूहलाई सहकारीमा आवद्ध गराई आत्मनिर्भर बनाइनेछ ।

## प्रोत्साहन

- महिला सहकारीहरूलाई वडामा व्यवसाय दर्ता गर्दा कर छुटको व्यवस्था
- महिला समूहहरूलाई सहकारिता सम्वन्धी तालिम दिई हाल महिला समुहमा संकलित बचतलाई सहकारीमा रूपान्तरण गर्न प्रेरित गरेको ।
- एकीकरणमा जाने सहकारी संस्थालाई एकीकरण हुने आ.व र पछिलो दुई आ.व को लाग्ने व्यवसाय करमा पुरै छुट दिने तथा थप प्रोत्साहनका कार्यक्रम उपलब्ध गराइनेछ । (सहकारी ऐन २०७४ को दफा ६५ को उपदफा (४) मा व्यवस्था भएको ।

## वीरगंज महानगरपालिका अन्तरगतका सहकारीहरुको

वर्तमान अवस्था एक झलक नेपाल सरकारको मिति २०७४।४।१ को निर्णयानुसार तत्कालिन डिभिजन सहकारी कार्यालय,पर्सा वीरगंजबाट यस वीरगंज महानगरपालिका कार्यालयमा हस्तान्तरण भई आएका सहकारीहरूमध्येको अवस्था निम्न बमोजिम छ ।

| हाल सम्म | महानगरपालिकामा दर्ता | डिभिजन सहकारी कार्यालयबाट प्राप्त |
|---|---|---|
| बचत तथा ऋणः १६३ | ३ | १६० |
| बहुउद्देश्यीय : २ | ० | २ |

| | | |
|---|---|---|
| कृषि : २७ | ७ | २० |
| उपभोक्ता : ४ | ० | ४ |
| दुग्ध : १ | ० | १ |
| पशुपालन : १ | ० | १ |
| जम्मा १९८ | १० | १८८ |

**सहकारी संस्थाको दर्ता : वीरगंज महानगरपालिका सहकारी ऐन २०७४ को दफा -३) अनुसार**

- ३० जना नेपाली नागरिक मिली विषयगत वा बहुउद्देश्यीय सहकारी संस्था दर्ता
- १५ जना नेपाली नागरिक मिली श्रम वा सीपमा आधारित सहकारी संस्था दर्ता
- १०० जना नेपाली नागरिक मिली बचत तथा ऋणमा आधारित सहकारी संस्थ दर्ता
- संस्था दर्ता गर्दा एक परिवारको एक सदस्य मात्र हुनुपर्ने
- संस्था दर्ता भई सञ्चालनमा आएपछि एकै परिवारका एक भन्दा बढी पनि सदस्य हुन पाउने

सहकारी ऐन, २०७४ को दफा ५ मा उल्लेखित व्यवस्थानुसार दर्ताका लागि आवश्यक कागजात :

१. प्रस्तावित संस्थाको तदर्थ समितिको अध्यक्षले दस्तखत गरेको निवेदन (तोकिएको ढाँचामा)

२. प्रस्तावित संस्थाको २ प्रति सक्कलै विनियम । बिनियमको प्रत्येक पृष्ठको शिर पुछारमा तदर्थ संचालक समितिका प्रत्येक पदाधिकारीले सही गरेको हुनुपर्छ

३. प्रस्तावित संस्थाको २ प्रति व्यावसायिक कार्ययोजना (भावी योजना र कार्यक्रम सहित)

४. प्रथम र दोश्रो प्रारम्भिक भेलाले गरेको निर्णयको तदर्थ समितिको अध्यक्षले प्रमाणित गरेका प्रतिलिपिहरू १/१ प्रति ।

५. आवेदन गर्ने कम्तीमा भिन्न परिवारका ३० (वचत तथा ऋणको कारोबार गर्ने संस्था बाहेक) जना व्यक्तिहरूको (स्थायी बसोबास भएका) तीनपुस्ते विवरण, आवेदक सदस्यहरूले लिएको शेयरको संख्या, रकम खुलेको विवरण र हस्ताक्षर संलग्न भएको निर्धारित ढांचाको फोटो सहितको विवरण । (३३ प्रतिशत महिला)

६. संस्था दर्ता सम्बन्धी कार्य गर्न अधिकार प्राप्त व्यक्तिको दस्तखत नमूना सहित आवेदक सबैले हस्ताक्षर गरेको सक्कल अधिकार प्रत्यायोजन

७. आवेदकहरूको नागरिकताको प्रमाणित प्रतिलिपि

८. प्रारम्भिक भेलाको निर्णय अनुसार शेयर र प्रवेश शुल्क वापत उठेको रकम तदर्थ समितिको कुनै पदाधिकारीको नाममा नजिकको कुनै बैंकमा जम्मा गरेको भौचर र रकम जिम्मा लिने व्यक्तिले गरेको सक्कल भर्पाई शेयर र प्रवेश शुल्क वापतको रकम संस्थाको आफ्नै खातामा जम्मा नगरिएसम्म प्रयोगमा ल्याउन पाइने छैन । यसका लागि सहकारी विभागवाट संस्थाको नाममा रकम नसारेसम्म आवश्यकता अनुसार शर्तनामा गराउने वा बैंक खाता रोक्का समेत गर्न गराउन सकिनेछ ।

९. संकलित शेयर पुँजीको रकम कुल शेयर पुँजीको कम्तीमा २५ प्रतिशत हुनुपर्नेछ । सो सीमा भित्र नरहेमा सहकारी विभागले संकलित शेयर पुँजीको आधारमा कूल शेयर पूँजी कायम गर्न सक्नेछ

१०. संस्थाको संभाव्यताको अध्ययन प्रतिवेदन (तोकिएको ढाँचामा)

११. तदर्थ संचालक समितिका पदाधिकारीहरूको हालसालै खिचेको फोटो र हस्ताक्षर सहितको ३ पुस्ते विवरण ।

१२. आवेदकहरूको निम्न विषयहरू समेटिएको निर्धारित ढांचामा हस्ताक्षर सहितको स्वघोषणाको पत्र

१३. सम्वन्धित वडा कार्यालयको सिफारिस

१४. सहकारी शिक्षा प्राप्त गरेको प्रमाणपत्र (५० प्रतिशत सदस्यले)

१५. आर्थिक तथा कर्मचारी प्रशासन विनियमावली (२ प्रति)

## सहकारी संस्थाको कार्यक्षेत्रः

- वचत तथा ऋण सहकारी भए एक वडा ।
- अन्य विषयगत सहकारी संस्थाभए वढीमा ३ वडासम्म

तर स्वास्थ्य सेवा, यातायात, पर्यटन, सञ्चार, जस्ता व्यापक व्यावसायिक क्षेत्र समेट्ने भए शुरूमै महानगरपालिका भरी भौगोलिक क्षेत्र कायम गर्न सकिने ।

- सेवा प्रारम्भ गरेको दुई वर्षपछि तोकिएको आधारमा कार्यक्षेत्र विस्तार गर्न सकिने ।

## सहकारीको वर्गीकरण

वीरगंज महानगरपालिका सहकारी ऐनको दफा ११ मा विषयगत आधारमा वर्गीकरणः

- उत्पादनमूलक सहकारी संस्था
- सेवामूलक सहकारी संस्था
- श्रमिक सहकारी संस्था
- बहुउद्देश्यीय सहकारी संस्था : उत्पादन उपभोग र श्रम वा सीपमा आधारित स्वरोजगारीका सेवा समेत सञ्चालन गर्ने दुई वा दुई भन्दा बढी उद्देश्य भएका बहुमुखी संस्था
- वित्तीय सहकारी संस्था : बचत तथा ऋणको कारोवार

## महानगरमा सहकारी अभिलेख व्यवस्थापन

### पहिलो अभिलेख

- विनियम कपी
- पहिलो/दोश्रो भेला
- कार्ययोजना/अधिकार प्रत्यायोजन
- स्वघोषणा
- बैंक भौचर

- शेयर प्रमाण पत्र (फोटो सहितको)
- संचालक समिति तीन पुस्ते खुल्ने विवरण –अनुसूची ६
- नगरिकता, स्थलगत मुचुल्का
- दर्ता प्रमाण पत्र/टिप्पणी आदेश
- वडाको सिफारिस पत्र
- स्वघोषणा, तालिम प्रमाणपत्र
- बसोबास खुल्ने स्पष्ट आधार प्रमाण

## दोश्रो अभिलेख

- कारोबारको मासिक प्रतिवेदनहरू, चौमासिक र वार्षिक प्रतिवेदन तथा लेखापरीक्षण प्रतिवेदन,
- करचुक्ता नविकरण
- व्यवसाय दर्ता नविकरण
- साधारणसभाको उपस्थिति/साधारणसभाको माइन्युट
- अनुसूची–५
- अनुसूची ६ को निर्वाचित पदाधिकारीको फोटो टाँस सहितको विवरण र नागरिकताको प्रतिलिपि
- बसोबासको आधार प्रमाण कागजात
- सहकारी संस्थाको व्यवस्थापकको नियुक्ति पत्र
- साधारणसभाको जानकारीको आधिकारिक पत्र

  निरीक्षण तथा अनुगमन सम्वन्धी व्यवस्था वीरगंज महानगरपालिका सहकारी ऐन, २०७४ को दफा ७१

## निरीक्षण तथा अभिलेख जाँच गर्ने :

- दर्ता गर्ने अधिकारीले संस्थाको जुनसुकै बखत सहकारी शाखाबाट निरीक्षण तथा अभिलेख परीक्षण गर्न गराउन सक्नेछ ।
- तोकिएको भन्दा बढी आर्थिक कारोवार गर्ने संस्थाको हिसाव किताव वा वित्तिय कारोवारको निरीक्षण वा जाँच गर्न, गराउन सक्ने सम्वन्धी व्यवस्था संघीय कानुन बमोजिम हुनेछ ।
- सहकारी संघ संस्थाको अनुगमन सुपरीवेक्षण गर्दा सम्बन्धित वडाका जनप्रतिनिधि, जिल्ला सहकारी संघ वा विषयगत जिल्ला सहकारी संघ समेतको सहभागितामा निरीक्षण तथा अनुगमन गरी सो को प्रतिवेदन वीरगंज महानगरपालिकालाई दिनुपर्नेछ ।
- बचत तथा ऋणको कारोवार गर्ने संस्थाको निरीक्षण तथा अनुगमन सम्वन्धी विशेष व्यवस्था बचत तथा ऋणको मुख्य कारोवार गर्ने संस्थाले तोकिए बमोजिम अनुगमन प्रणाली अवलम्बन गर्नुपर्नेछ ।
- दर्ता गर्ने अधिकारीले बचत तथा ऋणको कारोवार गर्ने संस्थाको तोकिए बमोजिमको अनुगमन प्रणालीमा आधारित भई निरीक्षण तथा अनुगमन गर्नेछ

- संस्थाको निरीक्षण तथा अनुगमन दर्ता गर्ने अधिकारीले आवश्यकतानुसार नेपाल राष्ट्र बैंक लगायतका अन्य संवद्ध निकायको सहयोग लिन सक्नेछ ।

  वीरगंज महानगरपालिका सहकारी ऐन २०७४ को दफा ७७ मा समस्याग्रस्त सहकारी घोषणा गर्न सकिने प्रावधान

  ऐन बमोजिम गरिएको निरीक्षण वा हिसाब जाँचबाट कुनै संस्थामा देहायको अवस्था विद्यमान रहेको देखिएमा नगर कार्यपालिकाले त्यस्तो संस्थालाई समस्याग्रस्त संस्थाको रूपमा घोषणा गर्न सक्नेछ ।

  क) सदस्यको हित विपरित हुने गरी कुनै कार्य गरेको,

  ख) संस्थाले पूरा गर्नपर्ने वित्तिय दायित्व पूरा नगरेको वा भुक्तानी गर्नुपर्ने दायित्व भुक्तानी गर्न नसकेको वा भुक्तानी गर्नसक्ने अवस्था नरहेको ,

  ग) सदस्यहरूको बचत निर्धारित शर्त बमोजिम फिर्ता गर्न नसकेको,

  घ) यो ऐन तथा ऐन अन्तर्गत बनेका कानुन विपरित कार्य गरेको,

  ङ) संस्थाका कम्तीमा २५ जना सदस्यहरूले दर्ता गर्ने अधिकारी समक्ष निवेदन दिएकोमा छानविन गर्दा खण्ड (क) देखि (ङ) सम्मको कुनै अवस्था विद्यमान भएको देखिएको ।

### समस्याग्रस्त सहकारी व्यवस्थापन समितिको गठन सम्वन्धी व्यवस्था :

दफा ७७ बमोजिम समस्याग्रस्त संस्था घोषणा भएकोमा त्यस्तो संस्थाको सम्पत्ति तथा दायित्व भुक्तानी सम्वन्धी व्यवस्था संघीय कानुनले तोके बमोजिम हुनेछ ।

उपदफा (१) बमोजिम निरीक्षण वा हिसाब जाँचबाट कुनै संस्थामा देहायको अवस्था देखिएमा कार्यपालिकाले त्यस्तो संस्थालाई समस्याग्रस्त संस्थाको रूपमा घोषणा गर्न सक्नेछ ।

क) सदस्यको हित विपरित हुने गरी कुनै कार्य गरेको,

ख) संस्थाले पुरा गर्नुपर्ने वित्तिय दायित्व पुरा नगरेको वा भुक्तानी गर्नुपर्ने दायित्व भुक्तानी गर्न नसकेको वा भुक्तानी गर्न नसक्ने अवस्था भएको उपदफा (२) प्रचलित कानुन बमोजिम हुनेछ ।

ग) सदस्यहरूको बचत निर्धारित शर्त बमोजिम फिर्ता गर्न नसकेको ।

घ) यो ऐन, यस ऐन अर्न्तगत बनेको नियम तथा विनियम विपरित हुने गरी संस्था संचालन भएको ।

ङ) संस्था दामासाहीमा पर्न सक्ने अवस्थामा भएको वा उल्लेखनीय रूपमा गम्भीर आर्थिक कठिनाई भोगिरहेको ।

च) कुनै संस्थाले सदस्यको बचत रकम फिर्ता गुर्न पर्ने अवधिमा फिर्ता नगरेको भनी त्यस्तो संस्थाका कम्तीमा बीस प्रतिशत वा बिस जना मध्ये जुन कम हुन्छ सो बराबरका सदस्यहरूले दर्ता गर्ने अधिकारी समक्ष निवेदन दिएकोमा छानविन गर्दा खण्ड (क) देखि (ङ) सम्मका कुनै अवस्था विधमान भएको देखिएमा उपदफा (२) प्रचलित कानुन बमोजिम हुनेछ ।

## सहकारी विद्यमान कानूनहरु

- संविधान २०७२
- संघीय सहकारी ऐन, २०७४ ऐ. नियमावली, २०७५
- सरकारको नीति, कार्यक्रम र बजेट
- प्रदेश सहकारी ऐन, २०७५ तथा वीरगंज महानगरपालिका सहकारी ऐन, २०७४,
- संघीय, प्रदेश तथा स्थानीय तहबाट जारी सहकारी मार्गदर्शन, मापदण्ड र निर्देशिकाहरू ।
- सहकारी सम्बद्ध अन्य प्रचलित नेपाल कानून ।

## सहकारी व्यवस्थालाई सुदृढ गर्न अवलम्वन गर्नुपर्ने सुझाव

- नियमित नियमन र अनुगमनका लागि सहकारी विभागलाई प्राविधिक जनशक्तिको व्यवस्था सहित अधिकार सम्पन्न र जिम्मेवार बनाउने,
- सघन अनुगमनका लागि संघ प्रदेश र स्थानीय तथा ने.रा.बै को प्रतिनिधि सहितको सहकारी टास्क फोर्स बनाउने ।
- सहकारी संघहरूको भूमिका सक्रिय, सशक्त तथा निष्पक्षता कायम गर्न सक्ने बनाउने
- कर्जा असुलीका लागि कर्जा सूचना केन्द्र गठन गर्ने । (वीरगंज महानगरपालिका सहकारी ऐन २०७४ को दफा ६० मा कर्जा सूचना सम्वन्धी व्यवस्था संघीय कानून बमोजिम हुनेछ)
- सम्बन्धित सरकारले नै संचालकहरूलाई कालो सूचीमा राख्ने अधिकार सुनिश्चित गर्नुपर्ने ।
- प्रत्येक सहकारीमा आर्थिक रकम रहने सेफ/भोल्टको इन्सुरेन्स अनिवार्य लागू गर्ने व्यवस्था मिलाउने
- विद्युतीय प्रणाली मार्फत नियमन तथा अनुगमन गर्न संघीय सहकारी विभागको समन्वयमा COPOMIS लाई प्रभावकारी रूपले अद्यावधिक गराई स्थानीय तथ्यांक सूचना प्रणालीसंग आवद्ध गर्ने ।
- सहकारीको महत्व र सचेतनाका लागि विद्यालयस्तरको पाठ्यक्रममा सहकारी शिक्षाको व्यवस्था गर्ने ।
- समस्याग्रस्त सहकारी व्यवस्थापन समितिको जिम्मेवारी एउटै (संघीय) निकायबाट हुनुपर्ने । कार्यान्वयनका क्रममा स्थानीय प्रतिनिधिको समेत उपस्थिति रहने गरी
- सहकारी सञ्चालक समितिका पदाधिकारीहरूलाई नियमित तालिमको व्यवस्था गर्ने
- सहकारीहरूलाई उत्पादन र रोजगारीसँग जोडन प्रोत्साहन कार्यक्रम सञ्चालन गर्ने
- सहकारी मार्फत निक्षेपित रकमको निश्चित रकम राष्ट्र बैंक अन्तर्गतको पोलिसी अनुसार अनिवार्य बचत गरिने व्यवस्था कानूनी रूपमै व्यवस्था गरिनु पर्ने ।

# ग. नेपालमा सहकारी र सहकारी संस्थाहरुलाई समस्याग्रस्त हुन नदिन गर्नुपर्ने उपायहरु

- केशबराज आचार्य
सदस्य, समस्याग्रस्त सहकारी ब्यवस्थापन समिति

- नेपालमा सहकारीको विकास बि.स.२०१३ सालमा चितवनमा स्थापित बखान सहकारी सस्थांलाई नै पहिलो सहकारी सस्थांको रूपमा लिइन्छ ।
- हाल नेपालमा साना ठुला गरी करीब ३०,००० सहकारी सस्थाहरू रहेको अनुमान छ ।
- २०७७ मंसीर सम्मको तथ्यांकलाई हेर्दा कुल जनसंख्याको २८ प्रतिशत अर्थात करीव ७३,०७,००० मानिस सहकारीमा संलग्न ।
- राष्ट्रिय अर्थतन्त्रमा सहकारी क्षेत्रको योगदान ३ प्रतिशत रहेको छ ।

संबैधानिक व्यवस्था सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहभागिता तथा विकासमार्फत उपलब्ध साधन र स्रोतको अधिकतम परिचालन द्धारा तिव्र आर्थिक वृद्धि हासिल गर्दै दिगो आर्थिक विकास गर्ने तथा प्राप्त उपलब्धिहरूको न्यायोचित वितरण गरि आर्थिक असमानताको अन्त्य गर्दै शोषणरहित समाजको निर्माण गर्ने र राष्ट्रिय अर्थतन्त्रलाई आत्मनिर्भर स्वतन्त्र तथा उन्नतिशिल बनाउदै समाजबाद उन्मुख स्वतन्त्र र सुद्धढ अर्थतन्त्रको विकास गर्ने राज्यको आर्थिक उद्देक्ष्य हुनेछ । धारा (५०) ३

सार्वजनिक निजी र सहकारी क्षेत्रको सहभागिता र स्वतन्त्र विकासमार्फत राष्ट्रिय अर्थतन्त्र सुदृढ गर्ने ।

### संघीयतामा तीनै तहको अधिकार र सहकारी

- संघ :- सहकारी नियमन (अनसुची ५(२८))
- प्रदेश :- सहकारी संस्था (अनसुची ६(२))
- संघ र प्रदेश :- सहकारी सम्बन्धी (अनसुची ७(७))
- स्थानिय तह :- सहकारी संस्था (अनसुची ८(२))
- संघ, प्रदेश र स्थानिय तह :- सहकारी (अनसुची ९(१))
- कानुनी व्यवस्था सहकारी ऐन, २०७४
- सहकारी नियमावली, २०७५

## नीतिगत ब्यवस्था

### पन्ध्रौ योजना (२०७६।०७७-२०८१।०८२)

- नेपाल सरकारले अंगिकार गरेको नीति तथा कानुनी व्यवस्थाले निर्दिष्ट गरेबमोजिम सहकारी क्षेत्रले सहकारीको मूल्य मान्यता र सिद्धान्तको अनुसरण तथा पारस्पारिकता र स्वाबलम्बनको संस्कार र विकास प्रक्रियामा सहयोगी भूमिका निर्वाह गर्न, देशको सामाजिक विकासमा सहयोग र सहकार्य गर्न यस क्षेत्रको भूमिका ।

- मानवीय आवश्यकताका बस्तु तथा सेवाको उप्पादन, प्रशोधन र बजारीकरण गर्दै सामाजिक आर्थिक र सास्कृतिक रूपान्तरण ।
- राष्ट्रिय अर्थतन्त्रको तेस्रो खम्बा ।

## नीति तथा कार्यक्रम २०७९/०८०

- आर्थिक विकास र गरिवी निवारणका लागि सहकारी क्षेत्रलाई उद्यमशिलता, उत्पादन र रोजगारीसंग आवद्ध गरिनेछ ।

## आ.ब.०७९।०८० बजेटमा सहकारी

- सरकारी, निजी र सहकारी क्षेत्रको सहकार्यमा उत्पादन, उत्पादकत्व बृदि रोजगारी सिर्जना र गरिवी निवारण
- सहकारीको मन्त्रः आत्मनिर्भर अर्थतन्त्र भन्ने नारालाई सार्थक बनाई सहकारी क्षेत्रलाई मुलुकको आर्थिक विकासको महत्वपुर्ण क्षेत्रको रूपमा परिचालन गरिनुपर्ने व्यवस्था मिलाईनेछ ।
- सहकारी संस्थाले कम्तीमा एउटा स्वदेशी उत्पादनको खरिदबिक्री र बजारीकरण गर्ने सहयोग गर्ने ।

## व्यवस्थापनमा संघ संस्थाको भुमिका

- नेपालमा विशेषगरी वित्तीय कारोबार गर्ने सहकारीहरू समस्याग्रस्त हुने क्रम बढ्दो छ ।
- सहकारीको ऐन नियमावली, नीति, कार्यविधि र सहभागितात्मक निर्णयको परिधि नाघेका सहकारीहरू समस्याग्रस्त हुदै गइरहेकाछन् ।
- संघ संस्थाहरूको वहस पैरवीबाट बनेका विधिहरूलाई आत्मसाथ नगर्ने सहकारीहरूमा समस्या देखिएकोछ ।
- विशेषगरी सहकारीहरूको ऋण परिचालन (लगानी र भुक्तानी)लाई विधि र समयानुसार अद्यावधिक राखी सदस्यहरूको आर्थिक उन्नतीमा ध्यान दिने बनाउनु पर्छ ।
- सहकारीका संघहरूले विषयगत सहकारीहरूलाई सुशासन, क्षमता विकास, विधि निर्माण र परिपालनाका लागि पहलगर्नु पर्छ ।
- सहकारीहरूको तथ्यांक निर्माण र अनुगमनको संयन्त्र विकास गर्नुपर्छ
- सामान्य अनुगमनको मात्र भएपनि संस्थाको अवस्था बारेमा सम्बन्धीत निकायहरूलाई समयमै जानकारी गराउनु पर्छ
- मन्त्रालय, विभाग, संघहरूले संस्थालाई नियमित अनुगमनमा राख्ने, नियमित प्रतिवेदन पेशगर्ने, उक्त प्रतिवेदनको अध्ययन समयमा हुने संयन्त्रको विकास गर्ने र विधिमा सञ्चालन गराउन प्रेरित गर्नुपर्छ ।
- विशेषगरी वित्तीय कारोबार हुने संस्थाहरू समस्यामा पर्ने हुनाले वित्तीय मापदण्डहरूको नियमित अनुगमन हुने र पृष्ठपोषण संस्थालाई तत्काल उपलब्ध हुने प्रविधिको विकास गर्नमा सबै पक्षको ध्यान जानु पर्छ ।
- नियमित तालिम शिक्षा, अनुशिक्षण अभिमूखिकरण र व्यवशाय विकासका क्रियाकलापहरू समिति

उपसमिति र व्यवस्थापनलाई उपलब्ध गराउने विषयमा संघ संस्थाहरू सधै चनाखो रहनु पर्दछ ।

- समस्याग्रस्त सहकारीहरूको संचालक समिति, सम्पत्ति विवरण, आवश्यक तथ्यहरू संकलनमा सहजिकरण आवश्यक छ ।
- सहकारी क्षेत्रको सुदृढिकरणका नीतिगत व्यवस्थाहरूमा बहस र पैरवी जरूरी छ ।
- समस्याग्रस्त सहकारीहरूमा बचतकर्ताहरूको बचत फिर्ता गराउने व्यवस्था बारे छलफल र ताकेतामा सहभागीता जनाएर र समस्या समाधानका उपायहरूका लागि सम्बन्धीत निकायहरू संग परामर्श आवश्यक छ ।

## सहकारीले ध्यान दिनुपर्ने कुराहरु

- सहकारीको विषय अनुरूपका क्रियाकलापहरूमा संलग्नता कस्तो छ ?
- बचत र ऋणमा मात्र केन्द्रित छन् कि ?
- ऋण लगानी र प्रतिफलमा मात्र केन्द्रित छन् कि ?
- ठूलो ऋण लगानीका लागि संस्था सक्षम छ कि छैन वा धितो पर्याप्त छ कि छैन ?
- ऋण लगानी र धितो बन्दकमा कानूनी प्रक्रियाहरू स्पष्ट वा सहकारीको अधिकार पुग्छ पुग्दैन ?
- सञ्चालक समिति यस्ता क्रियाकलापहरू प्रति जिम्मेवार छन कि छैनन ?

## सहकारी संस्थाहरु समस्य्याग्रस्त हुनुका मुख्य कारणहरु

- सहकारी संस्थाहरूको दर्ता, संचालन र व्यवस्थापनमा जवाफदेहिता, निष्पक्षता, खुलापन, लोकतान्त्रिक संस्कार, विधिको शासन, आंचार संहिताको पालना जस्ता आधारभूत कुराहरूको अभाव हुनु,
- सहकारीको संचालन र व्यवस्थापनमा स्व-नियमन र स्व-नियन्त्रणको सिद्धान्तलाई लागु गर्न नसक्नु,
- सहकारी संस्थामा आन्तरिक सुशासनको अभाव हुनु,
- सहकारीको मूल्य मान्यता र सिद्धान्त वमोजिम संचालन नगर्नु,
- सहकारी संस्थाको नियमन र अनुगमन प्रभावकारी नहुनु,
- सहकारी ऐन र नियमले निर्दिष्ट गरे बमोजिम साधारण सभा, संचालक समितिको बैठक, लेखा सुपरिवेक्षण समितिको कार्य, लेखा र लेखापरीक्षण नियमित र प्रभावकारी नहुनु,
- वित्तीय सहकारी संस्थामा ऋण सुरक्षणको अभाव हुनु,
- ऋण असुल हुन नसक्ने गरी संचालक, निजका परिवार, नातेदार, कर्मचारी र सदस्य ऋणीहरूलाई ऋण दिई रकम हिनामिना गर्ने प्रकृती,
- प्रविधिको पहुँचमा सहजता नुहनु, कृतिम व्यवसाय खडा गरी ऋण लिने दिन प्रवृति बढ्नु ।
- गलत मनशायबाट सहकारीको उपभोग गर्ने,
- झुठ्ठा विवरण पेश गर्ने गलत प्रतिवेदन तयार गर्ने जस्ता कानून प्रतिकुलका कार्य गरी सहकारी संस्थाका सदस्य र वचतकर्ताको हित विपरितको कार्य गर्ने,
- स्वस्थ प्रतिस्पर्धा र कारोवार गर्ने ज्ञानको कमी हुनु,

- सहकारी संस्थाको संचालकहरू गैर जिम्मेवार हुनु, स्वार्थ बाझिने गरी काम गर्नु,
- दक्ष र सक्षम जनशक्तिको अभाव तथा जनतामा चेतनाको कमी हुनु,
- असल नियतले कार्य नगरी खराब उद्देष्य राखी वदनियतले कार्य गर्ने आदि ।

## सहकारी संस्था समस्याग्रस्त हुन नदिन के गर्ने

### दर्ता गर्ने निकाय वा अधिकारीको कर्तव्य

- आफ्नो क्षेत्राधिकारमा कानुनबमोजिम जनसंख्याको अनुपात समेतलाई विचार गरि सहकारी संस्था आवश्यक छ भन्ने लागेमा मात्र संस्था दर्ता गर्ने अन्यथा नगर्ने ।
- पेशागत आधारमा दर्ता भएका सहकारी संस्थाको सदस्यता प्राप्त गरेको अवस्थामा बाहेक राष्ट्रसेवक वा सार्वजनिक पदधारणा गरेको व्यक्ति संचालक समिति लेखासुपरिवेक्षण समिति, व्यवस्थापक वा कर्मचारी भै सहकारी संस्थामा  कामकाज नगर्ने वा नगराउने व्यवस्था मिलाउने ।
- आफ्नो क्षेत्रभित्रका सहकारी संस्थाहरूको निरन्तर अनुगमन र मूल्यांकनको ब्यवस्था मिलाउने उक्त कार्य लागि स्रोत साधनहरूको समेत उचित व्यवस्थापन गर्ने ।
- सहकारी संचालकहरू सँग अस्वस्थ्य सम्वन्ध नराख्ने ।
- संस्थाहरूको गतिविधिहरू प्रति निरन्तर जानकारी राख्ने, संचालक समितिका सदस्यहरू तथा व्यावस्थापकहरूको तिन पुस्ते विवरण अधावधिक गराइराख्ने  आदि ।

## सहकारी संघ संस्थाका सदस्यहरुको कर्तव्य

- सदस्यता लिनुपुर्व र सदस्यता लिए पश्चात पालना गर्नुपर्ने शर्तहरू आफ्नो भुमिका, जिम्मेवारी वा दायित्व वहन गर्नेजस्ता विषयमा पर्याप्त सुचना लिने तथा संस्थाले प्रदान गर्ने सहकारी शिक्षा लिएर मात्र सदस्य बन्ने ।
- सहकारी संस्थावाट आफ्नो व्यापार व्यावसायको लागि लिएको ऋण तोकिएको समयमा साँवा तथा ब्याज भुक्तानी गर्दै जाने सोको प्रमाण लिने ।
- आफुले बचत गरेको रकमको प्रमाणकागज सुरक्षित रूपमा राख्ने ।
- अधिकार खोज्ने मात्र नभै सदस्यको कर्तव्य र दायित्व पनि पुरा गर्ने ।

## सहकारी संस्थाका संचालक वा व्यवस्थापनको कर्तव्य

- कारोवारलाई पारदर्शी बनाउन सहकारी संस्थाबाट प्रदान गरिने सेवा, सुविधा, ब्याज रकम लगायत प्रदान गर्ने सेवा वडापत्र, सुचनापाटी वा Website मा राख्ने ।
- क्षेत्राधिकार वाहिर गइ कामकारवाही नगर्ने र एकै अवधिमा समानस्तरको सहकारी संस्थाको कर्मचारी वा संचालक समिति वा लेखासुपरीवेक्षण समितिमा  रहेर काम नगर्ने ।
- काउन्टररमा रहेको नगदको अनिवार्य विमा गर्ने ।
- सदस्यहरू सञ्चालक वा कर्मचारीहरू सँग ऋण रकम वा ब्याजदर समान कायम गर्ने, सदस्यहरू लाई ब्याजदर, लाभांश लगायत का सुविधामा विभेदजन्य ब्यवहार नगर्ने ।
- अचल सम्पती खरिद गर्नुपर्ने भए साधारण सभावाट निर्णय गराई जगेडा कोष र शेयर पुजीकोष

वाट मात्र खरिद गर्न निर्णय गर्ने सदस्यको वचत रकमवाट अचल सम्पति खरिद नगर्ने ।

- ऋण दायित्व मिनाहा, सञ्चालक समितिको भत्ता, कोषको वाडँफाडँ एवं लाभांश वितरण, लेखापरीक्षको नियुक्ती र पारिश्रमिक तथा ब्यवस्थापकको पारिश्रमिक तोक्ने विषय संचालक समितिबाट अनिवार्य निर्णय गराएर मात्र गर्ने ।
- एउटै सस्थामा एकै अवधिमा एकै परिवारको एक भन्दा वढि ब्यक्ति संचालक वा लेखापरीक्षण सुपरिवेक्षकको समितिमा नबस्ने ।
- शेयर पूँजीमा भए भन्दा बढी शेयर रकम संकलन नगर्ने तत्काल कायम रहेको कुल पूँजीकोषको अधिकतम १०% मा नवढ्ने गरी प्रति सदस्य ऋण प्रवाह गर्ने ।
- नकमाउने सम्पती (Non Performing Assets) कूल सम्पतिको ५% भन्दा कम कायम राख्ने ।
- तीन महिनाको औषत तरलता २५% भन्दा वढी कायम रहन गएको अवस्थामा बाहेक संचालक समिति र लेखा सुपरिवेक्षण समितिका पदाधिकारीहरूले एकैपटकमा कुल ४९% भन्दा बढी ऋण नलिने
- सम्भावित जोखिमहरूको वारेमा पर्याप्त जानकारी राख्ने ।
- कोषको उद्देष्य पुरा गर्नको लागि सहकारी ऐन तथा नियमावली भए बमोजिम कोष खडा गर्ने ।
- कृतिम रूपमा लाभ देखाइ अधिक लाभांश वितरण नगर्ने ।
- सहकारी संस्थाहरूले न्युनतम (१०-१५)% तरलता अनिवार्य कायम गर्ने १०% भन्दा कम तरलता रहेको अवस्थामा ब्यवस्थापकले संचालक समितिलाई जानकारी गराउने ।
- संस्थाको स्विकृत विनियमको उद्देश्य र कार्यविपरीत ब्यापार मात्र गर्ने उद्देश्यले कुनै पनि मालसामान तथा अचल सम्पति खरीद नगर्ने ।
- ठुला परियोजनाहरू संचालन गनुपर्ने भएमा परियोजनाहरू संचालन गर्ने उद्देश्य तथा कार्यहरू विनियममा समावेश गरेर मात्र लगानी गर्ने ।
- ऋणको क्षेत्रगत बर्गिकरण गर्न प्रवाह भएको ऋणको कम्तीमा ५१% ऋण उत्पादन तथा आयमुलक ब्यावसायमा लगानी गर्ने ।
- साधारण सभावाट वार्षिक नीति तथा कार्यक्रम र बजेटमा समावेश गरी कर्मचारीहरूको पदपूर्तिको ब्यवस्था मिलाउने ।

## घ. सहकारी संस्थामा सुशासन प्रवर्धन सम्बन्धी प्रतिवद्धता पत्र-२०७८

आज मिति २०७९।०३।०२ गते समस्याग्रस्त सहकारी व्यवस्थापन समितिको कार्यालयको आयोजनामा सहकारी संस्थामा सुशासन प्रबर्द्धन र व्यवस्थापन विषयक प्रदेश स्तरीय कार्यशाला गो ष्ठीमा उपस्थित हामी सहमागीहरू आपसमा सहमत भई सहकारीसँग सम्बन्धित निम्न विषयहरू नेपालको संविधान र प्रचलित कानून बमोजिम पारस्परिक सहयोग, समन्वय र सहकार्यको भावना अनुसार कार्यान्वयन गर्ने प्रतिवद्धता ब्यक्त गर्दछौँः

१. नेपालको संविधान, सहकारी नीति, सहकारी ऐन, नियम र कानून प्रतिकूल नहुने गरी प्रदेश तथा स्थानीय तहका नीति, ऐन, नियम र कानूनको निर्माण गर्ने तथा बाफिएको हदसम्म संशोधन गर्ने कार्यमा सम्बन्धित निकायलाई सुझाब प्रदान गर्ने ।

२. सहकारी क्षेत्रको संस्थागत सुशासन प्रवर्द्धन गर्नको लागि प्रविधिमा आधारित नियमन कार्यलाई प्रभावकारी तुल्याउन सहकारी विभागमा रहेको "सहकारी तथा गरिवी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (COPOMIS मा आ–आफ्नो कार्यक्षेत्रमा दर्ता भएका सहकारी संस्थाहरूलाई प्रविष्टि गराउने कार्यमा उत्प्रेरकको भूमिका निर्वाह गर्नेछौँ । सफ्टवेयर प्रणालीमा सामयिक सुधार सहित प्रयोगात्मक निर्देशिका तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।

३. सहकारी संघसंस्थाहरू मार्फत् संचालन गरिने कार्यक्रम तथा पुँजीगत अनुदानमा दोहोरोपना नहुने गरी अन्तर तह समन्वय कायम गरिने छ । सहकारीका जिल्ला संघ, प्रदेश संघ र केन्द्रीय संघबाट सञ्चालन हुने लागत र संरचनागत हिसावले ठूला योजनाहरू सञ्चालनको लागि आवश्यक पुँजीगत अनुदान वितरण कार्यमा स्वीकृत नीति अनुरूप आवश्यक समन्वय र सहकार्य गरिनेछ ।

४. सहकारी प्रवर्द्धनको लागि प्रशिक्षण कार्यक्रम कार्यान्वयन गर्दा सहकारी प्रशिक्षण तथा अनुसन्धान केन्द्र र प्रदेश प्रशिक्षण तथा अनुसन्धान केन्द्र र सहकारीका छाता संगठनहरूबीच समन्वय स्थापित गरी प्रशिक्षण सामग्री तथा प्रशिक्षकहरूबीच सिकाई, अनुभव आदान–प्रदान गर्ने कार्यमा सहजीकरण गरिने छ।

५. सहकारी संस्थाहरूको संख्यात्मक बढोत्तरीमा मात्र सीमित नरही गुणात्मक सुधार गर्न सहकारी नियमन, सुपरिवेक्षण तथा अनुगमनको कार्य गर्दा सहकारी नियमावली, २०७५ को नियम ७२ तथा अन्य प्रचलित कानून बमोजिमको क्षेत्राधिकार अनुसार अनुगमनको कार्य सम्पादन गरिनेछ । यसरी अनुगमनको कार्य गर्दा एउटै सहकारी संस्थामा एकै वर्ष भित्र दोहोरो नपर्ने गरी अन्तर–तह समन्वय कायम गरिनेछ ।सहकारीका कृयाकलापहरूको अनुगमनमा संघीय ,प्रादेशिक र स्थानीय तह तथा अभियानका छाता संगठनहरूको समन्वय र सहकार्य गरिनेछ ।अनुगमनबाट प्राप्त नतिजा र सुधारात्मक निर्देशनको जानकारी उपलब्ध गराउन प्रतिबद्ध छौँ ।

६. स्वशासन, सुशासन, सदस्य सुरक्षा लगायत सहकारीका अन्तर्राष्ट्रिय आधारभूत मूल्य मान्यता

परिपालनालाई प्रवर्द्धन गरिनेछ । सहकारी ऐन, नियमको प्रभावकारी कार्यान्वयन गराउन सरकारी निकाय र सहकारी अभियानका छाता संगठनहरूको संस्थागत क्षमता विकास गरिनेछ ।

७. सहकारीहरूलाई समस्याग्रस्त हुन नदिन आन्तरिक सुशासन प्रणालीमा सुधार गर्न पालन गर्नुपर्ने विषयहरूमा सचेतना कार्यक्रम संचालन गरिनेछ ।

८. वचत तथा ऋण सहकारीको व्यवस्थापन र संचालन सम्बन्धमा विशिष्ट मापदण्ड निर्माण गरी कार्यान्वयनमा जोड दिइनेछ । सहकारीको संस्थागत सुशासनका लागि सहकारी कर्जा सूचना केन्द्र, सहकारी ऋण असूली न्यायाधिकरणको स्थापनाका लागि आवश्यक पहलमा सहकार्य गरिनेछ ।

९. सरकारी र सहकारी क्षेत्रको सहकार्यमा रोजगारी प्रवर्द्धन तथा गरिवी निवारण कार्यक्रम संचालन गर्न आवश्यक साझेदारी गरिनेछ । सहकारीको लगानीलाई उत्पादनशील क्षेत्रमा केन्द्रित गरी दिगो विकासको लक्ष्य प्राप्तिमा योगदान गरिनेछ ।

१०. सहकारी दर्ता तथा नियममा विभिन्न तहहरूवाट निर्धारण गरिने मापदण्ड तथा अभ्यासमा समानता कायम गर्न पहल गरिनेछ ।

११. यस राष्ट्रिय गोष्ठीबाट प्राप्त निष्कर्ष तथा सुझावहरूलाई सहकारी क्षेत्रको नीति तथा कार्यक्रम तर्जुमा गर्दा र कार्यान्वयन गर्दा ध्यान दिइनेछ ।

भाग–५

# विविध

## क. सहकारी संस्था समस्याग्रस्त हुन नदिन पालना गर्नुपर्ने कुराहरु

सहकारीलाई आर्थिक विकासको मेरूदण्डको रूपमा विकास गर्ने नीति नेपालको संविधान, सहकारी ऐन र सहकारी सम्बन्धी  राष्ट्रिय नीतिले आत्मसाथ गरेको पृष्ठभूमिमा सहकारी संस्था समस्याग्रस्त हुनबाट बच्न देहायका सिद्धान्त, नीति र व्यवस्थालाई पालना गर्नुपर्ने देखिन्छ ।

१. सहकारीको मूल्य, मान्यता र सिद्धान्त अनुरूप संस्थागत सुशासन कायम गरी सहकारी संचालन गर्ने,

२. सहकारी ऐन/नियम/नियामक निकायहरूको निर्देशन र संस्थाको विनियमको पालना गर्ने,

३. नियमित रूपमा संस्थाको साधारण सभा, संचालक समिति र लेखा सुपरिवेक्षण समितिको वैंठकहरू गर्ने,

४. नियमित रूपमा बैठकहरू संचालन गर्दा पारदर्शी र लोकतन्त्रिक प्रकृया अपनाई गर्ने,

५. असोज महिना भित्र लेखापरिक्षण सम्पन्न गरी प्रत्येक वर्षको पुष महिना भित्र साधारण सभा सम्पन्न गर्ने,

६. नियामक निकायमा बुझाउनु पर्ने विवरण र प्रतिवेदनहरू नियमित रूपमा बुझाउने,

७. मासिक रूपमा संस्थाको वित्तीय विवरणहरू तयार गरी सार्वजनिक गर्ने,

८. नियमित आन्तरिक लेखापरिक्षण गरी सहकारी संस्थाको आन्तरिक नियन्त्रण प्रणाली संस्थागत गर्ने,

९. सहकारी संस्थाले आफ्नो उद्येश्य र कार्यक्षेत्र भन्दा विपरित हुनेगरी अन्य व्यवसाय नगर्ने,

१०. कोपोमिस (COPOMIS) र गोएमएल (GOAML) कार्यान्वयन गर्ने,

११. सहकारी संस्थाले प्रयोग गर्ने सफ्टवेयरको नियामक निकायबाट प्रमाणीत गराई सुरक्षित र विश्वसनीय बनाउने,

१२. सहकारी संस्था संचालनको लागि न्यूनतम तालिम/प्रशिक्षणहरूको व्यवस्था नियमित गर्ने र पुनः ताजगि प्रशिक्षणको व्यवस्था गर्ने,

१३. संस्थाका सदस्यहरूको बचतको रकमबाट सम्पत्ति खरिद नगर्ने,

१४. सहकारी संस्थाका कर्मचारीहरूको स्थायित्व हुनुपर्ने,

१५. संस्थाले सदस्य बाहेकका व्यक्तिहरूलाई ऋण लगानी नगर्ने र लगानी गर्दा उत्पादनमुलक क्षेत्रमा प्राथमिकता दिएको हुनुपर्ने,

१६. सहकारी संस्थाले ऋण लगानी गर्दा ऋणको सुरक्षण हुने सम्पत्ति धितो लिने,

१७. ऋण लगानी गर्दा धितो संस्थाकै नाममा पास गर्ने,

१८. संस्थाले लगानी गरेको ऋणको मासिक रूपमा वर्गीकरण गरी विश्लेषण गर्ने,

१९. भाखा नाघेको ऋणको लागि तोकेबमोजिमको रकम सुरक्षण कोषमा /ाख्ने ,

२०. जगेडा कोष र घाटापूर्ति कोष जोडेर आउने अंकको पचास प्रतिशत भन्दा बढी रकमको स्थिर सम्पत्ति नराख्ने,

२१. ऋण लगानी गर्दा प्रति सदस्यलाई शेयर पूँजी र जगेडा कोषको जोडको दश प्रतिशत भन्दा बढी नगर्ने,

२२. संचालक समिति र लेखा समितिका सदस्यलाई ऋण लगानी गर्दा उनन्नचास प्रतिशत भन्दा बढी हुने गरी ऋण लगानी नगर्ने,

२३. संचालक समिति, कर्मचारी र निजका एकाघरको व्यक्तिले लिएको ऋण भाखा भित्रै तिरेको हुनुपर्ने,

२४. कमिशन दिएर बचत र ऋण रकम उठाउन नलगाउने,

२५. संस्थाका सदस्यहरूसँग नियमित छलफल गर्ने, शिक्षामूलक कार्यक्रमहरू आयोजना गर्ने,

२६. व्याजदर निर्धारण गर्दा सन्दर्भ व्याजदरलाई आधार बनाउने,

२७. संस्थाको सम्पत्ति संचालक, कर्मचारी र कुनै व्यक्तिको नाममा नराखी संस्थाकै नाममा राख्ने,

२८. भल्टमा रहने रकमको विमा गर्ने र विमा गरेको रकमको सिमाभित्र रहनेगरी मात्र नगद राख्ने,

२९. असल नियतले संस्थाका सदस्यहरूको हित गर्ने उद्देश्यले कार्य गर्ने,

३०. सहकारी ऐन/नियमको प्रभावकारी कार्यान्वयन गरी संस्थामा सुशासनको प्रवर्धन गर्ने,

नोटः नियमनकारी नियकायले माथि उल्लेख गरे वमोजिम चेकलिष्ट बनाई अनुगमन र नियमन नियमित रूपमा गर्न प्रणालीको विकास गर्ने ।

# ख. ऋणिको नाममा प्रकाशित सूचनाहरु

नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
**समस्याग्रस्त सहकारी व्यवस्थापन समितिको कार्यालय**
अनामनगर, काठमाण्डौ

**नेपाल सरकारबाट बिभिन्न मितिमा समस्याग्रस्त घोषणा भएका सहकारीका ऋणीहरुको नाउँमा जारी गरिएको ३५ दिने सार्वजनिक सूचना ।**

**प्रकाशित मिति : २०७९/०३/१७ गते**

नेपाल सरकारबाट सहकारी ऐन, २०७४ को दफा १०४ बमोजिम समस्याग्रस्त घोषणा भै सोही ऐनको दफा १०५ बमोजिम सम्पत्ति तथा दायित्वको व्यवस्थापन गरी फरफारक गर्ने जिम्मेवारी यस समितिमा प्राप्त हुन आएको र ऋणीले आफुले लिएको ऋण (साँवा+ब्याँज) चुक्ता गर्न आउनु भनि पटक-पटक पत्राचार र फोन सम्पर्क गर्दा समेत ऋण चुक्ता गर्न नआउनु भएकोले (कतिपय ऋणीहरूको वतन र फोन नं.बाट सम्पर्क हुन नसकेका ऋणीहरू समेत) मिति २०७८/०३/१७ मा समेत आफ्नो दायित्व फरफारक गर्न आउनको लागि राष्ट्रिय दैनिक पत्रिकामा ३५ दिने सूचना प्रकाशित गरिएकोमा समेत आफुले लिएको ऋण भुक्तानी गर्न नआउनु भएकोले पुनः सार्वजनिक सूचना प्रकाशित गरिएको छ । तोकिएको समयमा यस समितिको कार्यालय अनामनगर, काठमाडौंमा सम्पर्क गर्नु भै आफ्नो ऋण दायित्व चुक्ता गर्न हुन सम्बन्धित ऋणीहरूको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । अन्यथा ऋणी निजका परिवार तथा जमानीकर्ताको नाउँको सम्पत्तिबाट कानुन बमोजिम असूलउपर गरिने व्यहोरा समेत सूचित गरिन्छ । विस्तृत जानकारीको लागि समितिको कार्यालय अनामनगर, काठमाण्डौमा सम्पर्क राख्नु हुन तथा यस समितिको वेवसाइड www.coopmc.gov.np मा हेर्नुहुन अनुरोध गरिन्छ ।

**प्रभु बचत तथा ऋण सहकारी संस्था लिमिटेड (समस्याग्रस्त सहकारी)**

| क्र.सं. | ऋणीको नाम | ठेगाना | बुबाको नाम | बाजेको नाम | जमानी बस्नेको नाम | ठेगाना |
|---|---|---|---|---|---|---|
| १ | प्रसाद राई | बेलटार-५ उदयपुर | भेष बहादुर राई | राज बहादुर राई | विष्णु प्रसाद भट्टराई | का.म.न.पा.-१० बानेश्वर |
| २ | विष्णु प्रसाद भट्टराई | का.म.न.पा.-३४ | दुर्गा प्र.भट्टराई | जिव नाथ भट्टराई | राकेश श्रेष्ठ | |
| ३ | बाबुलाल श्रेष्ठ | दिक्तेल-३ खोटाङ | पूर्ण बहादुर श्रेष्ठ | खड्ग बहादुर श्रेष्ठ | खुशचन्द्र श्रेष्ठ | दिक्तेल-३ खोटाङ |
| ४ | राजेश श्रेष्ठ | बेलटार-२ उदयपुर नाप्रनं. २७८७९/१११९४ | जनक ब.श्रेष्ठ | खड्ग बहादुर श्रेष्ठ | | |
| ५ | स्वरुप मरासिनी | नेपालगंज, बाँके | नारायण प्र. मरासिनी | गोविन्द मरासिनी | राजु श्रेष्ठ | खोत्लाङ-९ गोरखा |

**प्यासिफिक सेभिङ् एण्ड इन्भेष्टमेण्ट को-अपरेटिभ लिमिटेड (समस्याग्रस्त सहकारी)**

| सि.नं. | ऋणीको नाम थर | बुबाको नाम | बाजेको नाम | ठेगाना |
|---|---|---|---|---|
| १ | अग्नि एयर प्रा.लि (सुधिर वस्नेत.) | सुशिल बस्नेत | गेहेन्द्र बहादुर बस्नेत | का.म.पा.१० |
| २ | राजेन्द्र कुमार श्रेष्ठ | हरी बहादुर श्रेष्ठ | | का.म.पा.१० |
| ३ | राकेश कुमार रावल | केशर ब रावल | पदमसिंह रावल | अछाम जुपु २ हाल-का.म.पा.३२ मिलनचोक |
| ४ | बिष्णु भट्टराई | दुर्गा प्रसाद भट्टराई | जीवनाथ भट्टराई | श्रीजुङ्ग गाउपञ्चायत- ५, कोशी, तेह्रथुम |
| ५ | मधु सापकोटा | हरिप्रसाद सापकोटा | यमनाथ सापकोटा | कमलादी, काठमाण्डौ |
| ६ | सुरेन्द्र ब.थापा क्षेत्री | मोहन क्षेत्री | लोक बहादुर क्षेत्री | तोरीया-५, नवलपरासी |
| ७ | सुरेश मगर | बिष्णु बहादुर मगर | राम बहादुर मगर | काठमाण्डौ महानगरपालिका-१० |
| ८ | विनोद गिरी | कान्छा गिरी | कुमार गिरी | कमलादी, काठमाण्डौ |
| ९ | उदय थापा | चित्र ब थापा | कर्ण बहादुर थापा | पोखरा -१६, कास्की |
| १० | बासु गिरी | रामकृष्ण गिरी | हर्क बहादुर गिरी | का.म.न.पा.-१० |
| ११ | सीताराम ढुंगेल | बिष्णु प्रसाद ढुंगेल | श्री प्रसाद ढुंगेल | नयाँ बानेश्वर, काठमाण्डौ । |
| १२ | कालिन्द्र जी.सी. | ठाकुर जि.सी. | डिल बहादुर जि.सी | वेलिशंकरपुरा गा.पा.-६, नवलपरासी |
| १३ | महेश्वर लाल श्रेष्ठ | किसोर श्रेष्ठ | बिष्णु श्रेष्ठ | मकवानपुर, हाल- नैकाप |
| १४ | दुर्गा भण्डारी | खडक ब. भण्डारी | मानभोज भण्डारी | भोटेवहाल, काठमाण्डौ । |
| १५ | रिजन रिजाल | बद्री प्र. रिजाल | काली प्रसाद रिजाल | कमलादी, काठमाण्डौ |

**कुवेर सेभिङ्ग एण्ड क्रेडिट को-अपरेटिभ लि. (समस्याग्रस्त सहकारी)**

| क्र.सं. | ऋणीको नाम | ठेगाना | बुबाको नाम | बाजेको नाम | जमानी बस्नेको नाम | ठेगाना |
|---|---|---|---|---|---|---|
| १ | स्वरुप मरासिनी | नेपालगंज बाँके | गोविन्द मरासिनी | नारायण प्र. मरासिनी | राजु श्रेष्ठ | खोत्लाङ-९ गोरखा |
| २ | युवराज आर्याल | धनगढी-४, कैलाली | | देवीलाल आर्याल | सुमिन कोइराला | भोवुहा-४ सुनसरी |

**स्ट्याण्डर्ड सेभिङ्ग एण्ड क्रेडिड को-अपरेटिभ लि. (समस्याग्रस्त सहकारी)**

| क्र.सं. | ऋणीको नामथर | बाबुको नामथर | बाजेको नामथर | स्थायी ठेगाना | जमानीकर्ताको नामथर | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | सुधिर बस्नेत अग्नि एयर प्रा.ली. | शुशिल बस्नेत | गेहेन्द्र ब. बस्नेत | का.म.न.पा -१० काठमाडौं | नितु थापा | |
| २ | विनितमणी उपाध्याय | चुडामणी उपाध्याय | रुकमाङ्गत उपाध्याय | का.म.पा -१०, बानेश्वर | विनोद कुमार श्रेष्ठ हेटौंडा-३, मकवानपुर | |
| ३ | ज्ञानेन्द्र श्रेष्ठ | रुद्र बहादुर श्रेष्ठ | रत्न बहादुर श्रेष्ठ | मकवानपुर | शुसिला श्रेष्ठ | |
| ४ | स्वरुप मरासिनी | गोविन्द मरासिनी | नारायण मरासिनी | का.म.पा -१० बानेश्वर | संचालकः खेमराज निरौला | |
| ५ | राजेश श्रेष्ठ | जनक श्रेष्ठ | | वेलटार-५, उदयपुर | --- | |
| ६ | युगदिप शर्मा | हेमन्त घिमिरे | पुन्यलाल घिमिरे | झापा ६ | नबिन कोईराला | |
| ७ | मञ्जु जैन | हंसराज जैन | जशकरण जैन | विरगंज-१३, पर्सा | राजेश पारख | |
| ८ | किच चित्रकार | जुलुमलाल चित्रकार | | कुपण्डोल १४, ललितपुर | राजेश श्रेष्ठ दिक्तेल, खोटाङ | |
| ९ | शिल्पा श्रेष्ठ | रबि श्रेष्ठ | भोलानाथ श्रेष्ठ | का.म.न.पा.-२ काठमाडौं | रवि श्रेष्ठ कुपण्डोल, ललितपुर | |
| १० | बाबुलाल श्रेष्ठ | खड्ग बहादुर श्रेष्ठ | पूर्ण बहादुर श्रेष्ठ | दिक्तेल-३, खोटाङ्ग | गोपाल सैजु | |
| ११ | नरेन्द्र राज श्रेष्ठ | पुर्ण चन्द्र श्रेष्ठ | राजदास बादे श्रेष्ठ | काठमाडौं | किच चित्रकार | |
| १२ | बिष्णु प्रसाद भट्टराई | दुर्गा प्रसाद भट्टराई | जीवनाथ भट्टराई | श्रीजुङ - ५ तेह्रथुम | चिरन्जीवी पौडेल हरि बहादुर खड्का सुदिप आचार्य | |
| १३ | गणेश बहादुर बुढाथोकी | हर्क बहादुर बुढाथोकी | लाल बहादुर बुढाथोकी | दमक-६, झापा | हेमन्त रिजाल | |
| १४ | जिनु श्रेष्ठ | | | दिक्तेल, खोटाङ | | |

नयाँ पत्रिका शुक्रबार १७ असार ०७९ www.nayapatrikadaily.com

नेपाल सरकार

भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय

## समस्याग्रस्त सहकारी व्यवस्थापन समितिको कार्यालय

अनामनगर, काठमाण्डौ

## नेपाल सरकारबाट बिभिन्न मितिमा समस्याग्रस्त घोषणा भएका सहकारीका ऋणीहरूको नाउँमा जारी गरिएको ३५ दिने सार्वजनिक सूचना ।

**प्रकाशित मिति : २०७९/०३/२० गते**

नेपाल सरकारबाट सहकारी ऐन, २०७४ को दफा १०४ बमोजिम समस्याग्रस्त घोषणा भै सोही ऐनको दफा १०५ बमोजिम सम्पत्ति तथा दायित्वको व्यवस्थापन गरी फरफारक गर्ने जिम्मेवारी यस समितिमा प्राप्त हुन आएको र ऋणीले आफुले लिएको ऋण (साँवा+ब्याज) चुक्ता गर्न आउनु भनि पटक-पटक पत्राचार र फोन सम्पर्क गर्दा समेत ऋण चुक्ता गर्न नआउनु भएकोले (कतिपय ऋणीहरूको वतन र फोन नं.बाट सम्पर्क हुन नसकेका ऋणीहरू समेत) मिति २०७८/०३/१७ मा समेत आफ्नो दायित्व फरफारक गर्न आउनको लागि राष्ट्रिय दैनिक पत्रिकामा ३५ दिने सूचना प्रकाशित गरिएकोमा समेत आफुले लिएको ऋण भुक्तानी गर्न नआउनु भएकोले पुनः सार्वजनिक सूचना प्रकाशित गरिएको छ । तोकिएको समयमा यस समितिको कार्यालय अनामनगर, काठमाडौंमा सम्पर्क गर्नु भै आफ्नो ऋण दायित्व चुक्ता गर्न हुन सम्बन्धित ऋणीहरूको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । अन्यथा ऋणी निजका परिवार तथा जमानीकर्ताको नाउँको सम्पत्तिबाट कानुन बमोजिम असूलउपर गरिने व्यहोरा समेत सूचित गरिन्छ । विस्तृत जानकारीको लागि समितिको कार्यालय अनामनगर, काठमाण्डौमा सम्पर्क राख्नु हुन तथा यस समितिको वेबसाइड www.coopmc.gov.np मा हेर्नुहुन अनुरोध गरिन्छ ।

**प्यासिफिक सेभिङ्ग एण्ड इन्भेष्टमेन्ट को-अपरेटिभ लिमिटेडका ऋणीहरूको विवरण (समस्याग्रस्त)**

| सि.नं. | ऋणीको नाम थर | बुबाको नाम | बाजेको नाम | ठेगाना | कैफियत |
|---|---|---|---|---|---|
| १ | प्रकाश सोडारी | भवानी प्रसाद सोडारी | दल बहादुर सोडारी | | |
| २ | सुशिल प्र.पाण्डे | अम्बीका पाण्डे | उपेन्द्र पाण्डे | नयाँ बानेश्वर, काठमाडौं | |
| ३ | राजेश थापा | | | | |
| ४ | तेजानन्द वैद्य | तारा नन्द पाण्डे | दिर्घानन्द पाण्डे | बागडोल, ललितपुर | |
| ५ | अपिल विष्ट | नरेन्द्र विष्ट | खडकबहादुर विष्ट | बबरमहल-८, काठमाडौं | |
| ६ | मनोज पोखरेल | शंकर पोखरेल | विष्णु पोखरेल | नयाँ बानेश्वर, काठमाडौं | |
| ७ | अनिल श्रेष्ठ | मदन श्रेष्ठ | गंगा श्रेष्ठ | चावहिल-७ काठमाडौं | |
| ८ | कमला कार्की | पत हरि कार्की | गम्भिर ध्वज कार्की | दुवाकोट-५, भक्तपुर | |

**कुबेर बचत तथा ऋण सहकारी संस्था लिमिटेडका ऋणीहरुको विवरण (समस्याग्रस्त)**

| क्र.सं. | ऋणीको नाम | ठेगाना | बुबाको नाम | बाजेको नाम | जमानी बस्नेको नाम | जमानी बस्नेको ठेगाना |
|---|---|---|---|---|---|---|
| १ | उमेश थापा | इमाडोल-२ ललितपुर | विष्णु ब. थापा | खड्ग ब. थापा | | |
| २ | पुरुषोत्तम न्यौपाने | बाँके | हरि ब. न्यौपाने | बल बहादुर क्षेत्री | अस्मिन कु. थापा | |
| ३ | शोभा राना | बानेश्वर-१० काठमाण्डौ | भरत ब.राना | इन्द्र ब. राना | सुरेश थापा | का.म.न.पा-३ |
| ४ | संगिता देवी सिंह | कृष्णपुर-४ कन्चनपुर | विर ब. शाही | हिकमत शाही | कृष्ण ब. सिंह | बेउलीकोट-१ बझाङ |
| ५ | सुमित्रा थापा | गाफु-२ गोरखा | चन्द्र ब. बस्नेत | कर्ण ब. बस्नेत | रामचरण बस्नेत | गाफु-२ गोरखा |
| ६ | कृष्ण प्र. आचार्य | पन्चकन्या-८ चितवन | हरिशरण शर्मा | जय नारायण आचार्य | शोभाखर शर्मा | रामडाँडा-१ बाग्लुङ |
| ७ | परमेश्वर मण्डल | इनरुवा-३ सप्तरी | खटर मण्डल | छुतरु मण्डल | सुरेश मण्डल | इनरुवा-३ सप्तरी |
| ८ | किरण खड्का | का.म.न.पा-३ खडक भद्रकाली | चिरञ्जीवी खड्का | कृष्ण ब. खड्का | देवान राई | बझाङ-४ खोटाङ |
| ९ | राम नारायण मल्ल | भरतपुर चितवन | चतुर सिंह मल्ल | वीरमान सिंह मल्ल | पवनराज गिरी | का.म.न.पा-४ सिलापाइला |
| १० | हरि प्रिया ढकाल | बुढानिलकण्ठ | | | | |
| ११ | नविन पौडेल | धनगढी-४ कैलाली | देवलाल अर्याल | | किरण आचार्य | उरहरी-८ दाङ |
| १२ | विष्णु माया आचार्य | मरेङ-५ अर्घाखाँची | इश्वरनाथ आचार्य | चिनीराम आचार्य | शंकर खड्का | वेथान-३ रामेछाप |
| १३ | हिरा ब. राउत | खोटाङ | हर्क ब. राउत | हित ब. राउत | बद्री खड्का | सुनसरी |
| १४ | मुगारी श्रेष्ठ | का.म.न.पा-३ | खुशचन्द्र श्रेष्ठ | | | |
| १५ | डिल्ली राज कोइराला | स्याङजा | तारा केशर कोइराला | हिरा देवी कोइराला | सत्यवती कोइराला | का.म.न.पा.-५ गगोबु |
| १६ | तेज कु.श्रेष्ठ | कार्कीनेटा-८ पर्वत | मोती कु. श्रेष्ठ | | | |

**प्रभु बचत तथा ऋण सहकारी संस्था लिमिटेडका ऋणीहरुको विवरण (समस्याग्रस्त)**

| क्र.सं. | ऋणीको नाम | ठेगाना | बुबाको नाम | बाजेको नाम | जमानी बस्नेको नाम | ठेगाना |
|---|---|---|---|---|---|---|
| १ | गोविन्द लाल श्रेष्ठ | मेथिनकोट -४, काभ्रे | लक्ष्मी दास श्रेष्ठ | लक्ष्मी नारायण श्रेष्ठ | रामचन्द्र बुढाथोकी | |
| २ | सुरज बन्जाडे | बाङला-१, अर्घाखाँची | पाराश्वर बन्जाडे | नन्दि केशर बन्जाडे | बिश्वजित राई | निरगाँउ-८, धनकुटा |
| ३ | विनोद बहादुर भुजेल | धरान-४, सुनसरी | मदन बहादुर भुजेल | बल बहादुर भुजेल | राजु पोखरेल | ठाना गाँउ-७, उदयपुर |
| ४ | नविन कोइराला | भरौल-४, सुनसरी | रेवतिरमण कोइराला | कुञ्जलाल कोइराला | नगेन्द्र घिमिरे | झापा, लखनपुर |
| ५ | शिव कार्की | साल्पासिलिछो गा.पा.-२, भोजपुर | भरत कुमार कार्की | तिलक बहादुर कार्की | लाल बहादुर राई | |
| ६ | सुमित कोइराला | थोकराह-४, सुनसरी | सालिकराम कोइराला | कुञ्जलाल कोइराला | प्रमोद शर्मा | फाकफोक-९, इलाम |
| ७ | कर्म सान्तेन घले | मनाङ्ग-२, मनाङ | प्रेमा घले | कर्म घले | डोटकर घले | मनाङ गा.वि.स. टकिमनाङ |
| ८ | करिश्मा श्रेष्ठ | गोरखाली-१, गोरखा | कृष्ण प्रसाद श्रेष्ठ | किशोर कुमार श्रेष्ठ | किशोर कुमार श्रेष्ठ | गोरखालि-१, गोरखा |

**स्ट्याण्डर्ड सेभिङ्ग एण्ड क्रेडिट को-अपरेटिभ लिमिटेडका ऋणीहरूको विवरण (समस्याग्रस्त)**

| क्र.सं. | ऋणीको नामथर | बाबुको नामथर | बाजेको नामथर | स्थायी ठेगाना | जमानीकर्ताको नामथर | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | बिरेन्द्र कुमार देव | बालकृष्ण लाल देव | शशिकान्त देव | जनकपुर-९, धनुषा १५१, सनराइज होम, बालकुमारी, ललितपुर | धीरेन्द्र कुमार देव | |
| २ | गोकर्ण प्रसाद भट्ट | डण्डपानी भट्ट | मेघनाथ भट्ट | दुईपिपल-७, नुवाकोट | हिम प्रसाद सुवेदी, कपिन्द्र कार्की | |
| ३ | ललिता राई | खड्क बहादुर श्रेष्ठ | जनक बहादुर श्रेष्ठ | का.म.पा.-१०, बानेश्वर | काजिन्द्र श्रेष्ठ का.म.न.पा.-१०, बानेश्वर | |
| ४ | भिम बहादुर कार्की | लक्ष्मण कार्की | ललित बहादुर कार्की | माबु-२, दोलखा | रोहितराज गिरी | |
| ५ | आश्विन मान प्रधान | जगत मान प्रधान | त्रिभुवन मान प्रधान | का.म.न.पा.-३३, मैतिदेवी | राजेन्द्र कारन्जीत | |
| ६ | ऋषिराम बुढाथोकी | विष्णु बहादुर बुढाथोकी | कृष्ण बहादुर बुढाथोकी | दुधौली-९, सिन्धुली | रुद्र बहादुर बुढाथोकी | |
| ७ | गोविन्द लाल श्रेष्ठ | लक्ष्मी दास श्रेष्ठ | लक्ष्मी नारायण श्रेष्ठ | काभ्रे | हरी बहादुर राउत | |
| ८ | प्रबल मानन्धर | लाल बहादुर मानन्धर | मुकुन्द मानन्धर | बनेपा, काभ्रे | | |
| ९ | नरेश कुमार श्रेष्ठ | नर बहादुर श्रेष्ठ | मान बहादुर श्रेष्ठ | खोटाङ | नरेन्द्र बहादुर थापा | |
| १० | हरि कुमार श्रेष्ठ | बुद्दीमान श्रेष्ठ | लोक नारायण श्रेष्ठ | का.म.न.पा.-३२ | बामदेव जोशी | |
| ११ | अशोक पौडेल | गोपिकृष्ण पौडेल | बासुदेव पौडेल | सुनसरी | सुदर्शन भण्डारी | |
| १२ | सगुन पाण्डे | जित बहादुर पाण्डे | चन्द्र बहादुर पाण्डे | काठमाडौं | राजेन्द्र कुमार श्रेष्ठ | |
| १३ | प्रदिप राजभण्डारी | निल कुमार भण्डारी | बिष्णु राज भण्डारी | ऐसेलुखर्क ४, खोटाङ | गुप्तराज कोइराला चन्द्रगढी ८ झापा | |
| १४ | राज श्री प्रधान | | नारायण सिंह प्रधान | ठमेल काठमाडौं | | |

अन्नपूर्ण पोष्ट सोमबार २० असार २०७९
MONDAY, JULY 4, 2022

**मिति २०७९/०७/२२ को गोरखापत्र दैनिक, नयाँ पत्रिका देनिक र** https://baahrakhari.com/detail/367842 **र कार्यालयको** website **मा समेत प्रकाशित सार्वजनिक सूचना**

**नेपाल सरकार**

**भूमि व्यवस्था सहकारी तथा गरिवी निवारण मन्त्रालय**

## समस्याग्रस्त सहकारी व्यवस्थापन समितिको कार्यालय

**अनामनगर, काठमाण्डौ**

**सूचना प्रकाशित मिति २०७९/७/२१**

## समस्याग्रस्त सहकारी संस्थाका ऋणीहरुले ऋण चुक्ता नगरे कानून बमोजिम कालो सुचिमा राखिने व्यहोराको सूचना

नेपाल सरकार भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयबाट विभिन्न मितिमा समस्याग्रस्त घोषित देहायका सहकारी संस्थाहरुको सम्पत्ति व्यवस्थापन तथा दायित्व भुक्तानीको लागि सम्बन्धित सञ्चालक/ऋणी/व्यवस्थापक/कर्मचारीहरुलाई निजहरुले तिर्नु बुझाउनु पर्ने ऋण र दायित्वको सावाँब्याज बुझाउनका लागि पटक-पटक सम्पर्क, पत्राचार र राष्ट्रियस्तरको पत्रपत्रिकामा समेत सूचना प्रकाशन गर्दा समेत हालसम्म पनि संस्थालाई तिर्न बुझाउन पर्ने ऋण र दायित्व बाँकी भएकोले ७ छ दिनको यो सूचना प्रकाशित गरिएको छ । यस समयावधि भित्र आफूले तिर्नुपर्ने ऋणको साँवा ब्याज यस समितिको कार्यालय अनामनगर, काठमाडौंमा बुझाउनु होला, अन्यथा कानून वमो जिम कारवाहीका साथै सहकारी ऐन, २०७४ को दफा ११५ को उपदफा (१) को खण्ड (ख) र (ग) बमो जिम निजको राहदानी रोक्का राख्ने र नाम कालो सूचिमा समावेश गरिने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

क. स्ट्याण्डर्ड सेभिङ्ग एण्ड क्रेडिट को-अपरेटिभ लिमिटेड,
ख. प्यासिफिक सेभिङ्ग एण्ड इन्भेष्टमेण्ट को-अपरेटिभ लिमिटेड,
ग. प्रभु बचत तथा ऋण सहकारी संस्था लिमिटेड,
घ. कोहिनुर हिल सेभिङ्ग एण्ड क्रेडिट को-अपरेटिभ लिमिटेड,
ङ. कन्जुमर बचत तथा ऋण सहकारी संस्था लिमिटेड,
च. कुबेर बचत तथा ऋण सहकारी संस्था लिमिटेड,
छ. चार्टर्ड सेभिङ्ग एण्ड क्रेडिट को-अपरेटिभ लिमिटेड,
ज. भेगास बचत तथा ऋण सहकारी संस्था लिमिटेड,
झ. स्ट्याण्डर्ड मल्टिपर्पोज को-अपरेटिभ लिमिटेड,
ञ. सोसाइटल बचत तथा ऋण सहकारी संस्था लिमिटेड,
ट. लु:निभा बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड ।

## ग. समितिको कार्यालयमा कार्यरत कर्मचारीहरु

| क्र. स. | नाम थर | पद |
|---|---|---|
| १. | केशव प्रसाद पौडेल | उप-सचिव |
| २. | तेजनाथ पोखेल | शाखा अधिकृत |
| ३. | भगवती कार्की | लेखापाल |
| ४. | रमेश रेग्मी | नायब सुब्बा |
| ५. | प्रतिभा अधिकारी भट्ट | कम्प्युटर अपरेटर |
| ६. | महानन्द जोशी | सहायक कम्प्यूटर अपरेटर |
| ७. | मिता श्रेष्ठ | सहायक कम्प्यूटर अपरेटर |
| ८. | शसिकला खत्री | सहायक कम्प्यूटर अपरेटर |
| ९. | रामकृष्ण मानन्धर | हलुका सवारी चालक |
| १०. | रोशन पोखरेल | हलुका सवारी चालक |
| ११. | सुनिता श्रेष्ठ | कार्यालय सहयोगी |
| १२. | विष्णु प्रसाद खतिवडा | कार्यालय सहयोगी |
| १३. | दिपा कार्की | कार्यालय सहयोगी |
| १४. | सिता शर्मा | कार्यालय सहयोगी |
| १५. | दुर्गा देवी खतिवडा | कार्यालय सहयोगी |
| १६. | सुस्मा कार्की | कार्यालय सहयोगी |

### नेपाल प्रहरी तर्फ

| | | |
|---|---|---|
| १. | राजकुमार सुनार | प्रहरी सहायक निरीक्षक |
| २. | संजय रोक्का | प्रहरी सहायक निरीक्षक |
| ३. | रामचन्द्र कडेंल | प्रहरी हवल्दार |
| ४. | कृष्ण बहादुर थापा | प्रहरी सहायक हवलदार |

## घ. समितिबाट आयोजित अन्तरक्रिया कार्यक्रमका केही झलकहरु



माननीय मन्त्री शशी श्रेष्ठज्युबाट पानसमा दीप प्रज्वलन गरी कार्यक्रमको शुभारम्भ



माननीय मन्त्रीज्युबाट कार्यक्रमलाई सम्बोधन



व्यवस्थापन समितिका अध्यक्षबाट कार्यक्रमलाई सम्बोधन



सहकारी विभागका रजिष्ट्रारबाट कार्यक्रलाई सम्बोधन



कार्यक्रममा सहकारी विभागका रजिष्ट्रारबाट सचिव राम प्रसाद थपलियालाई सहकारी संघ सस्थामा सुशासन प्रवर्द्धनका लागि एकीकृत निर्देशन–२०७९ हस्तान्तरण



कार्यक्रममा सहभागीहरु